तमाशा शिवद्वारमा देखेर नारदको प्रेरणले सबै देवताहरू शिवभाठौं गएर त्यस युद्धको कारण सोधे। तब शिवजीले ती देवताहरूलाई मेरो दैलाको सामु यौटा अत्यन्त बलियो बालक हातमा लाठो लिएर उभिएको छ, कसैलाई भित्र जान उ दिइरहेको छैन। यदि ब्रह्माजीले चाहनुभयो भने यस संकटलाई हटाउन सक्नुहुनेछ। अनि हे नारद! शिवको मायाले मोहित भएर म उहाँ गएँ। मलाई आएको देखेर बालक गणेश क्रोधपूर्वक दौडदै आएर मेरा दाह्री जुँगा सब उखाड्न लागे। तब मैले हे देव! क्षमा गर्नुहोस्, म बूढो ब्राह्मण हुँ भनें। मैले त्यो भन्दा-भन्दै नै बालक गणेशले आफ्नू परिघ नामको शस्त्र हातमा उठाइहाल्नुभो। त्यो तमाशा देखेर उहाँबाट म भागें। भागेर म स्याँ-स्याँ गर्दै शिव भएको ठाउँमा पुगें र शिवलाई सारा समाचार सुनाएँ। मैले सुनाएको समाचार सुनेर लीला विशारद शङ्करजी असाध्यै झोंकिनुभो। त्यसपछि शिवको आज्ञाले शिवका सारा गण आएर एकैचोटि यौटा बालकसँग युद्ध गरे। त्यस युद्धमा कार्तिकेय आदि सारा वीर हारे। एकलै नै बालक गणेशजीले सबको छक्का छुटाइदिए। त्यस्तो उग्र तमाशा देखेर त्यसपछि रुद्र स्वयं झोंकिदै गणेशजीसँग लड्न जानुभयो। सुदर्शन चक्रधारी विष्णु पनि आफ्ना सारा सेना लिएर शिवको सहायता गर्न शिवका पछि-पछि गए।

गणेशको शिरच्छेदन

ब्रह्माजी भन्नुहुन्छ—हे नारद! त्यसपछि तिम्रो बात मानेर शिवजी स्वयं उस बालकसँग युद्ध गर्न जानुभयो। बड़ा-बड़ा वीर देवताहरूले र स्वयं विष्णुले समेत आफ्नू भएभरको शक्ति लाएर उस बालकसँग युद्ध गरे। स्वयं शिवजीले पनि आफ्नू समस्त सेना साथमा लिएर त्यस बालकसँग घेरै

समयघम्म संग्राम गर्दै रहे। शिवको मायाले विष्णु पनि मोहित भए र उनी पनि परास्त भए र खुय्य गर्दै लम्पसार परे। तब गणेशजीले मातालाई मनमा सम्झेर शङ्कर-उपर शिवशक्त चलाए। तब त शिवजी उस-उपर असाध्यै रिसाउनुभयो र भयङ्कर क्रोधपूर्वक आफ्नू अमोघ त्रिशूल उठाएर त्यस बालकको शिर काटी धड़बाट छुट्याइदिनुभो। बल्ल देवताहरू निश्चिन्त भए। हे नारद! तब तिमीले त्यो सारा वृत्तान्त पार्वतीभाठौं पुगेर उहाँलाई सुनायौ र यो पनि ढाडस दियौ कि कसै गरेर पनि तपाईंले आफ्नू शानदार मान नत्याग्नुहोला भन्यौ। यति पार्वतीलाई भनेर हे कलहप्रिय नारद! तिमी त्यहाँबाट अन्तर्धान भयौ।

गणेशको पुनर्जीवन

ब्रह्माजी भन्नुहुन्छ—हे नारद! तिमीबाट त्यो भएभरको वृत्तान्त सुनेपछि देवी पार्वतीलाई अत्यन्तै क्रोध चढ्यो र जङ्गिदै सारा देवताहरू र गणहरूले मेरो बालक पुत्रलाई मारिदिएछन्। अब म ती सबलाई सखाप पारिदिन्छु, भयङ्कर प्रलय मच्चाइदिन्छु भन्दै डुक्रिनुभो। त्यसपछि ती सबको नाशका निमित्त पार्वतीजीले स्वेच्छाले सय हजार शक्तिहरू सृष्टि गर्नुभो र उनलाई—तिमीहरू सबै ती दुष्ट देवसेनामा घुसेर प्रलय मच्चाओ! देवता, राक्षस, ऋषि र आफ्ना पराया जो मिल्छन् उनीहरू सबलाई कपाकप खाओ—भनी उग्र आदेश दिनुभयो। त्यसपछि ती शक्तिहरू सरासर सुरहरूको सेनामा समावेश भएर देवताहरूलाई ख्वाम-ख्वामती खान थाले। जता हेर्‍यो उतै चारैतिर शक्ति नै शक्ति देखिन थाले। ती शक्तिहरू देवताहरूलाई समात्तै मुखभित्र हुल्दै खपाखप खान थाले। यस्तो उग्र तमाशा देखेर तब ब्रह्मा-विष्णु-महेश आदि कुनै देवतालाई पनि अब बाँच्ने आशा रहेन। तब उनीहरू कराएर—'के, देवी अकालमा नै प्रलय गर्न लाग्नुभयो'—भन्न थाले। तब

ऋषिहरूले–हे अम्बिके ! प्रभुका स्वामी पनि हामी भएका ठाउँ उपस्थित हुनुहुन्छ, उहाँलाई हेर्नुहोस् , यसरी संहार नगर्नुहोस् , हे चण्डेश्वरी, अब यिनीहरूको अपराध क्षमा गरिबक्सियोस्–भन्दै प्रार्थना स्तुति गर्न थाले । तब चण्डिकाले देवताहरूलाई–'यदि मेरो सचेत पुत्र सबैमा पूजनीय हुन्छ भने यो संहार-लीला समाप्त परिदिनेछु–भन्नुभयो । भगवतीले त्यति भनेपछि सबै देवताहरू मिलेर शिवजीसित भन्न लागे–'ठीक छ, त्यसै गर्छु, जसले सारा संसारका जीवलोकको कल्याण हुन्छ ।' तब शिवजीले उनीहरूलाई–'अच्छा त, अब तिमीहरू उत्तर दिशातिर जाओ, जो जन्तु पहिले भेटिन्छ उसको शिर काटेर ल्याओ र गणेशको धड़मा जोरिदेओ ।त गणेश जीवित भैजानेछ'–भन्नुभयो ।

शिवको यस्तो आज्ञा सुनेर सबै देवता उत्तर दिशामा गए र सबभन्दा पहिले उनीहरूले एकदाह्रे हात्ती भेटे । अनि उसको शिर काटेर रगतको धारा चुहाउँदै ल्याई त्यसलाई गणेशजीको गर्धनमा गर्धन टप्प मिलाई जोडिदिए । तब त गणेशजी पुनर्जीवित भइजानुभो । त्यो गजमुखे (हात्तीमुखे), रातो रङ्गे, सुन्दर, तेजस्वी बालकको प्रसन्न वदन एवं सुन्दर आकृतिको शोभा अत्यन्तै देदीप्यमान थियो । त्यस्ता प्रकारले पार्वतीको पुत्र बाँचेको देखेर साराको दुःख दूर भयो । त्यसपछि सबैले मिलेर पार्वतीलाई त्यो बालक देखाए त पार्वतीजी अत्यन्तै प्रसन्न हुनुभो ।

गणेश-गौरव

गणेशजी जीवित भएपछि देवी पार्वतजी अत्यन्तै प्रसन्न हुनुभयो । तब गणेशलाई बाहुपाशमा कसेर अङ्कमाल गर्नुभयो । अनि अनेक प्रकारका वस्त्र आभूषण गणेशजीलाई लगाइदिनुभयो । त्यसपछि सबैले गणेशजीको पूजा गरे । तब देवी पार्वतीले गणेशको मुखमा म्वाइँ खाएर उनलाई यस्तो

वरदान दिइन्–हे पुत्र ! तेरो निधारमा सिन्दूरको दागी छ, त्यसकारण तँलाई सबैले सिन्दूरले पूजा गर्नेछन्, तँलाई सबै सिद्धिहरू स्वतः प्राप्त हुनेछन्। जसले तिम्रो पूजा सिन्दूर लगाइदिएर गर्छ त्यसका सब प्रकारका विघ्नबाधा हट्छन्। त्यसपछि शिवजीले गणेशको शिरमा हात राख्नुभो र भन्नुभो कि–यो मेरो दोस्रो छोरो हो। अनि गणेशजीले उठेर शिवजीलाई प्रणाम गरे। अनि सबै देवताहरूलाई हात जोर्दै आफ्नू अपराध बारेमा क्षमा माँगे। तीनै देवले सबैको पूज्य हुने र गणनायक हुने वरदान दिए। सबै देवी देवताहरूले भने कि मनुष्यहरू सर्वप्रथम गणेशको पूजा गर्नेछन्, अनिपछि मात्रै हाम्रो। त्यसपछि सर्वप्रथम शिवजीले माङ्गलिक वस्तुहरूले गणेशजीको पूजा गर्नुभो, अनि क्रमशः विष्णुले, ब्रह्माले तथा पार्वती देवीले तब अरूहरूले पूजा गरे। सबैले एकस्वरले उनलाई सर्वाध्यक्ष भने। देवताहरू दुन्दुभि बजाउन लागे तथा अप्सराहरू नाच्न थाले। बड़ा भारी उत्सव भयो। त्यसपछि सबै देवता आज्ञा लिएर आफ्नू-आफ्नू ठाउँमा गए। गणेशसहित शिव-पार्ववती आनन्दपूर्वक कैलाशमा विराजमान हुनुभयो। जो जो मनुष्य यस मङ्गलदायी कथालाई सदा श्रद्धासित सुन्नेछन्, गणेशजीका कृपाले तिनको सधैं मङ्गल हुनेछ र सकल मनोरथ पूरा हुनेछन्।

गणेश-विवाह

ब्रह्माजी भन्नुहुन्छ–हे मुनिश्रेष्ठ ! माता-पिताको लालन-पालनमा बिस्तार-बिस्तार गणेशजी ठूला भए। अनि उनी कुमारका साथमै खेल-कूद गर्न लागे। यस्तैमा एक दिन एकान्तमा शिव पार्वती विचार गर्न लागे कि अब यी दुवैको बिहे गरिदिनुपर्छ। तब माता-पिताको इच्छालाई जानेर दुवैले एकैचोटि भने कि हे बाबा आमा ! पहिले म बिहे गर्छु–पहिले विवाह म गर्छु। यसबारे दुवैजना परस्परमा विवाद बढाउन लागे। यस्तो विवाद

देखेर शिव पार्वती विचार्न लागे कि कसरी यिनीहरूको विवाद विथित्या-उने। तब शिव पार्वतीले यौटा उपाय सोचे र भने–'हे पुत्रहो ! तिमीहरू दुवै नै बराबरीका प्यारा छौ। तसर्थ तिमीहरू मध्ये जो पृथ्वीको परिक्रमा गरेर पहिले आइपुग्छ, उसैको विवाह पहिले गरिदिन्छौं।' यस्तो सुन्ने-बित्तिकै कार्तिकेयजीले त पृथ्वीको परिक्रमा गर्न कुलेलम ठोकिहाले। परन्तु गणेशजी बुद्धिपूर्वक विचार्न लाग्नुभयो कि–अब म के गरूँ ? कहाँ जाऊँ ? मबाट त एक कोश पनि चलिंदैन। यस्तो सोच विचार गरेर बिलखबन्दमा परेका गणेशजीले आफ्ना माता-पितालाई भने–'तपाईं दुवै सिंहासनमा आसीन भइबक्सियोस्, तपाईं दुवैको पूजा म गर्छु।' तब पार्वतीजी अनि शिवजी दुवै दम्पती पुत्र गणेशजीको पूजा ग्रहण गर्नका लागि सिंहासनमा शोभायमान भए। तब गणेशजीले दुवैको पूजा गर्नुभो र परिक्रमा गर्नुभो। त्यसपछि स्तुति गर्दै माता-पितालाई भन्नुभयो कि–अब तपाईंहरू मेरो विवाह पहिले गरिदिनुहोस्। तब शिवजीले गणेशलाई-सोध्नुभो–के तिमीले पृथ्वीको परिक्रमा गरेर आयौ ? कुमार गएका छन्। जाऊ, तिमी पनि चाँडै परिक्रमा गरेर आऊ ! तब गणेशजीले चारै हात जोडेर बिन्ती बिसा-उनुभयो–हे माता ! हे पिता ! जब कि मैले तपाईं दुवैको सातपल्ट परिक्रमा गरिसकें भने तब कसरी तपाईं मलाई तँ पनि पृथ्वीको परिक्रमा गरेर आइज भन्नुहुन्छ ? के मेरो कामले पृथ्वीको परिक्रमा भएन र ? के यी वेदशास्त्र सारा असत्य हुन्छन् ? यसकारण, तपाईंहरूले चाँडै नै मेरो विवाह पहिले गरिदिनुपर्छ।

कान्छो छोराको यस्तो बुद्धिमानीको बात सुनेर गणेशजीका आमा-बाबु दुवै चुप भए। निकै बेरपछि जगत्का माता-पिता पार्वती र शङ्करजी दुवैले गणेशजीलाई भने–'हे पुत्र ! तिम्रो भनाइ भलो हो। तिम्रो कुरो हामीले मानिलियौं।' यस्ता प्रकारले गणेशजीलाई आश्वासन दिएर शिव-पार्वतीले गणेशजीको नै विवाह पहिले गरिदिने निश्चय गरे।

त्यसपछि प्रजापतिले आफ्ना छोरी सिद्धि र बुद्धिको विवाहको लागि शिवजी भाठों आएर कुराकानी चलाए। शिवजीले प्रजापतिको प्रस्ताव स्वीकार गरेर गणेशजीको विवाह गर्ने निश्चय गर्नुभयो। शिवजीकै विवाहमा आएझैं सबै देवताहरू पनि गणेशजीको विवाहमा आए। विश्वकर्माले गणेशजीको विवाह गरिदिए। तब गणेशजी अत्यन्त प्रसन्न भएर फुर्फुरिए।

धेरै वर्ष बितेपछि गणेशजीले दुवै स्त्रीबाट दुइटा सुन्दर-सुन्दर पुत्र पैदा गरे। सिद्धिबाट क्षेम र बुद्धिबाट लाभ नाम गरेका छोरा भए। त्यसपछि मात्र कार्तिकेयजी पृथ्वीको परिक्रमा गरिसकेर आउँदै थिए त नारदजीले बाटैमा उनलाई भेटेर त्यो सारा समाचार सुनाइदिए। तब कुमारका क्रोधको सीमा रहेन। उनी सरासर आएर मात-पितालाई दण्डवत् प्रणाम गरेर आमा-बाबुले मनाही गर्दा पनि टेर्दै नटेरी क्रौञ्च पर्वतमा गएर तपस्या गर्न लागे। कुमारको त्यस प्रकारको विरहले पार्वजीलाई मनमा भारी दुःख भयो।

॥ इति श्रीशिव महापुराणको रुद्र संहितामा कुमार खण्ड नामको पञ्चम खण्ड समाप्त ॥

॥ ॐ नमः शिवाय ॥

रुद्र संहिता—युद्ध खण्ड

(षष्ठ खण्ड)

त्रिपुरासुरको वर्णन

तारकासुरको वध भएपछि उसका तीनोटै छोरा भारतको उत्तराखण्ड-मा गएर तपस्या गर्न थाले। तिनमा पहिलो विद्युन्माली, दोस्रो तारकाक्षु तथा तेस्रो कमलाक्ष थियो। यी तीनै जना बड़ा बलिया, जितेन्द्रिय तथा देवद्रोही थिए। तीनोटैले ब्रह्माजीलाई प्रसन्न पार्न सुमेरुमा गएर तपस्या गरे। तिनीहरूले हजारौं वर्ष घोर तपस्या गरेपछि ब्रह्माजी उनका सामु प्रकट भए त उनीहरूले ब्रह्मालाई साष्टाङ्ग दण्डवत् प्रणाम गरे र भने—हे देवेश! यदि तपाईं हामीहरूमा प्रसन्न हुनुहुन्छ भने हामीलाई सबै प्राणिबाट अवध्य गराइदिनुहोस्। हामी अजर-अमर रहेर अनि निर्विघ्न भएर चाहौं त त्रिलोकै-लाई वध गर्न सकौं। यस्तो वर हामीहरूलाई दिनुहोस्। उनीहरूले यस्तो वर मागेको सुनेर ब्रह्माजीले तिनलाई शङ्करजीलाई सम्झन र उनको भक्त बन्न लगाए र भने—तिमीहरू अमरतालाई छाडेर अरू नै वरदान माँग किनकि कुनै पनि प्राणी अमर त हुनै सक्तैन। ब्रह्माजीको त्यस्तो आदेश सुनेपछि ती दैत्यहरूले भने—प्रभो! हामीसित यस्तो कुनै दुर्ग (किल्ला) छैन जसमा शत्रुहरू पस्न नसकून्। तसर्थ तपाईं त्यस्ता तीन पुरको निर्माण गराइदि-बक्सियोस्। ती दुर्गमा धन सम्पत्तिका सबै-सबै सुखदायक साधन भरिपुर रहून् र ती दुर्गलाई देव दानव कसैले पनि तोड्न नसकून् र त्यो अजेय

रहोस् । यति भनेर तारकाक्षले सुनको, कमलाक्षले चाँदीको तथा विद्युन्माली-ले फलामको दुर्गपुर निर्माण गरिदिन प्रार्थना गरे । तब ब्रह्माजीले भन्नुभो–'त्यस्तै होस् ।' फेरि भन्नुभो–तिमीहरू शिवजीका अतिरिक्त अरूबाट मार्न सकिनेछैनौ । अनि ब्रह्माजीले उनीहरूका लागि उनलाई त्यस्ता तीनै पुर निर्माण गर्ने आदेश दिए । तीनोटै पुर उनको माँगअनुसार निर्माण भए–यौटा स्वर्गमा, यौटा आकाशमा र यौटा पृथ्वीमा ती पुर रहे । अनि तारका-सुरका ती तीनै पुत्र आफ्नू-आफ्नू पुरमा रहेर आनन्द भोग गर्न लागे । ब्रह्माजीको वरदानले तिनीहरू महान् ऐश्वर्य भोग गर्न थाले तथा आफ्नापनू देशमा एकच्छत्र राज्य गर्न थाले । तब तिनीहरूले तीनै लोकलाई आफ्नू काबूमा पारिलिए ।

त्यसपछि त्रिपुरका तेजले दुःखित भएर देवताहरू ब्रह्माजीभाठौं गए र आफ्ना कष्ट सुनाए । तब ब्रह्माजीले तिनीहरूलाई शङ्करजीभाठौं जाने आज्ञा दिनुभयो । त्यसपछि दुःखी देवताहरू शङ्करजीभाठौं पुगे र नमस्कार गरेर स्तुति गरे । हे हिरण्यगर्भ ! हे सर्वव्यापक ! तपाईंलाई निर-न्तर नमस्कार छ । हे प्राणीहरूका संहारकर्ता, हे अमित तेजवाला ! तपाईं-लाई नमस्कार छ । यस्ता प्रकारले जब इन्द्र आदि सकल देवताहरूले स्तुति गरे त शङ्करजीले कारण सोद्धा देवताहरूले बिन्ती गरे–हे महादेवजी ! त्यस तारकासुरका तीनोटै छोराले हामी सबै देवताहरूलाई पराजित पारेका छन् । तिनले तीनै लोकलाई आफ्ना वशमा पारेर हामीलाई बाहिरपाटो गरिदिए । हे प्रभो ! जबसम्म त्रिपुरको नाश हुँदैन, तबसम्म हाम्रा लागि कुनै नीति निर्धारित गरिदिनुहोस् । देवताहरूको यस्तो विनीत विनय सुनेर शङ्करजीले उनीहरूलाई भन्नुभयो–हे देवताहो ! ती तीनै असुर मेरा परम भक्त छन् तथा धर्मपालनमा सदा तत्पर र दत्त-चित्त परम धर्मात्मा छन् । यसकारण म उनीहरूलाई मार्न सक्तिनँ । तिमीहरू आफ्नू काम फत्ते पार्नका लागि विष्णु भगवान्भाठौं जाओ । विष्णुले जे भन्नुहुन्छ त्यसै गरे ।

त्यसपछि देवताहरू ब्रह्माजीलाई साथमा लिएर विष्णुभाठौं गए । उहाँ पुगेर विष्णुलाई सारा वृत्तान्त सुनाए । विष्णुजीले उनीहरूको सबै कुरो सुन्नुभो र र भन्नुभो–तिमीहरू अब यज्ञको अनुष्ठान गर । तब देवताहरूले आज्ञा अनुसार यज्ञ गरे । अनि उस यज्ञबाट महान् शरीर भएका, शूल आदि अनेक शस्त्र धारण गरेका हजारों भूतहरू निस्किए । ती कालाग्निका समान रुद्ररूप भूतहरूलाई विष्णुले भन्नुभो–जाओ, त्रिपुरलाई नाश गराओ ! विष्णुको आज्ञा पाएर ती भूतहरू उहाँ गए । परन्तु पुरप्रवेश गर्ने–बित्तिकै ती सबै भूतहरू त्यहाँका असुरहरूका प्रभावले भस्मीभूत भए । बाँचेका भूत-हरूले विष्णुसित निवेदन गरे । तब विष्णुले भन्नुभयो कि यी असुरहरूद्वारा सदा शिवपूजन तथा धर्मकर्म गरिन्छ, तसर्थ यी अवध्य छन् । त्यसकारण हामीले पहिले तिनलाई धर्मविमुख पारेर अधर्मी बनाउनुपर्छ, धर्मकर्म र शिवपूजनादिबाट तिनीहरूलाई विमुख पार्नुपर्छ, अनि मात्र हाम्रो कार्य सिद्ध हुनेछ । यति भनेर विष्णुले देवताहरूलाई बिदा दिनुभो र स्वयं उनीहरू-को हितचिन्तनमा लाग्नुभयो ।

नास्तिक शास्त्रको प्रादुर्भाव

त्यसपछि भगवान् विष्णुले यौटा नास्तिक पुरुषलाई उत्पन्न गर्नुभयो । जसका वस्त्र मैला थिए र शिर मुडुलो थियो । त्यसको नाम प्रभुले नास्तिक राख्नुभयो । उसको यौटा हातमा काष्ठपात्र थियो र अर्को हातमा कुचो (खरेटो) थियो । त्यसपछि त्यो पुरुष हातमा चादर लिएर, मुखमा लुगा लपेटेर विष्णु भगवान्को सामु खड़ा भयो । तब विष्णुले उसलाई भन्नुभयो कि 'तँ मेरो अङ्गबाट पैदा भएको होस्, त्यसकारण तँ मेरो कार्य सम्पन्न गर्न योग्य छस् । तेरो मुख्य नाम 'अर्हन्' हुनेछ । तँ ठूलो मायावी हुनेछस् । अतः तँ सोह्र हजार श्लोक भएको यस्तो शास्त्र निर्माण गर् जसमा वर्णधर्म

र आश्रम धर्म नहोस्, जो छ त्यसलाई खल्याङ–वल्याङ पारेर विध्वंश पारि-देओस् । त्यसमा अपभ्रंश शब्द पनि प्रशस्त परेका होऊन् । तथा स्वतन्त्र कर्म र छाडा विचार आदिको पनि आकर्षक वर्णन होस् ।

त्यसलाई त्यस्तो अह्राएर विष्णु भगवान् अन्तर्धान भयो । तब त्यस मुण्डी-ले भगवान्को आज्ञाअनुसार आफ्ना अनेक शिष्य पनि बनायो । अनि तिनीहरूलाई त्यही मायामय शास्त्र पढ़ायो । अब उसका चारोटा दिग्गज शिष्य तयार भए । ती चारैवटाले पाखण्ड धर्म अपनाए । पाखण्ड धर्म भने-को सबै धर्म मिसिएको योटै धर्म जसमा योनि र लिङ्गमा बन्धेज रहन्न । त्यसपछि ती चारै शिष्य हातमा भाँडो लिएर, नाकमा लुगा लपेटेर यताउता घुम्न लागे । हातमा थाक्नो जस्तो सानो कुचो (छर्कन) लिएर जीव-हिंसाको भयले बिस्तार-बिस्तार हेरी हेरी पयर राख्न (टेक्न) थाले ।

त्यसपछि तिनीहरूले त्रिपुर नगरमा पस्न प्रस्थान गरे । उहाँ पुगेर उनीहरूले आफ्नू माया फैलाइदिए र अल्लड केटाहरूलाई मोहित पारे । शिवजीको प्रभावको कारण उहाँ उनको मायाजाल सजिलै फैलन सकेन । तब नारदजी तिनका साथ त्रिपुर नगरमा गए र त्रिपुर–पतिहरूसँग भेट गरे । तब तिनको मायाले मोहित भएर त्रिपुराधीश ती मायावी मुनि-हरूबाट दीक्षित भए । अनि अरू सबै त्रिपुरवासी पनि ती मुण्डीबाट दीक्षित भए । यस्ता प्रकारले सारा त्रिपुर तीद्वारा एकैछिनमा मायामय भैगयो ।

त्रिपुर वधको प्रार्थना र शिव रथको रचना

जब त्रिपुरासुरले शिवार्चन त्यागिदिए अनि सारा धर्म नष्ट भयो त त्यहाँका सारा निवासी दुराचारी भए । तब भगवान् विष्णुले कैलाशमा पुगेर

महेश्वरलाई वन्दना गरे । अनि इन्द्र, ब्रह्मा आदि देवता पनि शिवको प्रार्थना गर्न लागे । सबको प्रार्थना सुनेर भगवान् शिव नन्दीमा चढेर उहाँ प्रकट हुनुभयो र देवताहरूलाई भन्नुभयो—मैले दैत्यहरूको अधर्म जानिसकेको छु । यसकारण अब म तिनीहरूलाई मारिदिन्छु । परन्तु ती असुर अझै पनि मनले मेरा दृढभक्त छन् । परन्तु उत्तम धर्मलाई मने त्यागिदिएका छन् । त्यसकारण तिनीहरूलाई म अवश्य नै मारिदिनेछु । बाँकीको वध विष्णु भगवान् गर्नुहुनेछ ।

यस्तो सुनेर विष्णु भगवान् क्यै उदास हुनुभयो । त्यति नै बेला ब्रह्माजीले हात जोडेर शङ्करजीसित प्रार्थना गर्नुभयो—प्रभो ! तपाईं समर्थ होइवक्सन्छ । तपाईंलाई कुनै प्रकारको पाप पनि लाग्दैन । तसर्थ तपाईं नै सबै असुहरूलाई नाश गरिदिवक्सियोस् । तपाईंको म प्रजापति हुँ, पुरोहित (पुरेत) हुँ । विष्णु भगवान् युवराज हुनुहुन्छ । इन्द्र आज्ञापालक सेवक हुन् । सबै देवताहरू तपाईंका वशवर्ती हुन् । तपाईं हाम्रो र विश्वकै सम्राट् होइवक्सन्छ । यस्तो सुनेर शङ्करजीले भन्नुभयो—हे देवता हो ! तिमीहरूले मलाई सम्राट् भन्यौ । परन्तु मसित त्यस्तो कुनै सामान छैन । न रथ छ, न घोडा, न धनुष, न बाण । यस कारण म कसरी सङ्ग्राम गर्न सक्छु । शिवबाट यस्तो सुनेर सबै ब्रह्मादि देवताहरू प्रसन्न भए र भने—यदि तपाईं युद्धका लागि तयार हुनुहुन्छ भने हामी सबै तपाईंका रथादि रूप बन्ने छौं । यति विनति बिसाएर ती सबै हात जोडेर शिवजीका सामने उभिइरहे ।

तब शिवजीले भन्नुभयो—मेरा लागि दिव्य रथ, दिव्य सारथि, अनि त्यस्तै धनु बाण ल्याओ । भगवान् शङ्करबाट त्यस्तो सुनेपछि सबै देवता प्रसन्न भए र विश्वकर्माभाठौं पुगे । विश्वकर्माले पनि विष्णुजीको आज्ञा पाएर शिवका लागि सुन्दर दिव्य रथ निर्माण गरे र तयार पारे ।

त्यो रथ सर्वभूतमय सुवर्णको थियो । उसको दाहिने पहियाँमा सूर्य तथा बायाँमा चन्द्रमा लागेका थिए । बाह्रओटा तारा त उसको दाहिने पहियाँमा लागेका थिए र सोह्र कला उसका बायाँ पहियाँमा जड़ेका थिए । त्यस रथमा बाह्र सूर्य र चन्द्रमाका बाह्र कलाहरू उसका दायाँतिर लागेका थिए । ब्रह्माण्डका सारा वस्तुहरू उस रथमा लागेका थिए । ब्रह्मा विष्णुको आज्ञाले त्यो रथ विश्वकर्माले आफ्नू सारा कौशल पुऱ्याएर बड़ो अद्भुतको बनाएको थियो ।

जब त्यस्ता प्रकारले त्यो दिव्य रथ तयार भयो तब ब्रह्माजीले त्यसमा वेदरूपी घोडा जोडे । अनि त्यसमाथि सदाशिवजीलाई विराजमान गराए । त्यसपछि शिवजी त्यस रथमा बसेर त्रिपुरका सम्मुख पुग्नुभयो । त्यसरी त्यस दिव्य रथमा बसेका शिवजीले देवताहरूलाई भरोसा दिनुभयो—हे देवताहरूहो ! तिमीहरू चिन्ता नगर । जो दिव्यपाशुपात व्रत गर्छ उसको मुक्ति अवश्य हुनेछ । तब सबै देवताहरू अति प्रसन्न भए, ती सबै शिवको जयजयकार गर्न लागे । जब शङ्करजी पार्वतीलाई साथमा लिएर त्रिपुर वधका लागि चले त सबै देवता पनि हात्ती, घोडा, रथ, सिंह, साँढे आदि वाहनमा बसेर शिवका पछि-पछि चले । त्यतिखेर सिद्ध र चारणहरू आकाशबाट फूलको वर्षा गरिरहेका थिए । यत्तिकैमा शिवका असंख्यगण तीनै पुरहरूमा पुगेर ती पुरभित्र प्रवेश गर्न थाले ।

तारकासुरको वध

ब्रह्माजी भन्नुहुन्छ—जब शङ्कर भगवान् त्यस रथमा आरूढ (चढेको) हुनुभयो त उहाँको त्यो रथ नै चलेन । शङ्करजी धेरै समयसम्म त्यत्तिकै उभिएको उभियै रहनुभयो । तब आकाशवाणीद्वारा ज्ञात भयो कि तपाईंले प्रस्थान समयमा गणेशजीको पूजा गर्नुभएको छैन । तस्मर्थ गणेश यौटा गोडाको

बूढ़ीऔंला मात्रले टैकेर उभिई यस कार्यमा विघ्न बढाइरहनुभएको छ। त्यसपछि शङ्करजीले गणेशजीको विधिविधान सहित पूजा गर्नुभयो त गणेशजी प्रसन्न हुनुभयो र विघ्नमार्गबाट हटिदिनुभयो। तब शङ्करजीले धनुमा पाशुपत बाण चढाएर त्रिपुरमा डढेलो लाउने इच्छा गर्नुभयो। त्यतिखेर राक्षसहरूले निरादरपूर्वक शिवतिर हेरे त त्यसै बखत सबै देवताहरूले––हे प्रभो! यसलाई मारिवक्स्नोस् भने। त्यसै बेला सयकडौं सूर्य-समान जाज्ज्वल्य प्रकाशवान् आगा जस्ता बाणले त्रिपुरवासीहरूलाई डढाइदियो। सयकडौं हजारौंको संख्यामा त्यहाँ रहने दैत्य डढे। शिवको पूजा त्यागेर नास्तिक बनेका दैत्यहरूमा हाहाकार मच्चियो।

जब तारकासुर भस्म हुन लाग्यो त भक्तिपूर्वक शिवतिर ताक्न लाग्यो र विनयपूर्वक बोल्यो कि हे शिव! तपाईं नै मलाई भस्म गर्नुहुन्छ भन्ने यो कुरो त मलाई पहिल्यैदेखि थाहा थियो! यस किसिमको मेरो मृत्यु त ठूला मुनिहरूको भन्दा पनि महान् छ। अब अन्तमा मेरो यो प्रार्थना छ कि जन्मजन्मान्तर पनि मेरो बुद्धि तपाईंमा नै लीन रहोस्, चाटुकार नास्तिक वाणीले नधमिलियोस्, कुनै मायाशक्तिले पनि धमिल्याउन नसकोस्। त्यस डढेलामा मय नामको दैत्यलाई छाडेर त्यहाँका सबै स्थावर जङ्गम भष्मीभूत भए। त्यसपछि ती तीनै दानवहरू शिवका कृपाले शिवजीका परम भक्त गण भए।

तब आफूप्रति शिवजीलाई प्रसन्न देखेर शिवका कृपाले बचेको त्यो मय नामको दानव पनि उहाँ आयो र शिवजीलाई प्रसन्न भएको देखेर सारा देवताहरूलाई प्रणाम गऱ्यो तथा शिवजीलाई हात जोडेर भन्यो––हे भव! म तपाईंको शरणमा आएको छु, तपाईं मेरो रक्षा गर्नुहोस्। तब उसप्रति अति प्रसन्न भएर शिवजीले भन्नुभयो–तँ वर माँग्। तब उसले शिवजीसित भक्ति माग्यो। तब शिवजीले 'तथाऽस्तु' भनेर उसलाई दृढभक्ति दिनुभयो। तब शङ्करजीको आज्ञाले वितल लोकमा त्यो निवास गर्न लाग्यो। त्यसपछि

ती मुण्डी पनि त्यहाँ आए र शङ्करजीको स्तुति गर्न लागे। शिवभक्ति नष्ट पारेको आफ्नो दुष्कर्ममा पश्चात्ताप गर्न लागे, पिरोलिन लागे। त्यसपछि विष्णु भगवान्‌ले–'तिमीहरू चिन्ता नगर, यो सारा वृत्तान्त मैले शिवजी-लाई बताइसकेको छु र यो सब शिवकै आज्ञाले भएको हो' भनी तिनीहरू-लाई सम्झाउनुभयो। तिमीहरूको कुगति हुने छैन। परन्तु कलियुगमा जो मनुष्य तिम्रो यो मत मान्दछन् तिनको मात्र मरणोपरान्त दुर्गति हुनेछ, यसमा कुनै सन्देह छैन। अब तिमीहरू पृथ्वीको मरुभूमिमा गएर निवास गर। त्यसपछि शिवलाई प्रणाम गरेर ती मुण्डीहरू मरुभूमितिर हिडे। त्यस-पछि सबै देवताहरूले प्रेमपूर्वक शङ्कर, पार्वती तथा शिवगणहरूको पूजा गरे र आफ्नाफ्नू लोकतिर लागे।

इन्द्रलाई जीवन दान

एकासमयमा देवगुरु बृहस्पति तथा देवराज इन्द्र कैलाशमा शङ्करजीको दर्शनार्थ गए। शङ्करजी तिनीहरूको परीक्षा गर्न जटाधारी दिगम्बरको रूप धरेर तिनलाई बाटै छेक्ने गरी बीच बाटामा खडा भए। इन्द्रले त्यो मुष्टण्ड जगल्टैलाई चिन्न सकेनन् र उनको परिचय पुच्छ्न लागे—हे जगल्टै! यतिखेर शङ्कर भगवान् आफ्नै निवासस्थान कैलाशमै हुनुहुन्छ कि कहीं अन्तै जानुभएको छ? यस प्रश्नको उत्तरमा उस जगल्टेले क्यै पनि भनेन। इन्द्रले फेरि आफ्नू ऐश्वर्यको घमण्डले घमण्डिएर–अरे! म इन्द्र हुँ, म तँलाई सोधिरहेको छु, तँ किन मेरा प्रश्नको उत्तर दिदैनस्? तँलाई म अहिल्यै यस वज्रले मारिदिनेछु, अनि हेर्छु कि तेरो दुर्गतिको को रक्षा गर्दो रहेछ–भने। यति भनेर जसै उनले उसलाई मार्नका लागि वज्र हातमा उठाए त्यसै वेला शिवजीले पनि त्यो उठाएर उजाएको वज्रसहितै उसको हात स्तम्भित गरिदिनुभयो यानी हल न चल पारिदिनुभयो। इन्द्रले जब जगल्टे-

लाई त्यस्तो बाधक भएको व्यक्ति देखे त उनलाई—यो दिगम्बरले त आफ्नू आध्यात्मिक तेजले मलाई नै पो जलाइदिन्छ कि जस्तो—लाग्यो । आफ्ना हात त्यसरी स्तम्भित भएको देखेर इन्द्रको दुःखको सीमा रहेन ।

परन्तु उनलाई त्यस्तो दिव्यशक्ति सम्पन्न देखेर बृहस्पतिजीले यिनी भगवान् शङ्कर नै हुन् भनेर चिनिलिए । अतः उनले उनलाई दण्डवत् प्रणाम गरेर उनको स्तुति गर्न लागे । अनि इन्द्रलाई पनि शङ्करजीको चरणमा गिराएर छोड्न लगाए अनि आफू—हे दीनानाथ ! हे महादेवजी ! अब आफ्नू क्रोध शान्त गर्नुहोस् र इन्द्रको त्यस अपराधलाई क्षमा गरिदिनोस् भन्दै प्रार्थना गर्न लागे । तब शङ्करजी गम्भीर वाणीमा बोल्नुभयो कि हे बृहस्पति ! म आफ्नू यस क्रोधलाई कहाँ स्थापित गरूँ ? तब बृहस्पतिले भन्नुभयो—प्रभो ! भक्तहरूमा सधैं दया नै गर्नुपर्छ । तब भगवान् शङ्करले बृहस्पतिलाई भन्नुभयो कि—तिमीले इन्द्रलाई जीवनदान दियौ । यसउसले अब म तिमीलाई 'जीव' नामले विख्यात बनाउँछु । मेरा नेत्रको क्रोधाग्निले अब इन्द्रलाई पीडित पार्ने छैन ।

त्यसपछि शङ्कर भगवान्ले आफ्नू क्रोधलाई क्षीरसागरमा सेलाइदिनुभयो । अनि लीलाधारी भगवान् शङ्कर अन्तर्धान हुनुभयो त बृहस्पति तथा इन्द्र पनि आफ्नाआफ्नू स्थानमा गए ।

जालन्धरको उत्पत्ति

जब शिवजीले आफ्नू त्यो क्रोध समुद्रमा हालिदिनुभयो त त्यस क्रोधबाट त्यहाँ एउटा बालक उत्पन्न भयो र त्यो गङ्गासागरको संगममा बसेर जोड-जोडले रुन थाल्यो । त्यस्तो कोकोहोलो रुन थाल्यो कि उसको रुदनले सारा संसारै व्याकुल भयो । समस्त लोकपाल र सारा चराचर जगत् नै चलायमान हुन थाल्यो । शङ्करजीका त्यस पुत्रको त्यस्तो रुदन सुनेर व्याकुल

भएका सबै देवता ब्रह्माजीभाटौं गए र भने—हे पितामह ! बड़ो भयङ्कर समय आइपरेको छ, अब हजूरले यसलाई चाँडै नै नाश गरिदिनुपर्‍यो । देवताहरूबाट यो खबर पाएर ब्रह्माजी तुरुन्त त्यस समुद्रतटमा पुग्नुभो त ब्रह्माजीलाई देखेर समुद्रले प्रणाम गरे र त्यस बालकलाई ब्रह्माजीको गोद (काख) मा राखिदिए । तब ब्रह्माजीले सोध्नुभो—हे सागर ! यो बालक कसको हो ? मलाई बताऊ । अनि सागरले भने—प्रभो ! यो बालक कसको हो, यो त मलाई पनि थाहा छैन, किन्तु यो बालक गङ्गा र सागरको सङ्गममा पैदा भएको हो । अब तपाईं नै यसको जातकर्मादि सारा संस्कार गरिबक्सियोस् ।

यता सागर यस्तो सुनाउँदै थिए, उता त्यो बालक ब्रह्माजीको घाँटीमा झुण्डिएर ब्रह्माजीलाई आकर्षित गरिरहेको थियो । त्यसले ब्रह्माजीको घाँटी यति बेसरी समायो कि ब्रह्माजीका आँखाबाट आँसु टपटपाउन थाले । कुनै प्रकारले बड़ो मुश्किलले ब्रह्माजीले उसको हात आफ्नू गर्धनबाट छुटाए र सागरलाई भने—हे सागर ! तिम्रा छोराको जातककर्म कहन्छु, सुन—मेरा दुवै नेत्रबाट यो जल निक्लिएको हुनाले यसको नाम 'जालन्धर' हुनेछ । यो पैदा हुनेबित्तिकै तरुनो भएको छ, त्यसकारण यो सबै शास्त्रमा पारपुगेको महापराक्रमी हुनेछ । युद्धमा कार्तिकेय समान यो धीर र सर्वविजयी हुनेछ । यो बालक दैत्यहरूको स्वामी हुनेछ । पराक्रममा यसले विष्णुलाई पनि जित्नेछ । शङ्करजी बाहेक सबैबाट यो अवध्य हुनेछ । यसकी स्त्री बड़ी पतिव्रता, अति सुन्दरी एवं सौभाग्यशाली हुनेछ । यति भनेर ब्रह्माजी गएपछि सागरले शुक्राचार्यलाई बोलाएर उसको राज्याभिषेक गराए र उसलाई सारा दैत्यहरूको राजा बनाए । कालनेमीकी सुन्दरी छोरीसित उसको विवाह गरिदिए । त्यस विवाहमा ठूलो उत्सव मनाइयो । त्यसका बाद स्त्रीका साथ आनन्दपूर्वक त्यो जालन्धर असुरहरूको राजा भएर राज्य गर्न थाल्यो ।

द्यौता र जालन्धरको युद्ध

एकासमयमा समुद्रको पुत्र जालन्धर असुरहरूबाट सम्मानित हुँदै आफ्नी स्त्री वृन्दासहित भएर सभामा बसेको थियो त त्यसै बेला भृगुजी उहाँ पुगे । तब जालन्धरले प्रणाम गरेर उनलाई सोधे—हे गुरुजी ! यो राहुको शिर कसले काटेको हो ? उसको यस्तो प्रश्न सुनेर भृगुजीले भन्नुभयो—अघि समुद्र मन्थन गरेर देवता-र दैत्यहरूले जो अमृत निकालेका थिए त्यो अमृतलाई देवताहरूको पंक्तिमा छिपेर यस राहुले पनि पिइलियो । पिइसकेपछि देवराज इन्द्रका पक्षपाती विष्णुले थाहा पाएर यसको शिर काटिदिए । यस्तो सुनेर जालन्धरका आँखा राता-राता भए । त्यसपछि जालन्धरले आफ्नो विश्वासी दूत घस्मरलाई बोलायो र उसलाई सन्देश दिएर इन्द्रका सभामा जान पठायो । त्यो चतुर दूत घस्मरले इन्द्रको सभामा पुगेर जालन्धरके शब्दमा त्यो सन्देश यसरी सुनाउन लाग्यो—'हे अधम ! तैंले समुद्रलाई किन मथिस् ? अनि मेरा पिताका सारा रत्न किन लगिस् ? अब यदि तँ आफ्नू भलाइ चाहन्छस् भने ती सबै रत्नसहित देवताहरूका साथ मेरो शरणमा मुन्टी । अन्यथा अरे सुराधम ! तेराउपर ठूलो आपत आउनेछ र म साँचो-साँचो भन्दछु कि तेरो सारा राज्य विध्वंश हुनेछ । यस्तो सुनेर इन्द्र आश्चर्यचकित भएर भन्न लागे—अघि मेरा भयले भागेका सारा पर्वत र तँलाई सागरले किन आफ्ना काखीमा शरण दिए, अनि मेरा जन्मजात शत्रु दैत्यहरूको किन रक्षा गरे ? यसै कारण मैले उनका सबै रत्न लिलिएँ । म पनि साँचो-साँचो भन्दछु कि यस्ता मेरा द्रोही कहिल्यै पनि सुखी रहन सक्ने छैनन् । यस्तो सुनेर त्यो दूत चाँडै नै जालन्धरका पास पुग्यो र सारा समाचार सुनायो ।

दूतद्वारा इन्द्रका कुरा सुनेर दैत्यराज जालन्धर क्रोधले थर-थर काँप्न

लाग्यो तथा क्रोधका म्मारे उसका ओठ फडफडाउन लागे । अब के थियो, सबै दिशाका तथा पातालका पनि दैत्यहरू आएर एकट्ठा भए अनि इन्द्रको पुरी अमरावतीमा चढाई (हमला) गर्न गए । विशाल दैत्यसेना स्वर्गमा पुगेर नन्दनवनमा उत्रियो । दानव वीरहरूको शङ्खध्वनिले र घोर गर्जनले इन्द्रपुरी गुञ्जायमान भयो । सारा देवताहरू पनि युद्धस्थलमा आएर डटे । दुवैतिरका सेनामा घोर युद्ध भयो । यता असुरहरूका गुरु शुक्राचार्य मरेका असुरहरूलाई आफ्नू मृतसञ्जीवनी विद्याद्वारा बचाइरहेका थिए, उता देवगुरु बृहस्पति द्रोणगिरिबाट बूटी ल्याएर सुँघाउँदै जियाइरहेका थिए ।

त्यसरी मरेका देवताहरू बहुरिएका देखेर रिसाउँदै जालन्धरले शुक्राचार्यलाई भने कि मेरा हातबाट मरेका देवताहरू कसरी जिउँदा भइ-रहेका छन् ? जबकि मरेकालाई बचाउने विद्या केवल तपाईंमात्र जान्नुहुन्छ ? तब शुक्राचार्यले भन्नुभयो कि बृहस्पतिले द्रोणगिरिबाट बूटी ल्याएर देवता-हरूलाई जियाइरहेका छन् । मेरो कुरामा यदि तपाईंलाई विश्वास छ भने र तपाईंमा शक्ति छ भने तुरुन्तै गएर द्रोणगिरिलाई समुद्रमा फ्याँकिदिनुहोस् । तब दैत्यहरूले त्यसै गरे । त्यसपछि गुरु बृहस्पतिले देवताहरूलाई अब तिमीहरू युद्धमा विजयी हुन सक्तैनौ तसर्थ युद्ध गर्न छोड़िदेओ भने । क्यै वर्षअघि इन्द्रले शिवजीको जो अपमान गरेका थिए, यो युद्ध त्यसैको फल हो । बृहस्पतिबाट यस्तो कुरो सुनेर देवताहरू व्याकुल भएर भू-मण्डलका गिरि-कन्दराहरूमा गएर लुके त जालन्धर आफ्ना दैत्य साथीहरूका साथ अमरावतीको इन्द्र-प्रासादमा पसेर देवसिंहासनमा विराजमान भए ।

विष्णु र जालन्धरको युद्ध

जालन्धरका भयले भागेका देवताहरू धेरै वर्षपछि वैकुण्ठमा विष्णुभाठौं पुगेर रक्षाका लागि विष्णुलाई प्रार्थना गरे । देवताहरूको स्तुति सुनेर करुणा-

मय विष्णुजीले भन्नुभयो—हे देवता हो ! तिमीहरू डर त्यागिदेओ ! म चाँडै नै गएर त्यस जालन्धरको छका छुटाइदिन्छु । त्यसपछि विष्णु आफ्नू वाहन गरुड़मा चढेर युद्धमा जान उड्न लाग्नुभयो । तब समुद्रकी छोरी लक्ष्मीले भन्नुभयो—हे नाथ ! यदि म तपाईंकी परम भक्तिनी प्रियपत्नी हुँ भने मेरो भाइ जालन्धरलाई युद्धमा तपाईं नमार्नुहोस् ! प्रियाको त्यस्तो प्रियवाणी सुनेर भगवान्‌ले लक्ष्मीलाई म मार्दिनँ । परन्तु म युद्धमा अवश्य जान्छु भनेर विष्णुजी देवताहरूलाई साथै लिएर युद्धभूमिमा पुग्नुभयो ।

युद्धभूमिमा जालन्धर र विष्णुको घनघोरको युद्ध भयो । युद्धभूमिमा त्यस दैत्यले विष्णु भगवान्‌लाई कठोर वचन भन्दै उनमाथि जाइलाग्यो । तब दानवहरूका तीखा बाणका प्रहारले व्याकुल भएका देवताहरू भागा-भाग गर्न थाले । गरुडमाथि विराजमान विष्णुजी देवताहरूलाई डराएको देखेर अगाडि बढे । तब विष्णुले आफ्नू शार्ङ्गधनु उठाएर जोडले शब्द गरे त त्रिलोकै चकित भयो । एकैछिनमा विष्णु भगवान्‌ले हजारौं दैत्यहरूको टाउको कटाकट काटिदिए । त्यस्तो देखेर स्वयं जालन्धर अगाडि बढेर जाइ-लाग्यो । अब के थियो, विष्णु र जालन्धरको सहि नसक्नुको संग्राम भयो । दुवैतिरका बाणका पर्राले आकाश भरियो, बादलले झैं सूर्यको प्रकाश पनि छेलियो ।

क्रोधित भएर असुर जालन्धरले गरुडको टाउकोमा गदाले ठोक्यो । साथै उसले क्रोधपूर्वक विष्णुजीको छातीमा पनि यौटा तीखो प्रहार गऱ्यो । तब विष्णुजीले उस असुरको गदा नै काटिदिनुभयो । उता जालन्धर पनि पर्राका पर्रा बाणको वर्षा गर्न गऱ्यो । जालन्धरले विष्णुका धनुको ताँदो नै काटिदियो त विष्णुजीले हातमा गदा लिनुभयो र त्यो गदा उठाएर उसका छातीमा जोडले बजार्नुभयो । परन्तु अमितुल्य अमोघ गदाको त्यस्तो कडा प्रहारले पनि त्यो दैत्य टसमस भएन । उल्टै उसले तीखो त्रिशूल विष्णु-

माथि पयाँक्यो । विष्णुले शिवलाई सम्झदै त्यस त्रिशूललाई टुक्याइदिनु-भयो । तब त्यस दुष्ट जालन्धरले विष्णुका छातीमा मुक्का कस्यो र विष्णुका दुवै हात च्याप्प समातेर मुक्याउँदै कुश्ती खेल्न थाल्यो । निकै बेरसम्म त्यसरी बाहुयुद्ध भएपछि धेरै बेरपछि भगवन्‌ले मायावी वाणीमा कुश्ती गर्दागर्दै भन्नुभयो—हे दुर्मद श्रेष्ठ दैत्य ! तिमी धन्य छौ, ठूला-ठूला हतियारहरूले यतिका बेर युद्ध गर्दा पनि तिमी भयभीत भएका छैनौ, अलिकति पनि दहसत भएको छैन । तिम्रो यस युद्धले म अत्यन्तै प्रसन्न भएको छु । अब तिमी मसँग वर माँग । विष्णु भगवान्‌को त्यस्ता प्रकारको मायावी वाणी सुनेर जालन्धरले विष्णु भगवान्‌सित भन्यो—हे भद्र ! यदि तपाईं मेराउपर प्रसन्न हुनुहुन्छ भने—तपाईं मेरी दिदी र आफ्ना परिवारका साथ मेरै घरमा सधैं निवास गर्नुहोस् । विष्णु भगवान्‌ले अन्यमनस्क भावले 'तथाऽस्तु' भनिदिनुभयो । त्यसपछि भगवान् विष्णु सबै देवताहरूका साथ जालन्धरकै पुरमा निवास गर्न लाग्नुभयो । लक्ष्मीसहित देवताहरूका साथ भगवान् भिनाजु विष्णुलाई आफ्नू घरमा रहेको देखेर जालन्धर अत्यन्तै प्रसन्न भयो । त्यसपछि त त्यो सबै देवताका साथ जो-जो जति-जति रत्न थिए, त्यो सबै लिएर पृथ्वीमा आयो र निशुम्भलाई पातालको साम्राज्य सुम्पिदियो । यसरी देव-दानव-यक्ष-गन्धर्व, सिद्ध-सर्प-मनुष्य आदि सबैलाई जितेर तीनै लोक चौधै भुवनमा शासन गर्न थाल्यो ।

नारदजीको कपट जाल

त्यस्ता प्रकारले उसले धर्मपूर्वक शासन गरेको देखेर देवताहरू भित्र-भित्रै कुँडिन लागे । त्यसपछि ती सबै मनमनै भगवान् शङ्करलाई सम्झन थाले । तब भक्तहरूको भलाई गर्ने शङ्करजीले नारदजीलाई बोलाए र उहाँ (जालन्धरको राजधानीमा) पठाउनुभयो । नारदजी उहाँ पुगेपछि इन्द्र-

सहित सबै देवताहरू उनलाई एकटक लाएर उत्कण्ठापूर्वक हेर्न लागे । त्यहाँ देवताहरूको दुःख उनकै मुखबाट सुनेपछि देवताहरूलाई आश्वासन दिएर नारदजी जालन्धरको राजसभामा गए । तब जालन्धरले नारदजीका चरण-कमलमा अर्घ्यादिले पूजा गरेर मुस्कुराउँदै भन्यो–हे ब्रह्मन् ! आज्ञाहोस् ! तपाईं कहाँबाट आउँदै हुनुहुन्छ ? यहाँ कसरी र किन पाल्नुभयो ? म के सेवा गरूँ ? मेरो योग्य जो काम छ त्यो आज्ञा होस् ? तब नारदजीले भन्नु-भयो–हे महान् बुद्धिमान् ! राक्षसराज ! तिमी धन्य छौ, म स्वेच्छाले कैलाश-पर्वतमा पुगेको थिएँ । त्यहाँ दश हजार योजनमा कल्पको वन छ । उहाँ मैले सयकडौं कामधेनुहरूलाई घुमिरहेको देखें । त्यो वन चिन्तामणिद्वारा प्रका-शित रहन्छ र सर्वसुवर्णमय बड़ो अद्भुतको छ । मैले उस वनमा पार्वतीका साथ शङ्करलाई विराजमान देखें । महादेवलाई त्यहाँ विराजमान देखेर 'त्रिलोकैमा शिव-समान समृद्धिशाली व्यक्ति अर्को छैन होला भनिठानेर मलाई आश्चर्य लाग्यो । परन्तु हे दैत्येन्द्र ! त्यसै समयमा मलाई तिम्रो पनि समृद्धिको स्मरण भयो र उसलाई हेरेर दुवैको तुलना गर्ने इच्छाले तिमीभाटौं म आएको हुँ । तब दैत्यराजले अत्यन्त प्रसन्न भएर नारदजीलाई आफ्नू सारा समृद्धि देखायो । जालन्धरको समृद्धि देखेर नारदजीले उसका सम्पत्ति-को धेरै-धेरै प्रशंसा गर्नुभयो । ब्रह्माजीको हंसमय विमान पनि ल्याएका रहेछौ तथा मर्त्यमण्डल र पातालका जति पनि रत्न छन् तिनलाई पनि तिमीले ल्याएका रहेछौ । यो सब देखेर म भारी प्रसन्न छु । परन्तु तिम्रा साथ कोही स्त्रीरत्न देखिनँ । जसका लागि समृद्धि चाहिने हो त्यो छैन भने सम्पत्तिको सोख सब फीका हुन्छ । तसर्थ अब तिमी कुनै स्त्रीरत्न ग्रहण गर । नारदको मुखारविन्दबाट यस्तो कुरो सुनेपछि त्यो दैत्यराज त्यसै बेला काम-ले व्याकुल भयो र भन्न लाग्यो कि यो सम्पत्ति सुहाँउँदो रत्न त कैलाश पर्वतमा योगी शङ्करका साथमा मात्र छ । उनकी सर्वाङ्ग सुन्दरी देवी पार्वती अत्यन्तै सुन्दरी छिन् । उनको समान सुन्दरी त तीनै लोक चौधै भुवनमा

कोही पनि छैन । उनको उपमा दिन लायककी सुन्दरी तीनै लोकमा छैनन् । त्यति उसलाई भनेर देवर्षि नारद देवकार्य फत्ते पार्ने इच्छाले आकाशमार्ग-द्वारा जानुभयो ।

दूत संवाद

त्यसरी नारदजीभएपछि जालन्धरले आफ्नू यौटा राहु नामक दूतलाई कैलाश पर्वतमा पठायो । त्यो दूत उहाँ पुगेपछि नन्दीले उसलाई ढोकाबाट ढुक्नै दिएन । ढोकैमा रोकिदियो । परन्तु त्यो दूत जबर्जस्ती घूसपैठ गर्दै शिवसभामा पुगिछाड्यो । उहाँ पुगेर उसले–शिवकी भार्या पार्वतीलाई हाम्रा महाराज जालन्धरले मगाहुनुभएको छ भनेर दैत्यराज जालन्धरको सन्देश सबैले सुन्ने गरी सुनाइदियो । यस्तो सन्देश सुन्नेबित्तिकै भगवान् शूलपाणिका सामु पृथ्वी फोरेर भयङ्कर शब्द गर्दै यौटा डरलाग्दो पुरुष निस्क्यो । जसको मुख सिंहको मुख जस्तो थियो । त्यो पुरुष तत्काल राहुलाई खान राहुतिर दौडदै बुर्कुसी माऱ्यो । त्यस्तो देखेर राहु बडो वेगले सुईंकुच्चा ठोक्यो । परन्तु त्यस पुरुषले उसलाई उहीं नै समातिहाल्यो । तब राहुले शिवसँग शरण माँग्यो । शिवजीले उसलाई त्यसका हातबाट छुटाइदिनुभयो । परन्तु त्यो पुरुषले शिवलाई भन्यो–प्रभो ! मलाई अत्यन्तै भोक लागेको छ । तब शिवले उसलाई भन्नुभयो, त्यसो हो भने तँ आफ्नै हात-पाउको मासु खा ! उसले पनि त्यस्तै गऱ्यो । यसले गर्दा उसको शिर मात्र शेष रहिगयो । तब उसको आज्ञाकारितालाई देखेर शिवजी अत्यन्त प्रसन्न हुनुभो र उसलाई आफ्ने द्वारमा सदाका लागि 'सकीर्तिमुख' नामको गण बनाएर द्वारपालको रूपमा राख्नुभयो ।

शिवगणहरूको असुरसित युद्ध

तब त्यो दूत बर्बर नामले विख्यात भयो र उ आफ्नू नयाँ जन्म भएको जानेर बिस्तार-बिस्तार जालन्धरकहाँ गयो। उहाँ पुगेर उसले शङ्करजीका सबै विचारधारा बताइदियो। त्यसको कुरो सुनेर दैत्यवर जालन्धरले दैत्यसेना सजाउने आज्ञा दियो। कालनेमि र शुम्भ-निशुम्भ सारा महाबली दैत्यहरू महादेवसित युद्ध गर्नका लागि तम्सिदै तयार भए। सारा दिशाहरूबाट कडोरौं कडोर दैत्य निस्किएर एकट्ठा भए। त्यस्ता प्रकारले सकल भौतिक शस्त्रास्त्रले सुसज्जित दैत्यसेना लिएर सिन्धुपुत्र युद्धका लागि स्वपुरबाट निक्लियो। तब एकाएक आकाश मेघाछन्न भयो। ती दैत्य सेनाका सामु अनेक अपशकुन भए। तब शुक्राचार्य तथा छिन्नमस्तकवाला राहु सामने आए। त्यति नै खेर जालन्धरको मुकुट उसको टाउकाबाट खस्कियो। परन्तु त्यो वीर रोकिएन, चलेको चल्यै रह्यो।

यता देवगण शिवजीभाठौं पुगे र उनीहरूले पूरा परिस्थिति परिपाठ पारे। अनि यो पनि सुनाए कि हे प्रभो! विष्णुजी पनि उसका अधीन भएर उसकै घरमा लक्ष्मीसहित रहिरहनुभएको छ। अब त देवताहरू पनि उहीं रहिरहेका छन्। त्यस्तो त्यो महाबली तपाईंसित युद्ध गर्न प्रभुभाठौं आइरहेको छ। यसकारण अब तपाईं उसलाई अवश्य मारिदिनुहोस्।

त्यसपछि शङ्करजीले विष्णु भगवान्लाई बोलाएर सोध्नुभो—हे हृषीकेश! युद्धमा तपाईंले जालन्धरलाई किन मार्नुभएन? किन वैकुण्ठ छोडेर उसको घरमा गै बस्नुभएको हो? तब विष्णुले हात जोडेर विनति विसाए—तपाईंको अंश तथा लक्ष्मीको भाइ अनि आफ्नू सालो ठानेर उसलाई मैले मारिनैं। वास्तवमा भनुँ भने त्यो बड़ो वीर तथा अजेय छ। उसको वीरताले मोहित भएर नै उसको घरमा म बस्न लागेको हुँ। विष्णुजीको त्यस्तो

वचन सुनेर भक्तवत्सल शङ्करजी हाँस्नुभो र भन्नुभो—हे विष्णु ! त्यस दुष्ट जालन्धरलाई अब म अवश्य मारिदिनेछु ।

त्यत्तिकैमा दैत्यहरूको भारी कोलाहल भयो । यता शङ्करजीले पनि आफ्ना तम्तयार योद्धागणलाई युद्ध गर्ने आज्ञा दिनुभयो । तब कैलाशको नजीकै दुवै सेनामा भीषण भिड़न्त भयो । दैत्यहरू अनेक प्रकारका भयङ्कर-भयङ्कर भौतिक अस्त्र बर्साउन लागे । भेरी, मृदङ्ग, शङ्ख आदिको नादले पृथ्वी थर-थर काँप्न लाग्यो । मरेका हात्ती, घोडा, पैदल सिपाहीका लाशको ढेरको शुरु पहाड जस्तो देखियो । रगत र मासुको हिलोको भास भयो । तब दैत्यहरूका आचार्य शुक्राचार्यजी मरेका दैत्यहरूलाई मृतसञ्जीवनी विद्याले बचाउन लागे । त्यस्तो देखेर भगवान् रुद्रका क्रोधको सीमा रहेन, अनि त शिवका मुखबाट यौटी भयङ्कर कन्या उत्पन्न भई । जुन कन्याका दुवै हात तारका वृक्ष जस्ता लामा-लामा थिए । अनि त्यो कन्या युद्धभूमिमा उभिएर सबै असुरहरूलाई खपाखप मुखमा हालेर मन्याङ-मन्याङ चपाउन लागी र शुक्राचार्यभाठो पुगेर उनलाई आपनू योनिभित्र लुकाइदिइन् र आफू त्यहाँबाट अन्तर्धान भइन् । शुक्राचार्य बेपत्ता गायब भएपछि दैत्य-हरूको चेहडा मलिन भयो । अनि त तिनीहरू युद्धभूमि छोडेर भागाभाग गर्न लागे । अनि निशुम्भ, कालनेमि आदि वीरहरूले भाग्न लागेका दानव-वीरहरूलाई रोके । तब ती दैत्यहरूले गणेश, कार्तिकेय आदि गणकासाथ ठूलो लडाइँ लडे ।

शुक्राचार्य त्यस कन्याका योनिद्वारा भित्र पसेर उसका पाठेघरमा पुगेर थन्किई दैत्यबलबाट बेपत्ता भएपछि त शिवजीका गण प्रबल भइहाले । तब शिवगणले शुम्भ, निशुम्भ, कालनेमि आदि दैत्यगणलाई पारिजित पारदिए ! त्यसरी आफ्ना सेनापतिहरू परास्त भएको चाल पाएर सागरको पुत्र जाल-न्धर यौटा अद्वितीय रथमा विराजमान भएर युद्धभूमिमा स्वयं युद्ध गर्न

आयो । त्यस रथमा लागू यौटा पताका (झण्डा) फर्फराइरहेको थियो । युद्धस्थलमा पुगेर उ घोर गर्जन गर्‍यो । त्यसपछि जालन्धरले पर्वाका पर्वा थाणका वर्षाले आकाशमण्डललाई कुइरिमण्डल पारिदियो । उसले बाणैबाणले पृथ्वी, आकाश सबैतिर ढाकिदियो । जालन्धरले महादेवका नन्दी गणेश आदिलाई बाणका पर्वाले छियाछिया पारिदियो । त्यसपछि कार्तिकेयले यौटा शक्तिद्वारा त्यस वीर जालधरलाई धराशायी गराइदिए । परन्तु तुरन्तै उठेर क्रोधले चुर्मुरिदै गदाले गोद्नासम्म शिवगणलाई गोद्यो । गणेश र नन्दी उसका गोदाइले व्याकुल भएर छट्पटाउँदै भैंमा पसारिए तथा वीरभद्रको त टाउकै फुटिगयो । टाउको फुटेर भल-भल रगत बगाउँदै वीर वीरभद्र मूर्च्छित भई पृथ्वीमा पसारिएको देखेर शङ्करजीका गनिएका गण पनि युद्धभूमिबाट भाग्न थाले ।

शिव-जालन्धर-युद्ध

अब रौद्र-रूप महाप्रभु शङ्करजी नन्दीमाथि चढी त्यस युद्धभूमिमा आउनुभयो । भीषण रूपधारी रुद्रलाई देखेर दैत्यहरू भाग्न लागे । तब हजार। बाण वर्षाउँदै जालन्धर शङ्करतिर दौड्या, अनि उसका वीर-वीर गण पनि शङ्करजीतिर दौड़े । जालन्धरका बाणजाललाई शङ्करजीले कटाकट काटिदिनुभयो । अनि खड्गरोमा दैत्यलाई शङ्करजीले फरशा (खड्ग) ले काटिदिनुभो । त्यसपछि त्यसै गरी बलाहको पनि काटिदिनुभयो । कतिलाई त शिवजीको बसाहाले नै थला बसायो र कतिलाई लघान्यो । तब जालन्धरले आफ्ना शुम्भादि दैत्यहरूलाई धिक्कार्नासम्म धिक्कार्‍यो । परन्तु ती भयभीत भएर लड्नै आएनन् । तब क्रुद्ध जालन्धरले सत्तरी ओटा बाण वर्षाएर शिवजीलाई छिया-छिया पारिदियो । शिवजी उसका सबै वाणलाई काट्तै हुनुहुन्थ्यो । शिवजीले जालन्धरका ध्वजा छत्र आदि सबै काटिदिनुभयो । अनि सातोटा बाण एकैचोटि छोडेर जालन्धरलाई आच्छु-आच्छु

पारिदिनुभयो । धनुष काटिएपछि जालन्धरले गदा उठायो । शिवजीले त्यो गदालाई टुक्र्याइदिनुभयो । तब जालन्धर एकाएक अन्तर्धान भयो र शिवको रूप धारण गरेर पार्वती भएको ठाउँमा पुग्यो । पार्वतीलाई देखेर बाटैमा उसको वीर्य बग्यो । गौरीले उसलाई छद्मवेशधारी दानव ठानेर अन्तर्धान हुनुभो र समुद्रको किनारमा पुग्नुभो । तब विष्णु एकाएक पार्वती-भाटों पुग्नुभो । विष्णुलाई देखेर पार्वतीजीले भन्नुभयो—के तपाईंलाई दुष्ट जालन्धरको कृत्य थाहा भयो ? तब विष्णुले हात जोडेर कहनुभो—तपाईंको कृपाले मलाई सबै कुरो थाहा छ । फेरि पार्वतीजीले विष्णुलाई भन्नुभो—त्यस दुष्ट दैत्यले जो मार्ग देखाएको छ, त्यसैको अनुसरण गरेर तपाईं पनि त्यसकी पत्नीको पातिव्रत्य धर्म नाशिदिनुहोस् । 'शठे शाठ्य समाचरेत्' तब मात्रै यो दैत्य मर्नेछ ।

वृन्दाको पातिव्रत्य भंग

तब विष्णु भगवान् सरासर जालन्धरको नगरमा गएर उसको यौटा बगैचामा ठहर्नुभो । वृन्दाले सपनामा देखी कि उसको पति नाङ्गै भएर टाउकामा चिपिच्याल्लै तेल लगाई राँगोमा चढी दक्षिण दिशातिर गइरहेको थियो । उसले कालो रङ्गको फूलको माला पहिरिएको थियो । उसका चारै-तिर हिंस्रक जन्तु थिए । उसको नगर समुद्रमा डुबिरहेको थियो । तत्काल बिउँझेर उ सपनाबारे विचार गर्न थाली । कुनै कुरामा पनि उसको मन लाग्दैनथ्यो । यसकारण ऊ सँगिनीहरूलाई साथमा लिएर अटालीमा गई । त्यसपछि फूलबारीमा टहल्न गई । उहाँ यौटा मौनी तपस्वीलाई देखी । भय-भीत वृन्दाले उस मौनीको काँधमाथि आफ्ना हाथ राखी । त्यस कामले वृन्दालाई अभय भयो, उसको सारा डर हरायो । अनि उसले ती मुनिलाई प्रणाम गरेर कृतज्ञता प्रकट गरी । त्यसपछि मुनि भएको ठाउँमा दुइटा बाँदर

आए । ती दुवै वानर आकाशमा उड़े अनि एकैछिनमा जालन्धरको ठाउको तथा धड लिएर मुनिभाठौं आइपुगे । आपना पतिलाई मरेको देखेर वृन्दा एकाएक मूर्च्छा परी । नाना थरीका अलाप-विलाप गर्न थाली । त्यसपछि मुनिलाई भनी कि हे कृपानिधे ! यी मेरा पतिलाई तपाईं बचाइदिनुहोस् भन्दै दयालाग्दो पाराले मुनिका चरण-कमलमा ढोगेको ढोग्यै रही । तब मुनिले भन्नुभयो--कि हे वृन्दा ! शिवजीद्वारा मारिएको जालन्धर जीवित हुनु यानी बाँच्नु कठिन छ । परन्तु शरणागतको रक्षा गर्नु नै सनातन धर्म हो । यसकारण म यसलाई बचाइदिन्छु । एकाएक त्यो जीवित भयो । यो सब भगवान् विष्णुको मायाजाल थियो ।

जालन्धरलाई बाँचेको सामने देखेर वृन्दा अत्यन्त हर्षित भई । उस जालन्धरले उठेर वृन्दालाई अँगालो हाल्यो र गालामा म्वाइँ खायो । अनि सारी सर्कायो र रमणमा रमायो । त्यति खेरै स्वरूपमा र सम्भोगमा वृन्दाले विष्णु जानेर भन्न थाली--

ए, अर्काकी स्त्रीका साथ रमण गर्नेवाला विष्णु ! तिम्रो शीललाई महान् धिक्कार छ । मैले तिमीलाई चिनें, तिमी मायावी हौ । तिमीले मलाई जुन दुइटा राक्षस देखायौ तिनैले कुनै दिन तिम्री शीलाई हनेंछन् । यी सर्वेश्वर मुनि तिम्रो साथी हुनेछन् । तिम्रो सहायता बाँदरले गर्नेछन् । तिमी अत्यन्तै दुःखी हुनेछौ । यति भनेर ऊ दन्काइएको आगोमा हामफाली । उसको शरीर सल्क्यो, तेज गएर पार्वतीजीमा मिल्यो ।

जालन्धरको हत्या

उता जब गिरिजा अन्तर्धान हुनुभयो त भगवान् शङ्कर जाज्वल्यमान भएर अत्यन्त क्रोधित हुनुभयो । जालन्धरले शङ्करजीका सबै बाणलाई

कटाकट काट्न लाग्यो। परन्तु जब जालन्धरका बाणले शङ्करका बाण काट्न छोड़े त उसले मायाकी पार्वती बनाएर उनलाई आफ्ना रथको पाङ्गामा टन्काइदियो। तब आफ्नी प्रियाको त्यस्तो कष्ट देखेर भगवान् शङ्कर प्राकृत जनहरूले झैं व्याकुल भए। त्यसपछि शङ्करजीले अति तेजस्वी भयङ्कर रौद्र-रूप धारण गर्नुभयो। शङ्करजीको त्यस्तो रौद्ररूप देखेर कुनै पनि दैत्य उनका साम्ने उभिन सकेनन्। यहाँसम्म कि शुम्भ निशुम्भ जस्ता वीर पनि टिक्न सकेनन्। तब तिनीहरूलाई धिक्कार्दै शिवले भन्नुभयो—तिमी दुवै बड़ा दुष्ट छौ, तिमीहरूले मेरो ठूलो अपराध गऱ्यौ। तिमीहरू पार्वतीजीलाई मार्दछौ अनि युद्धबाट भाग्दछौ। भाग्नेलाई मार्नु पाप हो। यसकारण तिमी-हरूलाई म मार्दिनँ। परन्तु गौरीले तिमीहरूलाई अवश्य मार्नेछिन्। शिवजीको त्यस्तो फट्कार सुनेर जालन्धर क्रोधले आगो भयो। अनि उसले शिवजीका उपर बाणहरूको घोर वर्षा गऱ्यो। त्यसैखेर शिवजीले आफ्नू चरणको अङ्गुष्ठबाट बनाइएको सुदर्शन चक्रले उसको शिर काटिदिनुभयो। तब यौटा घोर आवाजका साथ उसको शिर पृथ्वीमा झऱ्यो र उफ्रन थाल्यो। गाजलको पहाड जस्तो उसको शरीर दुइटा टुक्रा भयो। त्यसको रगतले रणभूमि रङ्गियो। शिवजीको आज्ञाले उसको रगत तथा मासुले रौरव नरकमा एउटा आँहाल बन्यो। त्यस्ता प्रकारले त्यो जालन्धरलाई मरेको देखेर सबै देवता, सारा गन्धर्व, सकल सर्प आदि जीव-जन्तु अत्यन्त प्रसन्न भए।

विष्णु-मोहनार्थ धात्री (अमला) मालती र तुलसीको आविर्भाव

जब देवताहरू स्तुति गरिसकेर चुप लागे तब शङ्करजीले प्रसन्न भएर भन्नुभयो—हे देवताहरूहो! यो जालन्धर त मेरो नै अंश थियो। यो त मेरो सांसारिक लीला हो। तब सबैले प्रसन्न भएर विष्णुजीको त्यो चरित्र पनि

भगवान् शिवलाई सुनाए, जसरी विष्णुले वृन्दालाई मोहित पार्नुभो र वृन्दा अग्निमा प्रवेश गरी परम गतिमा प्राप्त भई । देवताहरूले यो पनि सुनाए कि विष्णुजी त्यसै वेलादेखि वृन्दाको सुन्दरतामा मोहित हुनुहुन्छ र शरीरमा उसको खरानी घसेर घुमिरहनुभएको छ । अब तपाईंले उहाँलाई सम्झाउनुपर्‍यो । किनकि चराचर प्रकृति तपाईंकै अधीनमा छ ।

त्यस्तो सुनेर शङ्करजीले आफ्नू दुस्तर माया सम्झाउनुभयो र भन्नुभयो कि यो सारा चराचररूप जगत् उसै मायाको अधीन छ, उसैमा मोहित भएर विष्णुजी कामका वश भएका छन् । महादेवी उमा तीन वेदकी जननी हुन् तथा परा हुन् र यही मूल प्रकृति गौरा कहिन्छिन् । यसकारण तपाईंहरू विष्णुजीको मोह दूर गर्नका लागि उनै गौराको शरणमा जाओ । तब सबै देवता भगवती उमाका समीप गए । उनको समीपमा पुगेर प्रार्थना गरेपछि आकाशवाणी भयो कि–म नै तीन गुणबाट पृथक् भएर सर्वत्र स्थित छु । सत्त्व गुणले गौरा, रजोगुणले लक्ष्मी तथा तमोगुणले ज्योतिस्वरूपा छु । यसकारण सबै तपाईंहरू उनै मेरा शक्तिहरूभाठौं जाओ । तिनीहरूले नै तिमीहरूको मनोरथ पूर्ण गरिदिने छन् । त्यसपछि सबै देवताहरू गौरी, लक्ष्मी र सरस्वतीलाई प्रणाम गर्न गए । सबैले भक्तिपूर्वक उनको प्रार्थना गरे । तब तीनैओटी देवी प्रकट भएर उनीहरूलाई केही बीज दिएर भन्न लागे–तिमीहरू यी बीज लिएर जे पनि पाउन सक्छौ । तब सबै देवता ती बीज लिएर विष्णुभाठौं गए र वृन्दाको चिताभस्म भूमिमा खन्याइदिए । त्यसबाट तत्काल धात्री (अमला), मालती र तुलसी प्रकट भए । विधात्रीको बीजले धात्री, लक्ष्मीको बीजले मालती तथा गौरीको बीजबाट तुलसी प्रकट भए । धात्री र तुलसीले प्रेम गरे । ती वनस्पतिहरूलाई देखेर विष्णुजी प्रीतिपूर्वक वैकुण्ठधाम गए । अनि उहाँ पुगेर उनी पहिलेको जस्तै प्रेमपूर्वक शङ्करको चिन्तन (ध्यान) गर्न लागे ।

शंखचूडको उत्पत्ति

सनत्कुमारजी व्यासजीलाई सुनाउनुहुन्छ–हे मुने ! अब अगाडि तिमी पापनाशक शिवजीका दिव्यचरित्रहरू सुन । विधाताका पुत्र मरीचि र उनका पुत्र कश्यप थिए । ती धर्मात्मा कश्यपलाई दक्षले आफ्ना तेह्रओटी कन्या कन्यादान गर्‌ दिएका थिए । कश्यपजीका ती तेह्रओटी पत्नीहरू मध्ये यौटीको नाम दनु थियो । जो परम साध्वी, रूपवती तथा सौभाग्यवती थिइन् । तिनबाट कश्यपका धेरै पुत्र जन्मे । तिनमध्ये विप्रचित नामको यौटा पुत्र अत्यन्तै बलियो तथा पराक्रमी थियो । त्यस विप्रचितको यौटा छोरो दम्भमान भयो । जो अत्यन्तै विष्णुभक्त र धर्मात्मा थियो । त्यस धर्मात्माका पुत्र जन्मेनन् त उसले शुक्राचार्यबाट कृष्णमन्त्रको दीक्षा लिएर एकलाख वर्षसम्म पुष्करमा तपस्या गऱ्यो । उसको तपस्याले संतप्त भएका देवताहरू ब्रह्माजीलाई साथमा लिएर विष्णु भगवान्‌का पास पुगे । तब विष्णुजीले उनीहरूलाई सम्झाउनुभयो कि तिमीहरू नडराओ, मेरो परम प्यारो भक्त दम्भ नामको त्यो दानव पुत्रप्राप्तिका लागि मात्र पुष्करमा तपस्या गरिरहेको छ । उसलाई म वरदानद्वारा निवृत्त गरिदिउँला । विष्णुको यस्तो आश्वासन सुनेर सन्तुष्ट भएका देवता आफ्नू-आफ्नू लोकमा गए ।

त्यसपछि विष्णुभगवान् दम्भलाई वरदान दिनका लागि पुष्करमा पुग्नुभयो । वर दिन आउनुभएको विष्णुलाई देखेर दम्भले नम्रतापूर्वक विन्ती गऱ्यो–'मेरो पुत्र महापराक्रमी, तीनै लोकको विजेता, समस्त देवताहरूलाई जित्नेवाला होस् ।' तब विष्णुजी उसलाई 'तथाऽस्तु' भनेर आफ्नू लोकमा फर्कनुभयो । समय आएपछि उसकी पत्नीको गर्भमा कृष्णको परममित्र सुदामा आयो । यसलाई पूर्वजन्ममा राधाजीले श्राप दिनुभएको थियो । पुत्र उत्पत्तिको बाद उसको नाम 'शङ्खचूड' राखियो । त्यस शङ्खचूडको बाललीलाद्वारा उसका माता-पिता अत्यन्त आनन्दित भए ।

शंखचूडको विवाह

शङ्खचूडले पनि पुष्करमा गएर कठिन तपस्या गऱ्यो । ब्रह्माजी उसको तपस्याबाट प्रसन्न भएर सन्तुष्ट भएर, उसलाई वरदान दिन पुष्करमा आउनुभयो । पुष्कर पुगेर ब्रह्माजीले जब उसलाई इच्छित वर माँग्नका लागि भन्नुभो त उसले 'मलाई देवताहरू जित्न नसकून्' भन्ने वर माँग्यो । ब्रह्माजीले 'तथाऽस्तु' भनेर उसलाई श्रीकृष्णको अक्षय कवच दिनुभयो र भन्नुभयो—

अब तैं बदरीकाश्रममा जा, जहाँ तुलसी तपस्या गरिरहेकी छन् । तँ त्यहाँ गएर तिनसँग विवाह गरिलिनू । ऊ धर्मराजकी कन्या हो । उसलाई यति भनेर ब्रह्माजी अन्तर्धान हुनुभयो । तब त्यो शङ्खचूड बदरिकाश्रममा तुलसीभाठौं पुग्यो अनि ब्रह्माजीले स्वयं उहाँ प्रकट भएर समान गुण भएकाती दुइको विवाह गान्धर्व रीतिले गराइदिनुभयो। त्यसपछि त्यो अनेक सुन्दर-सुन्दर ठाउँहरूमा गएर तुलसीका साथ रमाई-रमाई रमण गर्न लाग्यो ।

शंखचूडको राज्य-प्रशंसा

त्यस्ता प्रकारले तुलसीका साथ विवाह गरेर त्यो शङ्खचूड आफ्नू घरमा आयो । कुलगुरु शुक्राचार्यले श्रेष्ठ आशीर्वाद दिए । देवता र दानवहरूको स्वाभाविक वैर भनेर उसलाई 'दानवेन्द्र' को पदमा अभिषेक गरे । त्यसपछि त्यो दैत्य र दानवहरूको बड़ो भारी सेना लिएर इन्द्रलाई जित्न स्वर्ग गयो । त्यतिखेर त्यसको अत्यन्तै राम्रो शोभा थियो । स्वर्गमा पुगेर इन्द्रका साथ भयङ्कर युद्ध भयो । उसका तेजको अगाड़ि देवसेना टिक्न नसकेर भागाभाग गऱ्यो । तब सारा देवताहरू पृथ्वीतलका गुफा कन्दरा-

हरूमा गएर लुके । महाप्रतापी शङ्खचूडले देवताहरूको राज्य स्वर्ग हरण गरिलियो । तब तीनै लोक उसको वशमा भयो । यज्ञको भाग छिनेर उ स्वयं इन्द्र नै बनिगयो । सूर्य-चन्द्रमा-वरुण-कुबेर साराका सारा उसका अधीनमा थिए । गोलोकवासी श्रीकृष्णको बड़ो भारी मित्र तथा भक्त थियो त्यो शङ्खचूड । त्यो पूर्वजन्मको श्रापले गर्दा दानव योनिबाट जन्मिएको थियो, किन्तु पूर्वजन्मको संस्कारले उसको बुद्धि अरू-अरू दानवहरूको जस्तो दानवी थिएन ।

त्यसपछि सबै पराजित देवताहरू ब्रह्माजीभाठौं गए । उहाँ पुगेर सारा वृत्तान्त ब्रह्माजीलाई सुनाए । तिनीहरूलाई लिएर ब्रह्माजी सरासर बैकुण्ट लोक जानुभयो । उहाँ पुगेर सबैले विष्णु भगवान्को स्तुति गरे । तब तिनको स्तुति सुनिसकेपछि विष्णु भगवान्ले भन्नुभयो—यो सबै कुरो म भली-भाँति जान्दछु । पूर्वजन्ममा त्यो मेरो मित्र थियो । परन्तु तपाईंहरूका लागि शिवजीसँग पनि म परामर्श गर्नेछु । यसकारण अब तपाईंहरू यसबारे चिन्ता नगर्नुहोस् ।

देवताहरू शिवभाठौं जानु

तब विष्णु भगवान् ब्रह्मादि देवताहरूलाई साथमा लिएर शिवलोक जानुभयो । शिवलोकमा पुगेपछि त्रिनेत्रधारी शिवजीलाई सबैले देखे, उनको अपूर्व छटा थियो । शिवजी शिवगणद्वारा घेरिएका थिए । उहाँ उनी पार्वती-का साथ रत्नमय सिंहासनमा विराजमान थिए । शिवलाई त्यहाँ त्यसरी विरा-जमान रहेको देखेर विष्णु भगवान् अत्यन्त प्रसन्न हुनुभो । त्यहाँ भइरहेका नाच-गान आदिलाई बडो चावसँग हेर्न-सुन्नलागे । त्यसपछि उनी देवाधि-देव शङ्करको स्तुति गर्न लागे—हे प्रभो ! हामी शङ्खचूडबाट त्रस्त छौं । हाम्रो रक्षा गर्नुहोस् । हे गौरीश ! तपाईं प्रसन्न हुनुहोस् र हामीहरूको उद्धार गर्नुहोस् ।

तब शिवजीले हरिलाई भन्नुभयो–शङ्खचूडलाई म भलीभाँति जान्दछु । राधाको श्रापले त्यो राक्षसयोनिमा जन्मेको हो । श्रीकृष्णको त्यो परम मित्र हो शिव यस्तो भन्दै हुनुहुन्थ्यो, त्यसै वेला राधालाई साथमै लिएर कृष्णजी त्यहाँ आइपुग्नुभो र उहाँले शिवको अनुकूलताको लागि वन्दना गर्नुभो । शिवजी प्रसन्न हुनुभो, तब ती दम्पती भयरहित भएर आनन्दविभोर भए । अनि शिवजीले शङ्खचूड़लाई मारिदिने आश्वासन दिनुभयो ।

पुष्पदन्त र शंखचूड़को वार्ता

त्यसपछि भगवान् रुद्रले गन्धर्वराज पुष्पदन्तलाई शङ्खचूड़भाठाँ पठाउनु भयो । उसको नगर महेन्द्र र कुबेरको भवनको नजीकै नै थियो । सरासर उहाँ पुगेर उस दूतले भन्यो कि–"मेरो नाम पुष्पदन्त हो । तिमी या त देवताहरूको अधिकार फर्काइदेऊ, या मेरो साथ युद्ध गर्न तयार होऊ भन्ने शङ्करजीको यस्तो सन्देश लिएर म आएको हुँ । यसमा तिम्रो जे विचार छ मलाई भन ।"

पुष्पदन्तको त्यस्तो कुरो सुनेर शङ्खचूड़ले भन्यो–'वीरभोग्या वसुन्धरा' यी पृथ्वी वीरभोग्या छिन् । म वीर हुँ, शङ्करजीसँग म युद्ध गर्न तयार छु, तर देवताहरूको भाग र अधिकार फर्काउन म सक्तिनँ । त्यसकारण भोलि बिहान नै म रुद्रलोकको यात्रा गर्नेछु ।

शङ्खचूड़को यस्तो उत्तर सुनेर शिवजीभाठ तत्काल त्यो पुष्पदन्त फर्क्यो र शङ्खचूड़ले भनेको सारा वृत्तान्त निवेदन गऱ्यो ।

त्यसको त्यस्तो सन्देश सुनेर शिवजी अत्यन्त क्रोधित हुनुभयो । अनि शङ्करजीले आफ्ना वीरभद्रादि गणहरू तथा भद्रकाली आदिलाई बोलाएर शङ्खचूड़लाई मार्ने आज्ञा दिनुभयो । आफै पनि आफ्ना वीर गणका साथ

उसको नगरमा जान प्रस्थान गर्नुभयो। शिवका साथ आठै भैरव, आठै वसु, एकादश रुद्र, द्वादश सूर्य, अग्नि, चन्द्रमा, विश्वकर्मा, अश्विनीकुमार, कुबेर, यम, नलकूबर, सबै पार्षद तथा सय भुजावाली देवी, भद्रकाली आदि सबै गएका थिए। कालीको जिब्रो एक योजन (चार कोश) सम्म लपलपाइ-रहेको थियो। कालीको हातमा खप्पर थियो। उनी आकाशस्पर्शी त्रिशूल तथा एक योजन (चार कोश) लामू शक्ति लिएर लम्किरहेकी थिइन्। उनका साथ तीन करोड योगिनीहरू थिए, त्यस्तै तीन करोड डाकिनी थिए। यस्ता प्रकारले जाँदा-जाँदा साँझ पऱ्यो र चन्द्रभागा नदीको तटमा यौटा मनोहर वटवृक्षको मनि शिवजीले आफ्नू आसन जमाउनुभयो।

शंखचूडको युद्ध-यात्रा

उता शिवदूत पुष्पदन्त फर्किएपछि शङ्खचूड़ले अन्तःपुरमा गएर सारा वृत्तान्त तुलसीलाई बेलिविस्तार लायो र भन्यो कि—भोलि म एकदम सबेरै नै युद्ध गर्न जान्छु। राति तुलसीले पतिसित अनेक कुरा गरी। दुवै स्त्री-पुरुष रति-क्रीडामा रम्दै आनन्द-सागरमा डुबे। बिहान उठ्नेबित्तिकै उसले आफ्नो पुत्रलाई राज्यभार सुम्प्यो र छोरोलाई आफ्नी आमा तुलसीको जिम्मा लगायो। त्यसपछि रोइरहेकी प्रियालाई सम्झाई-बुझाईकन प्रधान सेनापतिलाई बोलाएर सेना तयार गरायो। एकैछिनमा उसका दुर्दान्त अजेय वीरहरू युद्धका लागि तयार भए। उसले तीन लाख अक्षौहिणी सेना आफ्ना साथमा लियो। अनि उसले पनि पुष्पभद्रा नदीको तटमा अक्षयवटको तल आफ्नू डेरा डाल्यो। त्यहींबाट उसले शिवजीका सेनाको निरीक्षण गऱ्यो।

त्यसपछि दानवेन्द्र शङ्खचूडले शिवजीका पास आफ्नू दूत पठायो र भनवायो कि—म शङ्खचूड़ आइसकेको छु। तपाईंको के इच्छा छ? तब शिवजीले सन्देशवाहक त्यस दूतलाई भन्नुभयो कि—तँ आफ्नू स्वामीभाऊ

गएर भन् कि–देवताहरूसँग वैरभाव त्यागेर तिनीहरूसँग सन्धि गरिले, उनको राज्य उनीहरूलाई फर्काइदे । परस्परमा विरोध गर्नु बेस हैन, परिणाम भयावह हुनसक्छ । तँ कश्यपको शुद्ध सन्तान होस् । तब त्यस दूसले भन्यो कि–हे प्रभो ! तपाईंले जो कहिबक्सियो त्यो सब सत्य हो, परन्तु मारा दोष असुरहरूको मात्र छैन । तपाईं देवताहरूको पक्षपाती होइबक्सिन्छ । तपाईंले यस्तो गर्नु हुँदैनथ्यो । किनकि प्रभु त सुराऽसुर सबैका ईश्वर होइ-बक्सिन्छ । तब शङ्करजीले भन्नुभयो–म त भक्तहरूको अधीनमा छु । देव-कार्यका लागि युद्ध गर्दा मलाई केही शर्म्म छैन । त्यसपछि त्यो दूत फनक शङ्खचूड़का पास फर्क्यो ।

दूतले शिवजीले बताएका सबै कुराहरू शङ्खचूड़लाई सुनायो । सन्देश सुनेर शङ्खचूड़ले युद्ध गर्नु नै उचित ठान्यो र उसले तुरुन्त आफ्ना फौज-हरूलाई युद्ध गर्ने आज्ञा दियो । यता सर्वेश्वर शिवजीले पनि आफ्ना सेना र देवताहरूलाई युद्धका लागि होस्याउनु भयो । स्वय शिव नै पनि युद्धका निम्ति तयार हुनुभयो । तब दुवैतिरका सेनामा अनेक प्रकारका रणवाद्य बज्न लागे । दुवै पक्षका वीर परस्परमा भकाभक मारकाट गर्नलागे । महेन्द्र-को वृषपर्वाका साथ युद्ध हुन लाग्यो । दम्भका साथ विष्णुको, कालासुरका साथ कालको, गोकर्णका साथ हुताशनको, कालेयका साथ कुबेरको, मलाका साथ विश्वकर्माको, भयङ्करका साथ, मृत्युको, संहारका साथ यमको, काल-म्बिकका साथ वरुणको भिडन्त भयो । अहिलेसम्म पुत्रहरूसहित शिवजी वटवृक्ष मनि नै बसिरहनु भएको थियो । उता सारा सेना धमाधम युद्ध गर्दै थिए । दुवैतिरबाट अनेक प्रकारका अनेक आयुध (हतियार) हरूको प्रहार हुन थाल्यो । काटिएका वीर र वाहनहरूले रणभूमि रङ्गियो र भरियो ।

शंखचूडको युद्ध

सबै देवताहरू दानवहरूबाट पराजित भएर जथाभावी भाग्न थाले। कोही देवताहरू त भागेर शङ्करजीको शरणमा गए। तब क्रोधित भएर भगवान् शङ्कर युद्ध गर्न स्वयं चल्नुभो। रणभूमिमा पुग्नेबित्तिकै सयकडौं अक्षौहिणी सेनाको संहार गरिदिनुभो। यता काली पनि अलग-अलग दैत्य-हरूको नाश गरेर उनको रक्तपान गरिरहेकी थिइन्। सयकडौं अश्व, हजारौं हात्ती, अनगिन्ती दानवहरूलाई कपाकप मुखमा ठुसेर चपाचप चपाइन्। स्कन्दले सयकडौं बाणले हजारौं दानवहरूको संहार गरिदिए, जो बचेका थिए तिनले कुलेल्पम ठोके। त्यसपछि आपना सेनाको त्यसरी संहार भएको देखेर स्वयं शङ्खचूड़ युद्धका लागि तयार भयो र रणरङ्गमा पुग्यो। रण-भूमिमा पुगेर कानसम्म ताँदो खिची अविच्छिन्न बाण चलाउन लाग्यो। उसका बाणका जालले पूरा युद्धभूमिमा अन्धकार छायो। शङ्खचूड़को माया-लाई शिवगण र देवताहरू कसैले पनि जान्न सकेनन्। तब उसले स्कन्द कुमारमाथि शक्तिको प्रहार गऱ्यो। स्कन्द पनि भयानक युद्ध गर्न लागे। स्कन्दले शङ्खको रथलाई रद्दी बनाइदिए र उसका कवच, कुण्डल, किरीट, वाहन सबै वस्तु बेकार पारिदिए। दानवराजले फेरि अर्को शक्ति प्रहार गरेर स्कन्दलाई पृथ्वीमा पसारा पारिदियो। तब कालीले स्कन्दलाई जुरुक्क उठाएर शिवका पास पुऱ्याइन्। शिवले स्कन्दलाई जियाइदिनुभो त उनी फेरि उठेर गए र युद्ध गर्न लागे। वीरभद्र र शङ्खचूड़को भारी युद्ध भयो, दुवै पक्षमा घोर संग्राम भयो। काली धमाधम दानवहरूलाई चपाउन लागिन्।

भद्रकाली र शंखचूडको युद्ध

युद्धमा देवीले भयानक युद्ध गर्नुभो । त्यस सिंहनादले कैयन् दानवहरू मूर्छा परेर गिरे । विकराल दाँत भएका चण्डीहरू वीर दानवहरूको रक्तपान गर्नलागे । दानवहरूको दलमा कोलाहल मच्चियो । कालीका साथ स्वयं शङ्खचूड़ले युद्ध गऱ्यो । कालीले बाणहरूको वर्षा गरिन् । शङ्खचूड़ले त्यो भयङ्कर स्थितिलाई शान्त पारिदियो । तब हैरान भएर कालीले नारायणास्त्र चलाइन् याने प्रयोग गरिन् । तब रथबाट वर्लिएर दानवेन्द्रले त्यस अस्त्रलाई प्रणाम गर्न लाग्यो । प्रणाम गरेपछि नारायणास्त्र स्वयं नै शान्त भयो । तब देवीले ब्रह्मास्त्र छोड्नुभो । त्यसबाट पनि दानवेन्द्र बच्यो । तब देवी विकराल मुख बाएर उसका बाणहरू चबाउन लागिन् र घोर गर्जन गरिन् । जसले गर्दा दानवहरू भयभीत भएर भाग्न लागे । त्यसपछि कालीले पाशुपतास्त्रको प्रयोग गरिन् किन्तु आकाशवाणीले उसलाई रोकिदियो किनकि उसको मृत्यु त्यसबाट हुनेवाला थिएन । त्यसपछि भद्रकालीले सय लाख दानवहरूलाई मच्याउ-मुरुउ पारिदिइन् । अनि उनी शङ्खचूड़लाई पनि खान दौडिन् तब दानवेन्द्र शङ्खचूड़ले उनलाई रौद्रास्त्र प्रयोग गरेर रोकिदियो । अनि शङ्खचूड़ले अनेक अस्त्र-शस्त्रहरूको प्रयोग गऱ्यो । भद्रकालीले ती सबैलाई टुक्रा-टुक्रा पारिदिनुभयो तथा उसका चक्र आदि अस्त्रहरूलाई पनि भद्रकालीले निलिदिनुभो । त्यसपछि कालीका मुक्काका मुक्का प्रहारले सात चक्कर लगाएर शङ्खचूड़ पृथ्वीमा पच्छारियो, तब देवीले गदा घुमाए झैं सयौं पल्ट घुमाएर मास्तिर आकाशमा फ्याँकिदिनुभयो । परन्तु प्रतापी शङ्खचूड़ वेगले कुदेर पृथ्वीमा खड़ा भयो ।

त्यसपछि कालीले सुनेको आकाशवाणीको अनुसार शिवजीद्वारा मात्र त्यो दानव मार्न सकिन्छ । तब बसाहामा चढेर शिवजी युद्धभूमिमा पुग्नु-

भयो । शिवलाई युद्धभूमिमा देखेर रथबाट ओर्लिएर शङ्खचूड़ले साष्टाङ्ग दण्डवत् प्रणाम गऱ्यो । अनि फर्की विमानमा चढेर कवच धारण गरेर धनुष उठायो र शिवका साथ युद्ध गर्न लाग्यो । उसले सय वर्षसम्म शिवका साथ युद्ध गऱ्यो । परस्परमा अनेक प्रकारका अस्त्र प्रहार गरेर ती दुवै खूब लडि-रहे । त्यतिखेर नै काली आएर अनेकानेक राक्षसहरूलाई चपाइदिइन् । वीरभद्र र नन्दीले सहस्रौं वीर दानवहरूलाई रणभूमिमा पसारा पारे । बचे-खुचेका दानव दैत्य वीरहरू भागे ।

शिवजीद्वारा शंखचूडको वध

त्यसरी आफ्ना सेनाहरूलाई भागाभाग गरेको देखेर दानवेन्द्रलाई अत्यन्त रीस उठ्यो । अब मेघले मूसलाधार पानी पृथ्वीमा वर्षाए झैं शङ्ख-चूड़ले शिवका उपर अविच्छिन्न बाणहरूको वर्षा गऱ्यो । अनि उ अदृश्य भएर लुकी-लुकी उपद्रो मच्चाउन लाग्यो । देवताहरूले उसको माया विद्यालाई बुझ्न सकेनन् । शिवजीले उसका सारा माया नष्ट गरिदिनुभयो । अनिपछि महाबली महेश्वर शिवजीले शङ्खचूड़को वधका लागि आफ्नू अमोघ त्रिशूल उठाउनुभयो । त्यस त्रिशूलको तेज सहन त बड़ा-बड़ा तेजस्वीहरूलाई पनि धौ-धौ पर्थ्यो । यसैकारण त्यो त्रिशूल चलाउन मनाही गरिदियो । आकाश-वाणीले भन्यो कि—तपाईं वेद मर्यादालाई नाश गरेर उसको मर्यादालाई भङ्ग नगर्नुहोस् । किनकि जबसम्म यसका साथ विष्णुको कवच र पतिव्रता स्त्री तुलसी रहन्छे तबसम्म यो नत बूढो हुन्छ नत मर्छ नै । त्यस्तो आकाश-वाणी सुनेर शिवजीले त्रिशूल प्रहार गर्ने विचार छोडिदिनुभो । त्यसपछि शिवले विष्णुलाई सम्झनुभो र तत्काल विष्णु पनि त्यहाँ टुप्लुक्क आइपुग्नु-भयो । विष्णुले बूढो ब्राह्मणको भेष धारण गरेर शङ्खचूड़सँग भिक्षा माग्ने । जे माग्ने पनि दिन्छु भन्ने उसलाई वचनबद्ध गराएर भिक्षामा बूढाले विष्णु-

कवच मागे । दानवराजले प्रसन्नतापूर्वक त्यो कवच दियो । अनि बूढा बाजे उसै रूपले उसकी स्त्री तुलसीभाठों पुगे र मायामा प्रवीण विष्णुले उसका साथ विहार (रतिरङ्ग) गरे । त्यसरी कवचीय शक्ति र पातिव्रत्य शक्तिले विहीन हुँदा शिथिलिएको सम्झेर मौका मिल्नेबित्तिकै शिवजीले यौटा विजय नामको शूल उठाएर शङ्खचूड़माथि प्रहार गरे । जुन शूल रोपिएर अब उ ठहरै मऱ्यो । त्यसै बखत आकाशमा दुन्दुभि बज्न लागे । आकाशबाट फूल-हरूको वर्षा हुन लाग्यो । अनि शङ्खचूड़को पनि श्राप सकियो र उ श्रापमुक्त भयो । उसका हाड़हरूबाट एक प्रकारको शंखेकीरोको जाति जन्म्यो, जुन जातिको शङ्खको शङ्खघोष अझै पनि विष्णुलाई अतिप्रिय छ, जुन शङ्खको ध्वनि सुनेर लाशका वरिपरि अदृश्य रूपले झुम्मेका प्रेत पिशाचहरू पर-पर पन्सिन्छन् । जुन शङ्खध्वनि मङ्गलमय मानिन्छ ।

तुलसीको श्राप-वर्णन

नारायण भगवान्ले देवकार्यका लागि ब्राह्मणको वेष धरेर शङ्खचूड़सँग कवच माग्नुभो । त्यसपछि शङ्खचूड़को रूप धारण गरेर उसकी स्त्री तुलसी-भाठों पुग्नुभो । तुलसीले उहाँलाई आफ्नू पति ठानेर सिंहासनमा विराजमान गराई उहाँको चरणामृत पान गरिन् र पान टक्याएपछि युद्धको समाचार सोधिन् । जब छद्मरूपधारी विष्णुले–हे प्रिये ! ब्रह्माजीको द्वारा हामी दुवैमा सन्धि भयो । यसैकारण शिवजी स्वधाम फर्कनुभयो र म पनि फर्केको हुँ— भन्नुभयो ।

त्यसपछि त्यसै रूपले उनले तुलसीका साथ रति-रमण गरे । त्यस कौतुककालका चालामाला र नयाँ पाराका बेचालका निराला जानेर तुलसी-ले उहाँलाई अन्यपुरुष ठानेर श्राप दिन तयार भइन् । तब श्रापको भयले विष्णु आफ्नू रूपमा प्रकट हुनुभयो । तुलसीले आफ्नू पातिव्रत्य भङ्ग ठानेर

क्रोधपूर्वक विष्णुलाई भनिन्—हे विष्णु ! तिमीमा दया पटक्कै छैन, तिम्रो मन ढुङ्गो जस्तो छ । त्यसकारण तिमीले पत्थर हुनुपरोस् । तिमीलाई दयाका सागर भन्नु व्यर्थ छ । तिमीले छलपूर्वक आफ्नू परम भक्तकै वध गरायौ । विष्णुलाई यति भनेर अलाप-विलाप गर्न लागिन् । तिनको विलाप सुनेर विष्णु भगवान्‌ले शिवको स्मरण गर्नुभयो । अनि उहाँ शिवजी प्रकट भएर तुलसीलाई संसारको नश्वरता सम्झाउन लाग्नुभो । उसलाई उसका तपस्या-को फल दिनुभयो र अनि उसलाई भन्नुभयो कि अब तिमी दिव्य रूप धारण गरेर वैकुण्ठमा बसी विष्णुकै साथ रमण गर । एक रूपले नदी तथा दोस्रो रूपले तुलसी नामक सर्वगुणसम्पन्न वनस्पति बन्ने छौ । अनि तिमी क्षीर-सागरकी पत्नी पनि हुने छौ । यसप्रकार तुलसीलाई सम्झाई-बुझाई अनि फेरि भन्नुभयो कि तिम्रो श्रापको प्रभावले विष्णु भगवान् पनि शिला (पत्थर) बनेर शालीनदी (गण्डकी) रूप तिम्रो जलमा नै रहनेछन् । त्यस शिला-लाई अनेक कीराले भित्रभित्रै काटी-काटी त्यसभित्र चक्रको चिह्न बनाइदिने-छन् । तब त्यस शिलालाई शालिग्राम मानेर सबैले पुज्नेछन् । जसले शाली-नदी र शालिग्रामलाई श्रद्धासित पुज्दैन उसले स्वर्गलाई नर्क र नर्कलाई स्वर्ग ठानी त्यसै प्रकारको लोकव्यवहार गर्नेछ ।

तुलसीलाई यति भनेर शिवजी अन्तर्धान हुनुभयो । तब तुलसीले विषम वीर्यले बिग्रिएर विकृत रक्त भएको त्यो देह त्यागी दिव्यरूप धारण गरेर विष्णुका साथ वैकुण्ठ गइन् । अर्को रूपले उनी गण्डकी नदी बनेर बग्न थालिन् । विष्णुजी उस गण्डकीको किनारमा पत्थर रूपले पनि रहन लागे । पापरूपी कीराहरूले कट-कट कडोरन वर्ष काटेर पापमुक्त पारिएका ती पत्थरहरू (शालिग्रामहरू) अत्यन्त पुण्यदायक मानिन्छन् ।

हिरण्याक्ष-वध

एकासमयमा पार्वतीका साथ भगवान् शङ्कर कैलाशबाट पैदलै हिंडेर काशीपुरीमा पुग्नुभो । अनि काशीलाई आफ्नू राजधानी बनाएर भैरव नामको वीरलाई काशी नगरीको रक्षक बनाउनुभो र सुखपूर्वक अनेक लीला गर्दै वहीं रहन लाग्नुभयो ।

यसै गरी मन्दराचल पर्वतमा पनि पार्वतीका साथ शिवजी विहार गर्नुहुन्थ्यो । विहारको वेलामा एकपल्ट पार्वतीजीले कमलका समान नरम सुन्दर आफ्ना हातहरूले भगवान् शङ्करजीका तीनै नेत्र छोपिदिनुभो । जसले गर्दा संसारभरमा महाअन्धकार फैलियो । त्यसै बखत विकराल मुख भएको, क्रोधपरायण, जटाधारी, कालो न कालो, ठाडा-ठाडा रौं भएको यौटा अन्धो पुरुष त्यहाँ उत्पन्न भयो र तत्काल उ नाच्न लाग्यो । उसलाई देखेर गौरी अत्यन्त आश्चर्यचकित हुनुभयो । तब पार्वतीले महेशासित सोध्नुभयो कि– हे नाथ ! यो पुरुष को हो ? तब संसार-सृष्टिकर्ता शङ्करजीले मुस्कुराउँदै भन्नुभयो–हे आर्ये ! यो अन्धो तिम्रो नै छोरो हो । अहिले तिमीले मेरो आँखा छोपिदिंदा मेरा पसीनाका थोपाहरूबाट यो उत्पन्न भएको हो । यसलाई तिमीले नै रचेकी हौ । यसकारण तिमी नै सखीहरू र गणहरू भएर बुद्धिपूर्वक यसको रक्षा गर । तब पार्वतीजीले अनेक उपायद्वारा उसको रक्षाको व्यवस्था विधान गर्नुभयो ।

त्यस समयमा हिरण्याक्ष नामको दैत्य, जो पुत्रको इच्छाले (पुत्रको कामनाले) शङ्करजीको आराधना गर्न लागेको थियो । धेरै वर्षदेखिको उसको तपस्याले प्रसन्न भएर शङ्करजी उसलाई वर दिन उभाठा पुग्नुभयो । तब उस हिरण्याक्षले भन्यो—प्रभो ! मेरो भाइका प्रह्लाद आदि पाँच पुत्र छन्,

परन्तु मेरो चाहिं यौटा पनि पुत्र भएन। तब शिवजीले 'अच्छा-अच्छा' भनेर उसलाई भन्नुभयो कि–मेरो अन्धक नामक पुत्र तँ जस्तै नै मुस्टण्ड बलियो छ। तँ त्यसैलाई पुत्ररूपमा पाउन मसित वरदान मागिले। तब त्यस दैत्यले शिव र पार्वतीलाई प्रसन्न पारी तीन प्रदक्षिणा गऱ्यो र वरमा उसै पुरुषलाई पुत्ररूपमा प्राप्त गऱ्यो। यसरी उसलाई वरदानमा स्वपुत्र दिएर शिवजी अन्तर्धान हुनुभयो।

हिरण्याक्षले त्यो उग्र वीर पुत्र प्राप्त गरेपछि द्यौता, दानव, यक्ष, किन्नर सबैलाई जिती तीनै लोकको राजा बन्यो। देवताहरू उसबाट पीडित भै व्याकुल भए। तब तिनीहरूले यज्ञस्वरूप वराहरूपधारी विष्णु भगवान्को आराधना गरे। तब विष्णुले आफ्ना कराल दाह्राले प्रहार गरेर सारा निशाचरहरूलाई मारी स्वचक्रले हिरण्याक्षको शिर पनि काटिदिनुभयो। अनि उसको सिंहासनमा अन्धकलाई अभिषेक गरी विराजमान गराउनुभयो। त्यसपछि पृथ्वीलाई आफ्ना कराल दाह्राले उठाएर पातालबाट माथि ल्याउनुभयो। तब प्रसन्न भएर सबै देवताहरूले वराहरूप विष्णुको धेरै-धेरै स्तुति गरे।

हिरण्यकशिपुको वध

वराहरूपधारी विष्णुले जब हिरण्याक्षलाई मार्नुभयो तबदेखि नै उसको भाइ हिरण्यकशिपु पनि विष्णुजीसित वैरत्व गर्न अघिबढ्यो।

त्यसपछि उसले मन्दराचलको यौटा गुफामा गएर, यौटा गोडाको बूढी-आंलाले टेकेर खडा भै ऊर्ध्वबाहु गरी घोर तपस्या गऱ्यो। तब हिरण्यकशिपुको तेजले व्याकुल भएर ब्रह्माजी उसलाई वर दिन उभाठाँ गए। उसले यस्तो वर माग्यो कि–मलाई कहिल्यै पनि मृत्युको डर नहोस् र म कुनै पनि अस्त्र-शस्त्र, पाश, वज्र, सुकेको, गीलो, वृक्ष पर्वतबाट नमरूँ। जल, अग्नि पनि मलाई मार्न समर्थ नहोऊन्। देवता, दैत्य, मुनि, सिद्ध, मनुष्य पशु आदि

कुनै पनि तपाईंले सृष्टि गरेका जीवहरू मलाई मार्न नसकून् । तब ब्रह्माजीले प्रसन्न भएर भन्नुभो–'तथास्तु–त्यस्तै होस् ।'

त्यसपछि त्यो त्यहाँबाट गएर चालीस हजार वर्षसम्म राज्य गर्नका लागि असुराधिपति बन्यो । तब त्यो अकण्टक राज्य पाएर उन्मत्त भएर तीनै लोकलाई तबाह गर्न थाल्यो । साराका सारा प्राणीहरू त्राहि-त्राहि गर्न थाले । सबै धर्महरूलाई नाश गर्न थाल्यो । तब भयभीत भएका सबै इन्द्र आदि देवताहरू ब्रह्माजीलाई साथमा लिएर विष्णुजीका पास क्षीरसागरमा गए । उहाँ पुगेर विष्णुजीलाई आफ्नू र उसको सारा हाल सुनाए । तब विष्णुजीले उसलाई मारि नै दिने आश्वासन दिनुभयो । त्यसपछि नृसिंहको रूप धारण गरेर त्यस दैत्यको नगरीमा जानुभयो । उहाँ पुगेर सबै राक्षसहरूलाई मारी विष्णु निर्द्वन्द्व यता-उता घुम्न लाग्नुभयो । प्रह्लादले विष्णुको अत्यन्तै प्रशंसा गरे । प्रह्लादले पितालाई भने कि–'तपाईं यिनका शरण पर्नुहोस् ।' परन्तु त्यो ती नृसिंहसँग युद्ध गर्न लाग्यो । हिरण्यकशिपु र नृसिंहको भयङ्कर युद्ध भयो । तर नृसिंहसित उसको क्यै लागेन । साँझ परेपछि नृसिंहले उसलाई काखमा बसाएर उसका मर्मस्थानहरूलाई नङ्गाले चिथोरेर विदीर्ण बनाइदिए र उसका वरबाट बाहिरिएका वस्तुले न दिन न रातमा मारिदिए । अनि प्रह्लादलाई उसको राज्यमा अभिषेक गरेर विष्णु बिलाए ।

यस्ता प्रकारले रुद्रबाट अन्धकको जन्म, हिरण्यकशिपुको वध, प्रह्लादको राज्य प्राप्ति आदि कथाहरू तिमीहरूलाई सुनाएँ, अब अगाडि अन्धकको कथा अझै अरू सुनाउँछु, ध्यान दिएर कान लाएर सुन ।

अन्धकको कथा

एकासमयमा विहार (विलासिता) मा डुबेको हिरण्याक्ष-पुत्र अन्धकलाई उसका भाइहरूले हँसी उडाउँदै भने कि––तपाईंलाई अब राज्यसित के

प्रयोजन ? तपाईंका बाबु हिरण्याक्ष त महामूर्ख थिए, जसले तपाईं जस्ता नेत्रहीन विकृत रूपवाला पुत्रलाई शिवजीबाट वरप्रसादमा प्राप्त गरे। तपाईं राज्य पाउने योग्य कदापि हुनुहुन्न। भला कहीं अर्कालै जन्माएको धर्मपुत्र पनि राज्यको उत्तराधिकारीको भागी हुन सक्छ ? राज्य त हामी गर्दछौं, राज्यमा तपाईंको अधिकार छैन। भाइहरूको यस्तो कुरा सुनेर अन्धक अत्यन्त दुःखी भयो, मलिन भयो र चकमन्न रातमा उठेर घोर तपस्या गर्नका लागि जङ्गलमा चलिगयो। जङ्गलमा पुगेर यौटा गुफामा आसन जमाएर बडो भारी उग्र तपस्या गऱ्यो। परन्तु त्यस तपस्याको कुनै फल मिलेन, अनि त्यो आफ्नू शरीर आगोमा जलाउन चाहन्थ्यो। त्यसको त्यस्तो दुःसाहस देखेर देवताहरूलाई भय तथा आश्चर्य भयो र सकल देवता ब्रह्माजीभाठौं गए। तब ब्रह्माजी उसलाई वर दिन उभाठौं आउनुभयो। उसले वरमा अजर-अमरता माग्यो र भन्यो कि—मलाई मेरो राज्य मिलोस्, प्रह्लाद आदि मेरा भाइहरू मेरा भृत्य बनून् तथा मेरा आँखाहरूमा दिव्य ज्योति आओस्। म कसैबाट पनि नमरूँ। चाहे नारायण या स्वयं शङ्करजी नै मलाई किन नमारून्।

उसले त्यस्तो वर मागेको सुनेर ब्रह्माजीले भन्नुभो—यो यस्तो वर त सम्भव छैन ! तिमी यो बाहेक अर्कै वर माँग। तब उसले फेरि भन्यो कि—त्यसो भए अरु सबै कुरो त मलाई मिलोस् नै परन्तु शिवजीलाई छोडेर मलाई अरु कसैले पनि मार्न नसकोस्। तब ब्रह्माजीले 'तथाऽस्तु' भनेर वरदान दिनुभयो। त्यसपछि त्यो फर्केर घर आयो र आफ्नू राज्य पायो। प्रह्लाद आदि सबै पनि उसका भक्त भए। अनि त्यो सर्व वैभव सम्पन्न भएर करोडौं वर्षसम्म राज्य गरिरह्यो तर उ अन्त्यमा दुष्टहरूको संगतमा फसिगयो। मदान्ध भएर वेद-मार्ग छोडिदियो। उसले छोरा, ब्राह्मणहरू, गुरुहरूलाई त्यागिदियो। यस्तैमा एकासमयमा मन्दराचलमा त्यो गएको थियो। उसलाई त्यो ठाउँ अत्यन्तै राम्रो लाग्यो र त्यहीं यौटा अति राम्रो महल (प्रासाद)

बनवाएर उसैमा बसेर त्यस रमणीय स्थानमा नाना प्रकारका विहार (मोज-मज्जा) गर्न लाग्यो । त्यस्तैमा त्यहाँ उसका मन्त्रीहरूले भने कि—यसै मन्दराचलमा यौटा जटाजूटधारी फुस्रे पुरुषका पासमा यौटी सर्वाङ्ग सुन्दरी स्त्री छ । तिनलाई हर्न तपाईं सवारी हुनुहोस् । परन्तु उ स्वयं गएन । आफ्ना मन्त्रीहरूलाई नै त्यस स्त्रीलाई हर्न पठायो । तब दुष्टमतिका दुर्योधन, वैधप, हस्ती आदि उसका उस्कौवा मन्त्रीहरू ती जटाजूटधारी शिवका पास पुगे र शिवलाई यौटा, ढोंगी फुस्रे ठानेर शङ्करको मजाक उडाउन लागे तथा उसकी सुन्दरी भार्यालाई आफ्ना राजाका लागि माँग्न थाले । तिनीहरूको त्यस्तो कुरो सुनेर शिवजीले मुस्कुराउँदै भन्नुभो कि—'म त योगी र सबको स्वामी हुँ, पाशुपत व्रत गरिरहेको छु । यी मेरी शक्ति सर्वसमर्थ छिन् । जो इच्छा लाग्दछ उनैलाई भन र उनैसित माँग । त्यसपछि ती मन्त्रीहरू फर्के र त्यो सब वृत्तान्त आफ्नू राजा अन्धकलाई सुनाए । उनीहरूबाट जगल्टे फुस्रेको धाक सुनेर अन्धक अत्यन्त क्रोधित भयो ।

त्यसपछि त्यो अन्धक क्रोधले पागल जस्तै भएर, डबकाका डबका मदिरा पान गरेर, राता-राता आँखा घुमाउँदै, हात्तीको हिंडाइ जस्तै हिंडाइ हिंड्दै, केही सेना पनि साथमा लिएर जोगी रूपधारी शिवजीका साथ युद्ध गर्न हिंड्यो । उहाँ शिवका गणहरूले शिव रहने गुफाको बाटो रोकेर राखेका थिए । बाटामा शिवगणको पिटाइ खाँदै त्यो अन्धक कामाग्निले जलेर गण-हरूलाई माचमिच पार्दै अगाडि बढ्दै गयो । शिवगणले उसलाई र उसका सहायकहरूलाई पिटी-पिटीकन थौवा पारेर लखेटिदिए ।

तब उ पुरीमा पुगेर भारी सेनाका साथ शिवभाठौं युद्ध गर्न आयो । अनि उहाँ घमासान लडाई भयो । रणभूमिमा रगत-मासु-बोसो पिएर खाएर स्यालहरू आनन्द मनाउन लागे । रगतको त भलै बग्न लाग्यो । तब शिवले स्वपत्नी पार्वतीलाई भन्नुभयो—हेर, यो संसारको क्या विलक्षण गति छ । स्त्रीको मामिला लिएर कहिलेकाहीं आपनैसित पनि युद्ध गर्नुपर्छ । हेर, कहाँ

म पाशुपत व्रत पूरा पार्न आएको थिएँ, कहाँ यो अर्कै व्रत गर्नुपरिरहेको छ । आऊ, अब अर्कै वनमा जाओं । यति भनेर शङ्करजी अर्कै वनमा जानुभयो । परन्तु पार्वतीजी त्यही वनमा त्यसै आश्रममा रहनुभो । उहाँ शिवजीको प्रतीक्षा गरेर त्यहीं मन्दराचलमा बस्नुभयो । शिवका गणहरू वीर-वीरकको नेतृत्वमा पार्वतीको रक्षाका लागि तत्पर थिए ।

त्यसरी शिव अन्तै गएपछि कामपीडित अन्धक एकाएक शिवजीको गुफामा पस्ने प्रयत्न गर्न थाल्यो । पाँच सय पाँच रात–दिनसम्म उसले खाना-पिना निद्रा त्यागी निरन्तर युद्ध गरिरह्यो । शस्त्र-अस्त्र, मुक्का-मुक्की लातालात लाठालाठीका प्रयोगले भयङ्कर युद्ध भयो । वीर वीरक बेहोशिएर घेरियो । त्यसै बेला देवताका शक्तिहरू पार्वतीभाठौं आएर वरिपरि बसे । ती वीर भेषधारी देवताका शक्तिहरूद्वारा तब रणभेरी वजाइयो । त्यो वाद्यध्वनि सुनेर वीर वीरक बहुरिएर फेरि युद्ध गर्न थाल्यो । तब उ-सँगसँगै नारायणी, ब्राह्मी, गौरी, इन्द्राणी आदि देवीहरू हतियार चलाएर युद्ध गर्न थाले । सबैले वीरकलाई नै सेनापति बनाए र आपना सखीहरूसमेत भएर पार्वतीजीले पनि अपूर्व युद्ध गर्नुभयो । त्यसरी लड्दा-लड्दै एक हजार वर्ष बिते । तब एक हजार वर्षपछि शङ्करजी पनि उहाँ आइपुग्नुभयो । फेरि त्यस दैत्यले ती जोगीका पास सन्देश पठाएर उनकी स्त्रीको माँग गऱ्यो । तब जङ्गिएका जोगीले अत्यन्त क्रोधपूर्वक दूतलाई सम्झाएर युद्ध गर्ने सन्देश पठाए ।

तब महाबली गिल नामको दैत्यलाई सेनापति बनाई अगिलाएर त्यो अन्धक फेरि शिवसित लड्न गयो । उसले गुफाद्वारमा वज्रले हिर्काएर फोरी पार्वतीजीका उपर पनि वज्रको प्रहार गऱ्यो ! अन्धकका सेनाले शङ्करजीको गुफालाई पनि तोड-फोड गरिदिए । तब त शङ्करजीले विष्णु आदि देवता-हरूलाई बोलाएर आफ्ना भूतगणहरूलाई अगाडि बढाई दारुण युद्ध शुरू गरिदिनुभो । त्यस युद्धमा अन्धकको विधस नामको दैत्यसैनिकको पेटमा ब्रह्मा, विष्णु, इन्द्र, सूर्य, चन्द्रमा आदि समस्त देवताहरू, अजिगरको पेटमा

पसे झैं पसे । केवल यौटा वीरक नामको गण मात्र बाँकी रह्यो । तब शङ्करजीले सामवेदको गान गर्नुभयो । त्यसपछि सूर्यका समान प्रकाशित आफ्नू शरीरले अट्टहास गरे । यसै बीचमा दैत्य विधसले नन्दीलाई पनि निलिदियो । त्यसका बाद त शिव स्वयं महाक्रोध गरेर युद्धका मैदानमा आए । तब शिवले तीखा बाणहरूले विधसलाई छिया-छिया पारी थला बसाएर उपको पेटमा पसेका सबै देवताहरूलाई ह्वालह्वाली छदाए । त्यस-पछि फेरि भयङ्कर युद्ध भयो । यता शुक्राचार्य मरेका दैत्यहरूलाई जीउँदो बनाइरहेका थिए । त्यस्तो देखेर शङ्करजीले शुक्राचार्यलाई फल निले झैं काप्पै निलिदिनुभयो । यस कार्यले दैत्यहरूको बल एकाएक क्षीण भयो । तब त दैत्यहरूलाई देवताहरूले गोदी-गोदीकन व्याकुल बनाइदिए । अनि सबै देवताहरू मिलेर त्यो दैत्येन्द्र वीर अन्धकलाई पिट्नासम्म पिटे । पिट्नामम्मको पिटाईले उसको शरीर थिलथिलो भयो । तब उसले भक्तिपूर्वक शिवजीको स्तुति गऱ्यो त शिवजीले खुशीले गद्गद भएर उसलाई गण-पतिको पद दिनुभयो । तब मेल-मिलापपूर्वक युद्ध समाप्त भयो । अनि भग-वान् शिव पनि आफ्नी प्रिया पार्वतीका साथ आफ्नू गुणगौरव गुफामा पस्नुभयो ।

शुक्राचार्यको मुक्ति

शिवजीको मुखबाट सुलुत्त पेटमा पुगेका शिव-उदरस्थ शुक्राचार्य बाहिर निस्कन बड़ा भारी प्रयत्न गरिरहेका थिए । शुक्राचार्यले शिवको भुँडीबाट बाहिर निस्कनका लागि अनेक छिद्रहरू (प्वालहरू) खोज्न लागे । परन्तु कुनै छिद्र पनि उनले भेट्टाएनन् । त्यसपछि शुक्राचार्यले शिवको पेटभित्रै शिवको मन्त्र जपी-जपीकन शिवको वीर्यरूप बनेर शिवको लिङ्गमार्गद्वारा शिवको इच्छाले बाहिर निस्किर शिवजीलाई दण्डवत् प्रणाम गरे । तब

पार्वतीले शिव-पुत्रसमान मानेर शुक्राचार्यलाई विघ्नरहित बनाइदिनुभो । त्यस हालतमा शुक्राचार्यलाई देखेर दयाका सागर शिवजीले भन्नुभयो—हे भृगुपुत्र ! जसरी तिमी मेरो लिङ्गद्वारा मेरो शुक्र बनेर मेरो पेटबाट निस्कियौ त्यसै कर्मले तिम्रो नाम अब उप्रान्त भार्गवको बदला शुक्राचार्य हुनेछ ।

शुक्राचार्यलाई 'मृतसञ्जीवनी विद्या' प्राप्त भएको कथा

व्यासजी भन्दै हुनुहुन्छ—हे सनत्कुमारजी ! शुक्राचार्य (भार्गव) ले भार्गव अवस्थामै 'मृतसञ्जीवनी विद्या' कसरी प्राप्त गरेका थिए, अब म त्यो सुनाउँछु, मन लाएर सुन । उहिल्यैको कुरो हो कि—शुक्राचार्यले वाराणसी काशीमा गएर काशी-विश्वनाथको ध्यान गरी भारी तपस्या गरे । उत्तर भारतमा उत्तर-वाहिनी गङ्गाको उत्तर तट साह्रै नै पुण्यस्थली हुने हुनाले त्यहाँ मल-मूत्र त्याग र सांसारिक घमासान गर्दा भयङ्कर पाप लाग्ने भयले त्यस पुण्यभूमिमा कोही पनि मानिस बस्तैनथे । त्यसैले गगाबाट दश हजार हात उत्तरसम्मको त्यो भूमि त्यतिखेर अटाम्मे जङ्गल थियो । कोही पनि मानिस त्यहाँको छेस्कोसम्म पनि प्रयोगमा ल्याउँदैनथे, त्यहाँबाट बाहिर लाँदैनथे । केवल पुण्य पर्वहरूमा स्नान गर्न मात्र जान्थे । पुण्यस्थल मणि-कर्णिकामा लाश जलाउन जाँदा दाउरा पनि बाहिरबाटै लान्थे । तपको दौरानमै आफ्नो तपस्याको पुण्य स्मृतिको स्मरण अमर गराउन त्यो तपस्या गरेकै ठाउँमा भगवान् शिवको ज्योतिर्लिङ्ग स्थापना गरे र यौटा सुन्दर कुआ (इनार) पनि भक्तहरूलाई बनवाए । त्यसपछि त्यो शिवलिङ्गलाई पटकैपछि एक द्रोण (सोह्र पाथी) पञ्चामृतले ज्योतिर्लिङ्ग शिवजीलाई लाखपल्ट स्नान गराए । दिनहुँ सुगन्धित वस्तु र कमलका फूलहरूले शिवको पूजा गरे । शिव-सहस्रनाम तथा दिव्य स्तोत्रहरूको पाठ गरे । ताण्डव स्तोत्रहरूले पूजा अर्चना गरे । त्यसपछि हजार वर्षसम्म आफ्नू चञ्चल चित्तलाई शिवा-

र्पण गरी शुद्ध गराए । त्यसपछि त त्यसै ज्योतिर्लिङ्गबाट शिव स्वयं प्रकट भए र उनलाई इच्छित वर माग्न भने । तब भार्गवजीले पुलकित (हर्ष-रोमाञ्चित) भई शिवलाई दण्डवत् प्रणाम गरे । अञ्जलि बाँधेर शिवजीको स्तुति गरे । तब भार्गवको कार्य र सेवालाई चिरस्थायी सुरक्षित राख्नका लागि उनलाई वरदानमा 'मृतसञ्जीवनी विद्या' दिनुभयो र भन्नुभो—यसद्वारा तिमी मरेका प्राणीहरूलाई पुनः पहिलेको जस्तै जिउँदो बनाउन सक्छौ । यस सत्येश्वरी विद्याको प्रभावले तिमी जो चाहन्छौ वा इच्छा गर्दछौ ती सबै काम पूर्ण हुनेछन् । मेरा प्रभावले तिमी अब सूर्यभन्दा पनि माथि विमल तारा बनेर चम्कनेछौ । तिमी उदय भएको अर्थात् देखिएको बेलामा नै सबै विवाह आदि माङ्गलिक कार्य शुभद हुनेछन् । यस्ता प्रकारको वर भार्गवलाई दिएर शिवजी उसैं पार्थिवलिंगमा म्लेच्छ युग नआएसम्मका लागि यहीं रहन्छु भन्दै लय हुनुभो । हे ऋषिहो ! यस्ता प्रकारले शिवजीबाट भार्गवजी-लाई 'मृतसञ्जीवनी विद्या' मिलेको थियो ।

वाणासुरको आख्यान

व्यासजी भन्नुहुन्छ—हे सर्वज्ञ सनत्कुमारजी ! तपाईंले शिवाऽनुग्रहको यो अत्यन्त रामो कथा सुनाउनुभयो । अब वाणासुरलाई गाणपत्य पदको प्राप्तिको पवित्र कथा सुनाउनुहोस् । व्यासबाट यस्तो सुनेर सनत्कुमारजी भन्नुहुन्छ—हे व्यासजी ! मरीचिका पुत्र कश्यपजी हुनुभयो । दक्षका तेह्र कन्या उनका पत्नी थिए । उनमा सबभन्दा जेठी दितिबाट दैत्य पैदा भए । अरू पत्नीहरूबाट देवताहरू उत्पत्ति भए । दितिबाट हिरण्यकशिपु र हिरण्याक्ष दुई महाबली राक्षस उत्पन्न भए । तिनमध्ये जेठो हिरणकशिपुका हंलाद, अनुह्लाद, सह्लाद तथा प्रह्लाद चार पुत्र पैदा भए । यी चार पुत्रमध्ये कान्छो प्रह्लादको पुत्र अतीव जितेन्द्रिय त्यस्तै विष्णुभक्त विरोचन नामको पुत्र पैदा

भयो , जसले आपनू शिर काटेर इन्द्रलाई दान दिएको थियो । विरोचन-पुत्र बलि पनि बडा दानी थिए । बलिले वामन भगवान्लाई सारा पृथ्वी दानमा दिएका थिए । बलिको पुत्र अत्यन्त दानी तथा शङ्करको भक्त वाणासुर भयो । उसले तीनै लोक जितेर पृथ्वीमा शोणित नामको नगरी बसाएको थियो । एकासमयमा वाणासुरले वाद्यद्वारा ताण्डव नृत्य गरेर शङ्करजीलाई प्रसन्न पारेको थियो । तब शङ्करजीले उसमाथि दयादृष्टि राख्नुभो र वरदान माँग् भन्नुभो । तब वाणासुरले शिवलाई भक्तिपूर्वक प्रणाम गरेर वर माँग्यो– हे प्रभु ! तपाईं आफ्ना गणका साथै मेरो नगर शोणितपुरमै सदासर्वदा विराजमान होइवक्सियोस् । त्यसपछि भक्तवत्सल शिव आफ्ना गणसहित वाणासुरको राजधानी शोणितपुरमै निवास गर्न लाग्नुभो ।

तब एकदिन उसै शोणितपुरको नगीचै बहने नदीको किनारमा शिवले यौटा लीला गर्नुभो । बडो भारी नाच-गान भयो । सबै देवता सबै अप्सराहरू त्यहाँ आए । त्यसपछि जलक्रीडा प्रारम्भ भयो त शिवले पार्वतीजीलाई कैलाशबाट बोलाउनुभयो । तब अप्सराहरूले विचार गरे कि जबसम्म पार्वती जो आइपुग्नुहुन्न, तबसम्म कुनै पनि स्त्री यदि शिवका साथ जलक्रीडा गर्छे भने शिवजीले उसलाई सर्वोत्तम सन्तरीको पद दिनुहुनेछ । यस्तो प्रस्ताव पारित भएपछि वाणासुरकी छोरी उषाले शिवजीलाई समात्नका लागि पार्वतीको रूप बनाइन् । तबतकैमा पार्वतीजी पनि उहाँ आइपुग्नुभो । पार्वतीजीले वाणासुरकी पुत्री उषाको मनको भाव जानिलिनुभो । तब गिरिजा पार्वतीले उषालाई भन्नुभो–अरे रे ! तिमीले मेरो स्वरूप किन बनायौ ? अच्छा, भैगो त, अब तिमी यसै कात्तिक महीनामा नै ऋतुमती (नछुने) हुनेछ्यौ र बैशाख शुक्ल द्वादशीको आधारातमा निदाइरहेकी तिमीलाई सपनामा कुनै सुन्दर युवकले बेसरी सम्भोग गर्नेछ । त्यसपछि तिमी त्यसैकी प्यारी पत्नी हुनेछ्यौ । यति उषालाई भनेर शिवका साथ जलक्रीडा गर्न पार्वतीजी तयार हुनुभो । त्यसपछि शिव-पार्वती दुवै अन्तर्धान गए ।

उषाको चरित्र

सनत्कुमारजी फेरि भन्नुहुन्छ--हे व्यासजी ! एकासमयमा बाणासुरले शिवलाई प्रसन्न पाऱ्यो । तब उसले शिवजीलाई विन्ती गऱ्यो--हे प्रभो ! प्रभुले मलाई जो यी हजार बाहु दिनुभएको छ, यिनबाट मलाई के लाभ ? युद्ध-बिना यिनको मलाई के प्रयोजन ? मैले यी सहस्रबाहुको बलले यम, कुबेर, इन्द्र जस्ता सबैलाई जितिसकेको छु । प्रभुलाई छोडेर सबै देवतालाई जितिलिएँ । तसर्थ अब तपाईं पनि मसित युद्ध गरिबक्सियोस् । जतिखेर शत्रुका शस्त्रहरूले मेरा भुजा (बाहु) हरू छिया-छिया भएर पृथ्वीमा झनेंछन्, अनि मात्रै मेरा मनोरथ पूर्ण हुनेछन् । भक्त बाणासुरको यस्तो कुरो सुनेर शङ्करजी केही झोंकिएर भन्नलाग्नुभो--अरे अहङ्कारी ! तँलाई धिक्कार छ । भक्तवर बलिको कुलमा पैदा भएर तैंले यस्तो भन्नु उचित थिएन । अब तँ तुरुन्तै आफ्नू अहं घमण्डको शान्ति स्वस्ति भएको अवस्था पाउनेछस् । अब चाँडैनै कुनै वीर बलवान्सित तेरो युद्ध हुनेछ र त्यसै युद्धमा तेरा यी पर्वताकार पाखुराहरू कटाकट कटेर पृथ्वीमा धड़ाधड़ गिर्नेछन् । जब तँ द्वारा स्थापित शस्त्रशालामा उत्पात होला, तब जान्नु कि तेरो कठिन समय समीप आएको छ । यति सुनेपछि बाणासुरले दिव्य सुन्दर फूलहरूले शङ्करजीको पूजा भक्तिपूर्वक श्रद्धासाथ गऱ्यो र दण्डवत् प्रणाम गरेर प्रसन्न हुँदै फर्किंयो ।

अनि कुनै समयमा आफ्नू ध्वजालाई देखेर बाणासुर अति प्रसन्न भयो र विचार्न लाग्यो कि--शिव बाहेक यस्तो को पराक्रमी होला कि जो मसित लड्न सकोस् र मलाई आच्छु-आच्छु पार्न सकोस् । जब बाणासुर यस्तो सोच्दै थियो त्यसै बेला त्यहाँ टुप्लुक्क काल आइपुग्यो । त्यतिखेर त्यहाँ बाणासुरकी पुत्री उषा सुन्दर वेशभूषामा उभिएकी थिई । वैशाखको महीना

थियो । त्यो राति-राति सधैं विष्णुको पूजा गर्ने गर्थी । कुनै दिनको राति त्यो आपनू गुप्त र सुरक्षित अन्तःपुरमा आफ्ना सँगिनीहरूका साथ सुतिरहेकी थिई । तब मायावश सपनामा कृष्णका पुत्र आई उसका साथ खूब जोड़-तोड़को संभोग गरेर गए । तब उषाले आफूलाई दूषित ठानेर आफ्नू शरीर त्याग गर्ने कुरो सखीहरूसित गर्न थाली ।

त्यसपछि कुष्माण्डकी पुत्री योगिनी चित्रलेखाले उषालाई उसको पूर्व-जन्मको वृत्तान्त विस्तारपूर्वक सुनाई । त्यसका बाद त त्यो उषा उस गुप्त पतिलाई प्राप्त गर्ने उपाय सोच्न लागी । अनि चित्रलेखाले एकैछिनमा यौटा सेतो सफा वस्त्रमा सबै देवताहरूको, गन्धर्वको, सिद्ध र नाग आदिको खाका चित्र क्रमशः बनाउँदै देखाउँदै गई तर उषाले अहँ मात्र भन्दै गइन् । त्यसपछि मनुष्यहरूमा उत्तम राम, कृष्ण, प्रद्युम्न अनिरुद्धका सुन्दर चित्र पनि बनाई । अनिरुद्धको चित्र देख्नेबित्तिकै उषा लज्जित भइन् र उनले चित्रलेखालाई बताइन् कि 'हुन्-हुन्, यिनै हुन्, यिनैले मेरो चित्त चोरेका हुन् ।' तब चित्र-लेखाले उसको नाम, वंश आदि विस्तृतरूपले बनाएर अनिरुद्धको धेरै-धेरै प्रशंसा गरिन् । चित्रलेखाबाट प्रशंसा सुनेर उषा उस अनिरुद्ध-प्रति मोहित भइन् र उसलाई पाउने उत्कण्ठा देखाउन लागिन् । त्यसपछि त्यस उत्कण्ठा-पूर्तिका लागि ज्येष्ठकृष्ण चतुर्दशीको राति आकाशमार्गले योगिनी इच्छा-शक्तिवाली चित्रलेखा आधारातमा द्वारका पुगी र निदाएका अनिरुद्धलाई शय्यासहितै योगशक्तिद्वारा उडाएर एकैछिनमा अदृश्य रूपमा शोणितपुरको राजकीय अन्तःपुरमा पुऱ्याई । उषाले आश्चर्यचकित भई अनिरुद्धलाई ब्यूँझाएर उनका साथ काम-क्रीडा गर्न आरम्भ गरिन् । त्यसै चकाचकीको बेला त्यस चकाचकीको जानकारी अरूले पनि पाए । तुरुन्तै द्वारपालहरूले त्यस कुराको सूचना राजा बाणासुरलाई दिए । आफ्नी छोरीको त्यो दूषण (दोषी) काम देखेर त्यस्तो अन्तःपुरमा त्यो कसरी पुग्यो भन्ने कुरामा बाणासुरलाई महान् आश्चर्य भयो ।

वाणासुरको युद्ध तथा उषाको विहार

त्यसपछि वाणासुरले अन्तःपुरमा प्रवेश गरेर उहाँ अनिरुद्धलाई देख्यो र क्रोधपूर्वक उस लीलायुक्त अपूर्व सुन्दर पुरुषसित बोल्यो–तैंले मेरी पुत्रीलाई दूषित गराइस् । यसकारण तँ युद्धका लागि तयार हो । उसले आफ्ना सेनाहरूलाई आज्ञा दियो । उनीहरूले अनिरुद्धलाई पक्रेर बाहिर ल्याए । त्यसपछि अनिरुद्धले ती सबैलाई मारेर फेरि उषाभाठौं अन्तःपुरमा ठाटपूर्वक पुगे । तब वाणासुरले आफ्नू रणकुशल मन्त्री युद्धप्रवीण कुष्माण्डलाई त्यस पुरुषसँग युद्ध गर्न पठायो । शिवजीद्वारा अनिरुद्ध सुरक्षित थिए । कुष्माण्डले उनलाई जित्न सकेन त वाणासुर स्वयं उनसित युद्ध गर्नका लागि आयो । वाणासुर घोडामा चढेको थियो । उसले अनिरुद्धलाई नागपाशले बाँधेर यौटा पिंजडामा हलिदियो र अनिरुद्धको शिर काट्न वाणासुर तयार भयो र भन्यो–यसले मेरो कुललाई दूषित पारेको छ । बलात्कारका लागि यही फल यसलाई दिन्छु । त्यसै वेला आकाशवाणी भयो–हे वाणासुर, ! तिमी शिवका भक्त हौ । तिमी यस्तो क्रोध नगर । शिवजी सबका ईश्वर होइबक्सिन्छ । यदि काट्यौ भने तिम्रो सर्वनाश गरिदिनुहुनेछ ।

सहसा यस्तो आकाशवाणी सुनेर वाणासुर एकाएक शान्त भयो । राति अनिरुद्धले दुर्गाको वन्दना गरे । दुर्गा प्रकट भएर उसको पिंजडा काटिदिनुभो । दुर्गाले अनिरुद्धलाई बन्धनमुक्त गरिदिनुभयो । तब त्यति गरिसकेपछि फेरि दुर्गा वाणासुरकी छोरी उषाका पास पुग्नुभो ।

कृष्णादिको युद्ध-वर्णन

यता द्वारकामा अनिरुद्ध लापता भएपछि रनिवासका स्त्रीहरू रोएको कोकोहोलो सुनेर श्रीकृष्णलाई ठूलो दुःख भयो। केहीपछि वाणासुरले अनिरुद्धलाई बाँधेको समाचार नारदजीद्वारा श्रीकृष्णले सुन्नुभो त श्रीकृष्णजी यादवहरूको भारी सेना लिएर युद्धका लागि द्वारकाबाट चल्नुभयो। अठार अक्षौहिणी सेना साथमा लिएर श्रीकृष्णले शोणितपुरलाई घेरिलिनुभो। तब वाणासुर पनि श्रीकृष्णसँग युद्ध गर्न गयो। भक्तको रक्षाका लागि सदाशिव पनि उहाँ जानुभयो। त्यहाँ पुगेपछि कृष्ण र शिवको अद्भुत लडाइँ भयो। श्रीकृष्णको शिवका साथ, प्रद्युम्नको कुष्माण्डका साथ, कूपको कर्णका साथ, वाणका पुत्रको साम्बका साथ, वाणको सात्यकिका साथ युद्ध भयो। त्यस युद्धमा ब्रह्मास्त्रआदि सबै प्रकारको प्रयोग भइरहेको थियो। शिवका तेजले कृष्णका सेना युद्धमा टिक्न सकिरहेका थिएनन्। तब श्रीकृष्णले शीतला नामक ज्वर (शीतज्वर) अस्त्र छोड्नुभो। शिवजीले त्यस ज्वरलाई शान्त पारिदिनुभो। त्यस कामले श्रीकृष्णलाई ठूलो आश्चर्य लाग्यो। त्यसपछि सबैले शिवको स्तुति गरे। फेरि श्रीकृष्णले भन्नुभयो—हे प्रभो! तपाईंको आज्ञाले वाणासुरका सहस्र बाहु काट्न नै म आएको हुँ। तसर्थ तपाईं युद्धबाट हट्नुहोस्। मलाई आज्ञा दिनोस्, त्यसलाई म मारिदिन्छु। तब शिवजीले भन्नुभयो—साँचै हो, मैले वाणासुरलाई श्राप दिएको छु, तसर्थ तपाईं यसलाई मारिदिनोस्। तब श्रीकृष्णले जृम्भण गरी वाणासुरका सहस्र बाहुहरूलाई कटाकट काटिदिनुभो।

अब उसका केवल दुइटा बाहु मात्र बाँकी रहे। तब वाणासुरले श्रीकृष्णलाई अन्तःपुरमा लिएर गयो र उहाँ पुगेपछि आफ्नी कन्या अनिरुद्धलाई दिएर दाइजोमा दिनासम्म रत्नादि दियो। श्रीकृष्णको अद्भुत

स्वागत गऱ्यो । तब श्रीकृष्ण आफ्ना नातिनी-बुहारी र नातिलाई साथमा लिएर कुटुम्ब र सेना-सहित द्वारका आउनुभयो र द्वारका पुगेर भारी उत्सव मनाइयो ।

वाणासुरलाई गाणपत्य पदको प्राप्ति

त्यसपछि वाणासुर आफ्नू मूर्खतामा पश्चात्ताप गर्दै शिवजीभाठौं गएर अलाप-विलाप गर्दै रुन लाग्यो । अनि उसले हस्तपद न्यासयुक्त ताण्डव नृत्य गऱ्यो । तब शिवजीले प्रसन्न भएर वर माँगू भन्नुभो । उसले शोणित-पुरको राज्य उषाको पुत्रका लागि माग्यो र आफ्नू दैत्यवंशको विनाश माँग्यो । शिवजीले उसलाई गाणपत्य पद प्रदान गर्नुभयो ।

गजासुर-वध-वर्णन

जब द्यौताहरूको हितका लागि देवीले महिषासुरको वध गर्नुभएको थियो त उसको वीर पुत्र गजासुरले उग्र तपस्या गरेर ब्रह्माजीलाई प्रसन्न पाऱ्यो । अनि उसले तीनै लोकसहित सबलाई जितेर जितिएकाहरूको तेज र तुजुक हरिलियो । उसले देवताहरूलाई आपना चरणमा गिराएर ढोग्न लगायो र सबैलाई प्रचण्ड आज्ञा दिएर स्वर्ग छाडी महेन्द्र पर्वतमा गएर बस्ने आज्ञा दियो । त्यसपछि त्यो विषयलोलुप भैगयो । शास्त्रहरूको उल्लंघन गरेर ब्राह्मणहरूलाई, तपस्वीहरूलाई सताउन थाल्यो ।

तब सबै इन्द्र आदि देवतहरू शिवजीको शरणमा गए । देवताहरूको दुःख सुनेर शिवजी त्रिशूल लिएर उसलाई मार्नका लागि जुर्मुराएर चल्नु-भयो । उहाँ पुगेर शिवजीले त्रिशूलले उस दैत्यको शिर काटिदिन लाग्दा उसले शिवजीको स्तुति गऱ्यो र प्रसन्न भएका शिवले वरदान दिन लाग्नुभो ।

उसले वरदान माँग्यो कि—हे प्रभो ! यदि तपाईं मेरा उपर प्रसन्न हुनुहुन्छ भने मलाई मारेपछि मेरो छालालाई आफ्नू ओढ्ना बनाइबक्सियोस् । तब शिवजीले उसलाई 'तथाऽस्तु' भनेर उसका लागि काशीमा ज्योतिर्लिङ्ग बनवाउनुभो र मृत्युञ्जय नामकरण गर्नुभयो । त्यसरी गजासुरको वध भएपछि सकल देवता शान्त भए ।

निर्हाय-वध

जब भगवान् विष्णुद्वारा दितिको पुत्र मारियो त दितिलाई असाध्यै दुःख लाग्यो । त्यतिखेर निर्हाय आएर दितिलाई ठूला आश्वासन दियो र मारा देवताहरूलाई जितेर दास बनाउने विचार गऱ्यो । उसले ब्राह्मणहरूलाई धर्मको रक्षा गर्ने कारण मानेर ब्राह्मणहरूको विनाश गर्न प्रारम्भ गऱ्यो । काशीलाई ब्राह्मणहरूको मुख्य स्थान मानेर पहिले काशीमै गएर ब्राह्मणवध गर्छु भनेर काशीतर्फ चल्यो । काशीमा पुगेर निर्हायले ब्राह्मणहरूको हत्या गर्न शुरू गऱ्यो । दिनभरि दयालु मुनिहरू जस्तै ध्यान लगाएर यानी ध्यानमग्न भएर मुनिहरूका साथैमा बस्तथ्यो र राति-राति ब्राह्मणहरूको पर्णशाला (छाप्रा-छाप्रा) मा गएर उनीहरूलाई चिरी-चिरी तिनको मुटु कलेजो खाने गर्दथ्यो । एकपल्ट शिवरात्रिको रात यौटा शिवभक्तलाई खान गयो । त्यो शिवभक्तले शिवमन्त्रको कवच पहिरेको थियो । यसैकारण उसले उनलाई खान सकेन । शिवजीले त्यहीं प्रकट भएर मुक्काले ठोकेर उसलाई मारिदिनुभो ।

विन्दल र उत्पल नामका दैत्यहरूको विनाश

सनत्कुमारजी भन्नुहुन्छ–हे व्यासजी ! विन्दल तथा उत्पल नामका दुइटा दैत्य थिए । उनीहरूले तपस्याद्वारा यस्तो वरदान माँगेका थिए कि 'हामी कसैबाट नमरौं ।' चाहे जस्तै वरदान पाएर ती दुवै अत्यन्त अभिमानी भएका थिए । उनीहरूले आफ्ना बाहुबलले सारा ब्रह्माण्डलाई नै जितेर आफ्ना वशमा गरिलिए र समस्त देवताहरूलाई पनि युद्धमा हराइदिए ।

तब देवताहरू दुःखी भएर ब्रह्माभाठौं गएर आफ्नो दुःखको हालत सुनाए । देवताहरूको गुनासो सुनेर ब्रह्माजीले भन्नुभयो–हे देवताहरूहो ! यी दुवै दैत्य जगज्जननी पार्वतीजीबाट मात्रै मारिनेछन् । अब तिमीहरू धैर्य धारण गरेर भक्तिपूर्वक शिवजीको ध्यान गर । उनी भयहारी हुन् ।

त्यसपछि नारदजी ती दैत्यहरूभाठौं पुग्नुभो र तिनीहरूलाई पार्वतीजीको रूपको प्रशसा सुनाउनुभो । किनकि नारदलाई भगवान् शङ्करको प्रेरणा नै त्यस्तै थियो । नारदजीको मुखारविन्दबाट पार्वतीजीका रूपको वर्णन सुनेर ती दुवै दैत्य काम-पीडित भएर पार्वतीजीलाई हरण गर्ने योजना बनाउन लागे ।

कुनै दिनको कुरो हो, पार्वतीजी आफ्ना सखीहरूका साथ भकुण्डो खेलिरहेकी हुनुहुन्थ्यो । ती दैत्यहरू मायावी भएर शिवगणहरूको रूपमा उहाँपुगे र पार्वतीजीका साथ कटाक्ष (छट्के आँखा) गर्न लागे । महादेवजीले ती दुवैलाई यी दैत्य हुन् भनेर जानिलिनुभो । ती मायावीहरूको त्यो सबै चाल शिवले इशाराद्वारा पार्वतीलाई सम्झाइदिनुभो ।

महादेवको इशाराको भाव बुझेर पार्वतीजीले खेल-खेलमा नै आफनू गेंद तिनै दैत्यलाई लाग्ने गरी हानिन् । भकुण्डोले लाग्नेबित्तिकै ती दुवै दैत्य एकाएक रन्कनिएर धर्मराउँदै भूईंमा ड्वाङ्ग-ड्वाङ्ग लडे र उनका प्राण-पखेरु पनि उडे । त्यसपछि त त्यो भकुण्डो शिवलिङ्गरूपमा देखिन लाग्यो यानी उसको दर्शन मिल्न थाल्यो ।

त्यो ठाउँ भारतमा ज्येष्ठेश्वरको समीप नन्दिकेश्वरको नामले प्रसिद्ध भयो । त्यहाँ त्यसरी शिवलिङ्ग प्रकट भएपछि—ब्रह्मा, विष्णु, इन्द्र आदि सबै देवताहरू आए र लिङ्गरूपमा स्थित भगवान् शिवलाई दण्डवत् प्रणाम गरेर मानस पूजा गर्दै उनको स्तुति गाउन लागे ।

॥ इति श्री सम्पूर्ण शिवमहापुराणमा रुद्र संहिताको युद्ध खण्ड नामक षष्ठ खण्ड समाप्त ॥

॥ ॐ नमः शिवाय ॥

शतरुद्र संहिता

(सप्तम खण्ड)

शिवका पाँच अवतार

शौनकजी भन्नुहुन्छ–हे व्यासजीका शिष्य सूतजी ! अब हामीलाई तपाईं शिवजीका अवतारहरूको त्यो कथा सुनाउनुहोस् जो परमकल्याणदायी छ र जसबाट सज्जन पुरुषहरूको हित भएको छ ।

तब सूतजी भन्न थाल्नुभो–हे मुनिहरूहो ! अब तपाईंहरू मबाट ध्यान-पूर्वक शिवका अवतारहरूको पवित्र कथाहरू सुन्नुहोस् ! यही कुरो उहिले सनत्कुमारजीले साक्षात् शिवस्वरूप नन्दीश्वरसित सोध्नुभएको थियो र नन्दीश्वरले जुन कथा सनत्कुमारजीलाई सुनाउनुभएको थियो त्यही कथा म तपाईंहरूलाई जस्ताको तस्तै वर्णन गर्दछु ! लौ सुन्नुहोस्––

उहिले श्वेतलोहित नामको उण्डाइसौं मन्वन्तरमा शिवको सद्योजात नामको अवतार भएको थियो । त्यतिखेर त्यो अवतार ध्यानमग्न ब्रह्माजीको शिवाबाट शिवजीको अवतार भएको थियो। उनको वर्ण त्यतिखेर श्वेत-लोहित थियो । त्यस वेला त्यस अवतारको नाम 'सद्योजात' राखियो । ब्रह्माजीले त्यस अवतारलाई शिव जानेर ध्यानमग्न भै चिन्तन गर्नुभयो । तब त्यस अवतारबाट सुनन्दन, नन्दन, विश्वनन्दन, आनन्दनन्दन आदि चार कुमार

अरू पनि प्रकट भए । यस्तो देखेर तब ब्रह्माजीलाई सद्योजात प्रभुले सृष्टि रचना गर्नें आज्ञा बक्सियो ।

त्यस सृष्टिपछि 'रक्त' नाम गरेको बीसौं कल्प भयो । त्यस कल्पमा ब्रह्माजी रक्त (रातो) वर्णका भए । उनले चिन्तन गरेपछि (चिताएपछि) त्यस्तै रातो वर्ण भएको तथा राता आँखा भएको पुत्र उत्पन्न भयो । त्यसलाई कामदेव नामको शिव जानेर ब्रह्माजीले स्तुति गरे त त्यस रक्तवस्त्रधारीबाट विराज, विवाह, विशाल र विश्वभावन नामका चार पुत्र पैदा भए । तिनले पनि ब्रह्माजीलाई विश्वरचना गर्नें आज्ञा दिए ।

त्यसपछि एक्काइसौं 'पीतवास' नामको कल्प भयो । यस कल्पमा पुत्र चाहने ब्रह्माजीलाई लामा-लामा बाहु भएको यौटा तेजस्वी कुमार प्रकट भयो । त्यस अवतारलाई पनि ब्रह्माले शिव अवतार जानेर शिवगायत्री जप आरम्भ गरे । त्यस कुमारबाट पनि अनेक पुत्र प्रकट भए । तब त्यहाँ तत्पुरुष अवतार समाप्त भयो ।

त्यसपछि शिव नामको कल्प भयो । त्यस कल्पमा ब्रह्माजीले हजारौं वर्षसम्म शिवको चिन्तन गर्नुभयो । त्यस चिन्तनको फलस्वरूप कृष्ण (कालो) वर्णवाला कुमारको जन्म भयो । तब त्यस अघोर कालो वर्णवाला अद्भुत देवेशलाई ब्रह्माजीले सादर प्रणाम गर्नुभयो । ब्रह्माजीले स्तुति गरिसकेपछि उसबाट चारोटा कुमार प्रकट भए । तिनका नाम थिए—कृष्ण, कृष्णाशिव, कृष्णास्य र कृष्णकण्ठधारी । ती सबै अव्यक्त नामवाला तेजस्वी र शिवस्वरूपका थिए । यिनले पनि सृष्टि-विस्तारको लागि ब्रह्माजीलाई यौटा अद्भुत अघोर नामक योग दिए । त्यसकारण उनलाई 'अघोर अवतार' नामले पुकारियो ।

त्यसपछि विश्वस्वरूप नामको कल्पभयो । जुन कल्पमा ब्रह्माजीको चिन्तनले सरस्वतीको प्रादुर्भाव भयो । त्यसै बखत त्यस्तै वेश धारण गरेका शिवको पनि कुमार-रूपमा अवतार भयो । तब त्यस 'ईश' लाई ब्रह्माजीले

प्रणाम गर्नुभयो त ईश शिवजीले ब्रह्मालाई सन्मार्गको उपदेश दिनुभयो । तत्र ती ईशबाट चारोटा पुत्रहरू प्रकट भए । तिनका नाम थिए—जटी, मुण्डी, शिखण्डी र अर्धमुण्डी । यिनीहरूले योगमार्ग ग्रहण गरे । त्यो अवतार 'ईशान अवतार' कहलायो ।

त्यस्ता प्रकारले शिवका ईशान, पुरुष, अघोर, काम-संरक्षक तथा ब्रह्मसंरक्षक पाँचोटा मूर्तिहरू विख्यात भए । जुन पुरुषले ती मूर्तिहरूको वन्दना गर्दछ तथा तिनको यो माहात्म्य सुन्दछ या पढ्दछ, त्यसले सबै प्रकारका भोगहरूलाई प्राप्त गरेर अन्त्यमा परमगतिमा प्राप्त हुनेछ ।

शिवका मूर्तिहरूको वर्णन

नदीश्वर भन्नुहुन्छ—हे बाबू ! अब लोकमा सबै कार्यहरूलाई पूरा गर्नेवाला शिवका अवतारहरूलाई ध्यान लाएर तिमी सुन । त्यस्ता अवतारहरूमा शिवका आठ मूर्तिहरू कहिएका छन् । तिनको नाम यस प्रकार कहिएको छ—१—शर्व, २—भव, ३—रुद्र, ४—उग्र, ५—भीम, ६—पशुपति, ७—ईशान र ८—महादेव । भगवान् शिवका यी आठ मूर्तिहरू सबै चराचर जगत्मा धागामा मणिहरू झैं उनिएका छन् । पृथ्वी, जल, तेज, वायु, आकाश, क्षेत्रज्ञ, सूर्य तथा चन्द्रमा यी क्रमशः उनमा अधिष्ठित छन् । विश्वम्भर रूपले शङ्करजी यिनै अधिष्ठितद्वारा सबैमा व्याप्त हुनुहुन्छ । पृथ्वीरूपले उहाँ चराचार जगत्लाई धारण गर्नुहुन्छ । जलरूपले विश्वलाई नै जियाउनुहुन्छ । अनि शिवको उग्ररूप पनि छ । अर्को यौटा आकाशात्मक भीमरूप पनि छ । पशु नामको रूपमा शिव सारा जीवहरूको पाश काट्नुहुन्छ । ईशान नामक रूपले सूर्यका द्वारा संसारलाई अमृत किरणहरूले तृप्त पार्नुहुन्छ । आठौं अपूर्वरूपले आत्मा नामक शिव नै सबैमा व्याप्त हुनुहुन्छ । यस्ता प्रकारले शिवजीका यी आठ मूर्तिहरू संसारमा व्याप्त छन् ।

अर्द्धनारीश्वर शिव

ब्रह्माजीले जब सृष्टिको विस्तार गर्न लाग्नुभो त उनीद्वारा मात्रै उनले चिताएको सृष्टिको विस्तार हुन सकेन । त्यसकारण ब्रह्माजीले परमेश्वर शिवको आराधना गर्नुभयो । तब पार्वतीसहित शिव त्यहाँ प्रकट हुनुभयो । त्यसपछि आफूबाट शक्तिलाई अलग गरेर शिवले ब्रह्माजीलाई भन्नुभयो– तिमी वर माँग । ब्रह्माजीले ती परम शक्तिलाई शिवबाट अलग भएको देखेर उनको यस्ता प्रकारले स्तुति गर्नुभयो । हे शिवे ! तपाईंका पतिदेव त देवताहरूका पनि देवता होइबक्सिन्छ । उहाँकै कृपाले गर्दा मेरो रक्षा हुन सकेको हो । यिनै परमात्मा शिवजीद्वारा नै समस्त सृष्टिको सृजन भएको छ । हे शिवे ! बारम्बार म सबै देवताहरूलाई आफ्नू मनमा बनाउँदछु, परन्तु ती मेरो सृजन बुद्धिलाई धारण गरिरहेका छैनन् । अब म मैथुनी सृष्टि-रचना रच्न चाहन्छु । त्यस सृष्टि रचनाका लागि नारीहरूको आवश्यकता पर्दछ । मेरो मात्रै शक्तिले सृष्टिरचना-कार्यमा काम दिएन । अब मलाई तपाईं आफ्नू शक्ति प्रदान गरिबक्सियोस्, किनकि तपाईं नै सबैकी शक्ति परमेश्वरी होइबक्सिन्छ । हे शिवे ! अब तपाईं आफ्नू सामर्थ्य-द्वारा चराचार जगत्का सृष्टिका लागि दक्षकी पुत्रीको रूपमा प्रकट होइबक्सियोस् ।

ब्रह्माजीको यस्तो यो प्रार्थना सुनेर देवीले तथा परमेश्वरले 'तथाऽस्तु' कहिबक्सियो । त्यसपछि ती दुवै योटे रूप भइगए । त्यसै बेलादेखि संसारमा प्राणिसृष्टिको कार्यमा स्त्रीको भाग निश्चित भयो ।

नन्दिकेश्वर अवतार

सनत्कुमार भन्नुहुन्छ–हे नन्दीश्वर ! अब तपाईंको श्रीमुखबाट म यो सुन्न चाहन्छु कि शिवजीको अंशबाट कसरी तपाईं उत्पन्न हुनुभयो ? तपाईंले शिवतत्त्व कसरी जान्नुभयो ? तब नन्दीश्वर भन्नुहुन्छ–हे सनत्-कुमारजी ! एकासमयको कुरो हो कि, पुत्रको कामना (इच्छा) लिएर शिलाद ऋषिले घोर तपस्या गरे । जब इन्द्र उनलाई वरदान दिन गए त उनले इन्द्रलाई भने–यदि ममाथि तपाईं प्रसन्न हुनुहुन्छ भने मलाई अयोनिज तथा मृत्युहीन पुत्र बक्सियोस् । तब इन्द्रले भन्नुभयो–मृत्युहीन त हुने सक्तैन, यो कुरो त सर्वथा असम्भव छ । हँ, यदि रुद्रलाई प्रसन्न पार्न सक्यौ भने त्यस्तो वर दिन सक्नुहुन्छ । इन्द्रको त्यस्तो वचन सुनेपछि शिलादले महादेवजीको आराधना गर्न थाले । एक हजार वर्षसम्म घोर तपस्या गर्दा उनको शरीरलाई धमिराको गोलाले ढाकिदियो । तब उमासहित शिवजी उनलाई वर दिन गए । उहाँ पुगेर शिवजीले उनलाई आफ्ना हातले स्पर्श गर्नुभयो । तब मुनिको समाधि टुट्यो, उनले शिवको दर्शन गरे । अनि शिवका चरणकमलमा पस्किएर मुनिले शिवलाई प्रणाम गरे । अनि शिवजी-सित अयोनिज तथा मृत्युरहित पुत्र पाउने वरदान माँगे । तब शिवजीले 'एवमस्तु' भनी वरदान दिनुभयो र सपत्निक अन्तर्धानहुनुभो ।

शिलादले यो सारा वृत्तान्त ऋषिहरूलाई सुनाए, तथा यज्ञ गर्नका लागि आँगनमा खन्न थाले । त्यसै वेला शिव-आज्ञाले त्यस खाडलबाट प्रलयाग्नि-समान जाज्वल्यमान चम्कनेवाला म पुत्ररूपमा उनकहाँ प्रकट भएँ । देवताहरूले आकाशबाट फूल वर्षाए । तीन नेत्र अनि चारहात भएको तथा जटाजूट धारी बालकलाई देखेर पिताजीले ठूलो खुशियाली मनाउनुभयो । तब पिताका साथ म पर्णकुटीमा गएँ । उहाँ पुगेपछि म साधारण बालक

बनें। यस कार्यले पिताको मन अमिलो त भयो, परन्तु पुत्र-स्नेहको कारणले मेरा सबै जातकर्महरू गर्नुभयो, अनि न्वारानमा मेरो नाम 'नन्दी' राख्नुभयो। म सानै छँदा नै वेदशास्त्रहरूको अध्ययन गराइदिनुभयो। यस्तैमा एक दिन मित्रावरुण नामका ऋषि उहाँ आए। उनले मलाई देखेर बड़ो आश्चर्य माने र यति सानू अवस्थामै यस बालकले सबै वेदशास्त्र पढ़ि-लियो ! भने। अनि भने—परन्तु यो अल्पायु छ। अब एक वर्ष मात्र यसको आयु बाँकी छ। मित्रावरुण ऋषिको यस्तो कुरो सुनेर भारी दुःखले पिता रुन लाग्नुभयो। तब पितालाई मैले नम्रतापूर्वक भनें—पिताजी ! मलाई कसैले पनि मार्न सक्तैन, तपाईं चिन्ता नगर्नुहोस्। शिवजीको तपस्याद्वारा मृत्युलाई म जितिलिने छु। पिताजीलाई यस्तो भनेर यौटा ठूलो वनमा तपस्या गर्नका लागि म गएँ।

तब महावनमा बसेर मैले शिवको घोर तपस्या गर्न थालें। त्यस्तैमा पार्वतीका साथ शिवजी उहाँ आउनुभयो र मलाई वर माँग् भन्नुभयो। अनि शिवजीले मेरा दुवै हात समातेर भन्नुभयो—तँ त मेरै स्वरूप होस्, अनि तँलाई, मृत्युको के भय छ ? त्यसपछि आफ्नू गलाबाट यौटा माला निकालेर मलाई पहिराइदिनुभयो। त्यसपछि त म फेरि त्रिनेत्रधारी तथा चार बाहुवाला रूपको शिवस्वरूप नै भैगएँ। अनि शिवले आफ्नू जटाबाट जल निकालेर मेरा उपर छर्किदिनुभयो। त्यस जलले त्यहाँ 'पञ्चनद' नामको स्थान बन्यो जहाँ आफ्ना दायाँ बायाँ नदी बहाएर स्वयं शिवजी 'जलेश्वर' नामले विराजमान हुनुभयो। त्यो पुण्यस्थान बड़ो महिमामय छ। त्यसपछि पार्वतीजीले शिवजीसित मलाई माँगेर आफ्नू पुत्र बनाउनुभयो। तब शिवजीले आफ्ना सबै गणहरूलाई बोलाएर, मलाई गणहरूको स्वामी-पदमा नियुक्त गर्नुभयो अनि मलाई समेत लिएर साँढेमा सवार भएर कैलाश पाल्नुभयो।

भैरव अवतार

एकासमयमा सुमेरु पर्वतमा विराजमान ब्रह्माजीसित सबै देवताहरूले अविनाशी तत्वबारेमा प्रश्न गरे त ब्रह्माजीले बताउनुभयो कि–हे देवताहरूहो ! म नै संसारको एक मात्र उत्पत्तिको कारण, अविनाशी, अज, स्वयं तथा अनादि ईश्वर हुँ । मभन्दा अर्को कोही देवता छैन । ब्रह्माको यस्तो उत्तर सुनेर विष्णु भगवान्ले ब्रह्मालाई बुझाउँदै भन्नुभयो–हे ब्रह्माजी ! तिमी यो के भनिरहेका छौ ? मेरै आज्ञाले सृष्टिको कर्ता तिमी भयौ र पनि मेरो अनादर तिमी किन गरिरहेका छौ ? यस कुरालाई लिएर दुवैमा विवाद खड़ा भयो । त्यसपछि चारै वेद बोलाइए । चारै वेद मूर्तिरूप धारण गरेर उहाँ उपस्थित भए । त्यसपछि चारै वेदले एक स्वरले भने कि––जसभित्र पञ्चभूत निहित छ तथा जसबाट सबथोक प्रवृत्त हुन्छ अनि जसलाई परम तत्त्व भनिन्छ, त्यस्ता त एक रुद्र मात्र हुनुहुन्छ ।

यस्तो सुनेर ब्रह्मा र विष्णुले भने–हे वेदहरूहो ! जो कुरो भन्यौ, यो त तिमीहरूको अज्ञान हो । आम्मै नि ! पार्वतीसित सधैं रमण गर्नेवाला, बुङ्गो, धुस्रे खरानीले फुस्रो, गोरुमाथि चढ्ने, सर्पको माला धर्ने, बाघको छाला कम्मरमा कस्ने, टाउकामा जटाजूट जड्ने, जटामा खुँडे चन्द्र घुसार्ने, विष-भाङ-धतुरोले अलमस्त, गङ्गाको प्रवाहमा पलस्त शिवलाई कसरी 'परम तत्त्व' भन्न सकिन्छ र, भन्नुभो ? त्यस्ता ती अवधूत त कहिल्यै पनि परमात्मा हुनै सक्तैनन् । तिनीहरूको त्यस्तो विवाद सुनेर त्यसै बेला त्यहाँ दिव्य यौटा ज्योति प्रकट भयो र त्यस ज्योतिबाट त्रिशूलधारी, आदि-अन्त-रहित, नील-लोहित वर्णका भगवान् प्रकट हुनुभयो । तब ब्रह्माजी भन्न लाग्नुभयो–हे चन्द्रशेखर ! तिमीलाई म भलीभाँती जान्दछु, तिमी त मेरो शिरबाट उत्पन्न भएका हौ । उत्पन्न हुँदा डाँको छोडेर रोएको कारणले

मैले तिम्रो नाम रुद्र राखेको हुँ । त्यसकारण हे पुत्र ! तिमी मेरा शरणमा आऊ ।

ब्रह्माजीको यस्तो अहङ्कारपूर्ण वचन सुनेर शिवजीलाई असाध्यै रीस उठ्यो । तत्काल आफ्नू क्रोधबाट उनले 'भैरव' नामको यौटा पुरुषलाई उत्पन्न गरेर उसलाई भन्नुभयो—तैंले ब्रह्माका उपर शासन गर्नू र संसारको पालन गर्नू । भक्तहरूको पाप भक्षण गर्ने हुनाले तेरो नाम 'पापभक्षक' पनि हुनेछ । हे कालराज ! मेरो काशीपुरीको तँ अधिपति भइस् । त्यस पुरीमा जति पापी हुन्छन् तिनलाई मर्धै तैंले दण्ड दिनू ।

शिवको यस्तो आज्ञा सुन्नेबित्तिकै कालभैरवले आफ्ता औंलाका नङले ब्रह्माको शिर काटिदिए । तब त ब्रह्माजीको पाँचवाँ शिर काटियो । त्यस-पछि भयभीत ब्रह्माले 'शतरुद्री' को पाठ गर्न लागे ।

अब उप्रान्त ब्रह्मा, विष्णु दुवैलाई ज्ञान भयो कि शिव नै ब्रह्मरूप रहेछन् । तब ती दुवैको अहङ्कार नष्ट भयो । अनि महादेव शिवले ती दुवै-लाई अभयदान दिनुभयो ।

त्यसपछि शिवजीले भैरवलाई भन्नुभयो—अब तैंले यिनै ब्रह्माजीको यो काटिएको खप्परलाई भिक्षापात्र बनाएर यसैमा भिक्षा माँगेर, यसैमा आश्रित रहेर संसारमा आफूले गरेको ब्रह्महत्याको पाप पखाल्नू । अनि शिवले ब्रह्मरूपी कन्या उत्पन्न गरेर भैरवलाई भन्नुभो कि—हे कालभैरव, जबसम्म इच्छा छ तबसम्म चारैतिर घुमफिर गर्नू । परन्तु यो कन्या काशी पुग्नुभन्दा पहिल्यै तैंले भयङ्कर मूर्ति (रूप) धारण गरेर काशीमा पुगि-सक्नू । तब तैंले त्यस कन्यालाई 'वाराणसी-बाहेक तँलाई जहाँ मन लाग्छ उहाँ जा' भन्नू ।

अनि महादेवजीको आज्ञाले भैरवजीले कापालिक व्रत धारण गरिलिए । त्यसपछि उनी त्यो विश्वात्मा खप्पर (कपाल) हातमा लिँदै काशी आइपुगे ।

भैरवले तीनै लोकको भ्रमण गर्दा पनि उस कन्याले भैरवको पीछा गर्न छोड़िन । एकासमयमा भ्रमण गर्दागर्दै भैरवजी नारायण लोकमा पुग्नुभयो । भगवान्‌ले त्यस शिवरूप मूर्तिलाई देखी सबै देवताहरूका साथ उठेर दण्ड-वत् प्रणाम गर्नुभयो । अनि चारै हात जोडेर भैरवको स्तुति गर्नुभयो । विष्णुले कमलालाई पनि भन्नुभयो कि—हे देवि ! आज हामी बडो धन्य छौं, किनकि जगत्पति शिवको दर्शन आपनै धाममा पायौं । यी जगत्पति ईश्वरको दर्शनले अथवा यिनको दर्शन गर्नाले मनुष्यहरू यस संसारको आवागमनको चक्करबाट सहजै छुट्‌कारा पाउँछन् । त्यसपछि नारायणले शिवरूप भैरवलाई सोधिवक्सियो—हे त्रिलोचन ! किन तपाईं भ्रमणको कष्ट गरिरहनुभएको छ ? तब भैरवले नारायणलाई बताए कि—हे विष्णो ! श्रीशिवको आज्ञाले ब्रह्महत्याको शमनार्थ मैले यो कापालिक व्रत लिएको हुँ । त्यसपछि लक्ष्मीजीले उनलाई भिक्षास्वरूप 'सनोरथी' नामको विद्या बक्सनुभयो । तब कपालरूपी खप्परमा त्यो विद्या थापेर भैरवजी अति प्रसन्न भएर पुनः भिक्षाका लागि अर्कै लोकतिर पाल्नुभयो । जता गए पनि ब्रह्म-हत्या उनको पछि-पछि लागिररहन्थी । त्यसपछि धेरै समयमा भैरवजी अवि-मुक्त क्षेत्र काशीमा पुग्नुभयो । उहाँ पुगेपछि ब्रह्महत्या पातालमा भासिई । अब भैरवजीको हातबाट ब्रह्माको मृत खप्पर पृथ्वीमा झर्‍यो । तब त्यसै झरेको ठाउँमा 'कपालमोचन' तीर्थ बन्यो । तब भैरवजीले त्यहाँ आनन्दपूर्वक नृत्य गर्नुभयो । जो मनुष्य कपालमोचनको स्मरण गर्दछ उसका यो जन्मका र पहिलेका अरू-अरू जन्मका पनि समस्त पाप नाश हुन्छन् । जो मनुष्य काशीमा रही वा काशीमा गई जन्माष्टमी या मङ्गलवारका दिन कालराज भैरवजीको दर्शन गर्दछ उसका सारा पाप नष्ट हुन्छन् । कारागार (इयालखाना) आदि बन्धनमा परेको मान्छे पनि त्यस कष्टबाट चाँडै मुक्त भैजान्छन् ।

शरभ अवतार

नृसिंह अवतार भएको वेला जब नृसिंहजीले हिरण्यकशिपुको वध गरिदिनुभयो त शिवजीले वीरभद्रजीलाई बोलाएर उनलाई तिमी झट्टै गई नृसिंहजीको क्रोधलाई शान्त पार भन्नुभयो । शिवजीको आज्ञाले गणाध्यक्ष वीरभद्रजी शान्तरूपले तुरुन्तै उहाँ पुगे र जसरी पिताले पुत्रलाई सम्झाउँछन् त्यसै गरी नृसिंहलाई—हे माधव ! तपाईंले संसारको हितका लागि, सुखका लागि यो अवतार लिइबक्सेको हो । तपाईं अविनाशी तथा सबैको पालना गर्ने हुनुहुन्छ, तपाईंले नृसिंहरूप धारण गरेर पृथ्वीको उद्धारका लागि हिरण्यकशिपुलाई मारिसकिबक्सियो । तपाईंले जुन कामका लागि यो अवतार लिइबक्सिएको थियो त्यो काम पूरा भयो, अब आफ्नू यस भीषण रूपलाई शान्त गरिबक्सियोस् भनी नाना भाँतिका शान्त वचनले सम्झाए । वीरभद्रका त्यस्ता सान्त्वनाका वचन सुनेपछि महाघोर कठिन शब्दमा—'तँ यहाँबाट तुरुन्तै भाग् । अब म यस चराचर जगत्लाई संहार गरिदिन्छु । यहाँ सर्वत्र मेरै शासन छ, ममाथि कसैको शासन चल्दैन, म नै संहारकर्ता हुँ, म नै सारा शक्तिहरूको प्रवर्तक हुँ, म नै सबैको स्वामी हुँ' भन्दै नृसिंह भगवान् गड्कनु भयो ।

नृसिंह रूपधारी विष्णुजीका त्यस्ता अहंकारपूर्ण वचन सुनेर वीरभद्रले विष्णुलाई—के तपाईंले संसारका संहारकर्ता शिवलाई बिर्सनुभयो ? तपाईं यतिखेर सरासर झूठो बोलिरहनुभएको छ । तपाईंको हितका लागि नै शिवको आज्ञाले म यहाँ आएको छु, किन्तु शिवको तत्त्व नजाने झैं तपाईं अहङ्कारले गर्जिरहनु भएको छ भन्दै छस्नासम्म छासे ।

हे हरि ! तपाईं उनै शिवका अधीन हुनुहुन्छ । यस दैत्यलाई पनि

उनैका शक्तिले गर्दा तपाईंले मार्न सक्नुभयो । दक्षको यज्ञमा मैले नै तपाईंको शिर काटेको थिएँ । तपाईंको पुत्र ब्रह्माको पाँचवाँ शिर पनि शिवशक्तिद्वारा नै काटियो, जो अझै उम्रेको छैन । के तपाईंले ती सबै कुरा बिर्सनुभयो ? आदिदेखि अन्तसम्म सर्वत्र सारा शक्ति शिवजीको नै फैलिएको छ । हे नृसिंह ! अब तपाईं आफ्नू यो उग्र रूपलाई शान्त पारिदिनुहोस् । हैनभने पुनः तपाईं माथि मेरो क्रोधरूपी वज्र मृत्युकारक भई छुट्नेछ ।

जब वीरभद्रले यस्ता वचन भने त नृसिंहले क्रोधपूर्वक उनलाई झम्टे । अनि के थियो र ! त्यसपछि त आकाशमा व्याप्त शिवजीको कठिन तेज सर्वत्र प्रकट भयो । अनि वीरभद्रजीले शरभ रूप लिई विष्णुलाई आफ्नू अँगालोमा यस्ता प्रकारले पकिए कि विचरा विष्णु हल न चल भई अत्यन्त आकुल-व्याकुल भए । अनि विष्णुलाई लिँदै वीरभद्र यस्तरी आकाशमा उडे कि उनलाई लगैर भगवान् शिवका वाहन साँढेका टाँगमनि घुसारी कोचिदिए । अनि त विष्णुको तुजुक चुम्रियो र उनी आकुल-व्याकुल भए । विष्णुको त्यस्तो हालत देखेर सबै देवताहरूले र मुनीश्वरहरूले शिवको स्तुति गरे । विष्णुको शरीर पलस्त भयो । विष्णुको सारा तेज, साराशक्ति शरभरूप वीरभद्रमा लीन भयो । देवताहरूको स्तुति सुनेर उनीहरूलाई तपाईंहरू नघबडाउनोस्, यस कार्यले विष्णुको महत्ता घट्नेछैन भन्दै परमेश्वर शिवले भन्नुभयो । तब-तकैमा शरभरूपी वीरभद्रले नृसिंहरूपी विष्णुजीको नृसिंहरूप शरीरलाई लिएर पर्वतको टाकुरामा गए । विष्णु दिव्यरूप धारेर वैकुण्ठ पाल्नुभयो । त्यो शरीर त्यहीं रह्यो । त्यसको छाला काडियो । मुण्डको मासु मासियो र सुकाइयो । त्यसै वेलादेखि शङ्कर भगवान्ले त्यो नृसिंहरूप बाघम्बर धारण गर्न लाग्नुभयो र उसको मुण्डलाई पनि आफ्नू मुण्डमालामा मिलाउनुभयो । त्यसपछि सबै देवताहरू पनि शिव र विष्णुको स्तुति गर्दै आफ्नाफ्नू स्थान-तिर पधारे ।

विश्वानरलाई वरदान

शिवका अनेक अवतारहरूमध्ये कुनै यौटा अवतारमा भगवान् शशि-शेखरले विश्वानरको घरमा अवतार लिनुभएको थियो । अब तपाईंहरू त्यही कथा सुन्नुहोस् ।

शिवबारे यौटा पुरानू कथा यो छ कि नर्मदा नदीको तटमा यौटा नर्मपुर नाम गरेको रमणीक नगर थियो । त्यस नगरमा शिवभक्त विश्वानर नामका मुनि रहन्थे । ती मुनि सम्पूर्णशास्त्रहरूका वेत्ता अनि शिवचरणमा श्रद्धालु तथा लोकाचारमा चतुर थिए । उनको विवाह शुचिष्मति नामकी ब्राह्मण कन्याका साथ भएको थियो । उनकी पतिव्रता स्त्रीले उनको बडो भारी सेवा गरिन् त उसंसित प्रसन्न भएर उसलाई मुनिले वर दिन चाहे । यसबारे पत्नीले भनिन्–यदि तपाईं मसित प्रसन्न हुनुहुन्छ भने मलाई महादेव-को समान पुत्र बक्सियोस् । यसबारे ब्राह्मण विचार गर्न लागे कि यस्तो दुर्लभ वरदान त शम्भुको इच्छा-विना कसरी म दिउँ । तब उनले आफ्नी धर्मपत्नी-लाई भने–अच्छा त, तिमीलाई शिवसमान पुत्रका लागि म अब शिवको तपस्या गर्दछु र शिवबाट वरदान प्राप्त गरेर तिम्रो इच्छा पूर्ण गर्नेछु, यस विषयमा तिमी चिन्ता नगर ।

अनि विश्वानर मुनि काशीपुरीमा मणिकर्णिका घाटमा गएर शिवको तपस्या गर्न लागे । एकवर्ष बितेपछि तेह्रौं महीनामा गङ्गाजीमा स्नान गरेर शिवलिङ्गको पूजा गर्नका लागि ज्ञानवापी गए । तब ती तपोधनले शिव-लिङ्गमा पूजा गर्दा लिङ्गको बीचमा यौटा आठ वर्षजतिको बालकलाई देखे । जो अत्यन्तै राम्रो, पहेंला जटा भएको, मुकुट लगाएको, नाङ्गो तथा प्रसन्न मुखमुद्रा भएको थियो । त्यो बालक त्यतिखेर मन्द-मन्द मुस्कुराउँदै उनैलाई हेरिरहेको थियो । त्यहाँ त्यस्तो त्यस बालकलाई देखेर मुनिका हर्षको सीमा

रहेन । मुनिले रोमाञ्चित हुँदै त्यस बालकलाई प्रणाम गरे । उनको स्तुति गरेर उनलाई सन्तुष्ट पारे । तब त्यस बालकले उनलाई–हे विश्वानर ! तिमीले जो शुचिष्मतिलाई पुत्र दिने वचन दिएका छौ, त्यो अवश्य पूर्ण हुनेछ । म नै तिम्री पत्नीको गर्भबाट प्रकट हुनेछु । त्यतिखेर मेरो नाम 'गृहपति' हुनेछ–भन्यो ।

यसरी उनलाई यस्तो वरदान दिएर त्यो बालक अन्तर्धान भयो । विश्वानर पनि अति प्रसन्न भएर सदाशिवको स्मरण गर्दै आफ्नू घर फर्के ।

गृहपति अवतार

घरमा आएपछि त्यो सबै समाचार विश्वानरले आफनी पत्नी शुचिष्मति-लाई सुनाए । यथासमयमा उनकी पत्नी गर्भवती भइन् । दश मास बितेपछि राम्रो लग्नमा, शुभ योगमा, शुभ मुहूर्तमा चन्द्रमासमान सुन्दर बालक उत्पन्न भयो । चारैतिर मङ्गलैमङ्गल देखियो । अप्सराहरू नाच्न लागे । अत्रि, पुलह, वशिष्ट, भारद्वाज, अङ्गिरा, दक्ष, वाल्मीकि, व्यास, शिलाद, शङ्ख, कात्यायन आदि ऋषि तथा मुनिकन्याहरू शान्तिपाठ गर्न विश्वानर-को पर्णकुटीमा पधारे । त्यतिखेर बडा भारी महोत्सव भयो । न्वारनमा उसको नाम 'गृहपति' राखियो । ती शिवभक्त दम्पतीको सबै प्रशसा गर्न लागे । समय-समयमा पिताले त्यस बालकको संस्कार कर्म गरे, वेद वेदाङ्ग पढाए । त्यो बालक नौ वर्षको भएपछि उसको दर्शन गर्न नारदजी उहाँ आए र बाह्रौं वर्षको उमेरमा यस बालकलाई बिजुली या अग्निबाट भय छ है ! यस्तो भनेर नारदजी फर्के ।

नारदजीको त्यस्तो वचन सुनेर स्त्रीसहित विश्वानरलाई महान् कष्ट भयो । अनि शुचिष्मति दुःखले व्याकुल भएर हाय ! हाय !! गर्न लागिन् ।

तब त्यस पुत्रले ती माता-पिता दुवैसित रुनाको कारण सोध्यो । अनि फेरि उ आफ्ना माता-पितालाई सम्झाउन लाग्यो–हे पिताजी, तपाईंका चरणको प्रतापले–विघ्न त के स्वयं कालले पनि मलाई मार्न सक्तैन । अब तपाईंहरू चिन्ता नगर्नुहोस् । तपाईंहरूको पुत्र हूँ भने म स्वयं मृत्युञ्जय शिवको मन्त्र जपेर आफ्नू रक्षा म आफैं गरुँला । छोराको यस्तो कुरो सुनेर उसका माता-पिताले धैर्य बाँधे र–हे बाबू ! निश्चय नै मृत्युञ्जय शिवजीको आराधना गर्नाले समस्त विघ्नहरू अवश्यै नाश हुन्छन्–भने ।

अनि बालक गणपतिले आफ्ना माता-पिताको चरणारविन्दमा वन्दना गरेर हिंडी सरासर काशी पुगी गङ्गास्नान गरी विश्वेश्वर शिवको दर्शन र पूजा गरे । काशीका शिवलिङ्गको दर्शन पाएर उनको मन अत्यन्त आनन्दित भयो र भन्यो–अहो ! म कति भाग्यशाली रहेछु कि साक्षात् विश्वेश्वर शिवको दर्शन पाएँ । नारदजीको कथनले मेरो भाग्योदय गरिदियो ।

त्यसपछि उसले उहाँ यौटा अर्को शिवलिङ्गको स्थापना गऱ्यो र कठोर नियमको पालन गर्दै उसले दिनहुँ एकसय आठ घैला जलले ती शिवजीलाई स्नान गराउन थाल्यो र श्रद्धाभक्तिपूर्वक सविधि पूजा गर्दा प्रतिदिन नील-कमलको माला ती शिवलिङ्गलाई चढाउँथ्यो । यस्तैमा नारदजीको वचन सिद्ध (साँचो) पार्नका लागि बाह्रवाँ वर्षमा हातमा वज्र लिएर इन्द्र उहाँ आए ।

तब इन्द्रले भने–तँ जे चाहन्छस् त्यो वर माँग् । इन्द्रको त्यस्तो वचन सुनेर त्यस मुनिपुत्रले मधुर वाणीमा इन्द्रको कीर्तन गर्दै भन्यो–तपाईंबाट मलाई वरदान चाहिंदैन । मलाई त शिवजी नै वरदान दिनुहुन्छ । तब इन्द्रले उसलाई फेरि भने–ए केटा ! बुझिस्, मभन्दा ठूलो त्यो नाथे शङ्कर होइन, तसर्थ तँ आफ्नू लडकपन छोडेर मसित वरदान माँगिले । म नै सारा देवताहरूको स्वामी हुँ । यसकारण चाँडै नै कुनै वरदान माँगिले । त्यसपछि त्यस बालकले भन्यो कि–शिवजीलाई छोडेर अरूसित म वरदान

माग्दिनँ–माग्दिनँ । बालकको यस्तो हठवादिता सुनेर इन्द्रले वज्र देखाई उसलाई डराए धम्काए त त्यो बालक बिजुलीले व्याप्त त्यस वज्रलाई देखेर डरले मूर्च्छा पऱ्यो । त्यत्ति नै खेर त्यहाँ पार्वतीका साथ शङ्करजी प्रकट हुनुभयो र उसलाई आफ्ना अभय हस्तले स्पर्श गरेर बहुराए र भने–तँ नडरा ! इन्द्रलाई मैले नै पठाएको थिएँ । तँ मेरो परम भक्त होस्, अतः तँलाई कसैले पनि मार्न सक्तैन । तैंले स्थापना गरेको यो शिवलिङ्गको तेजले यहाँ कोही पनि ठहर्न सक्तैन । आजदेखि यिनको नाम 'अग्निश्वर महादेव' भयो । अब उप्रान्त यी अग्नीश्वर महादेव सधैं सबै शिवभक्तलाई बिजुली र आगोबाट बचाउने छन्, बचाइरहनेछन् भन्दै अनि स्वयं शिवजी उसै शिवलिङ्गमा प्रवेश गरिबक्सियो ।

यक्षेश्वर अवतार

अब शिवका यक्षेश्वर अवतारको कथा सुन । अघि देवदानव मिलेर समुद्र मन्थन गर्दा जब समुद्रबाट हलाहल विष निक्ल्यो त सारा देवताहरू भयभीत शङ्करजी भाठौं आए । सबैले मिलेर शिवलाई आफ्नू विपद् सुनाए । तब दयार्द्र शङ्करजीले विश्वकल्याणको खातिर त्यो हलाहल विष पिइदिए त उनको घाँटीमै अडियो र उनको घाँटी गाढा नीलो रङ्गको भयो । त्यस दिन-देखि शिवजी 'नीलकण्ठ' नामले पनि पुकारिन थाले । त्यसपछि समुद्रबाट अनेक प्रकारका रत्न निक्ले, ज्येष्ठा निक्ली, अनि लक्ष्मी निक्लिन् र अन्त्यमा अमृत पनि निक्लियो । विष्णुका छलले केवल देवताहरूले मात्र त्यो अमृत पान गर्न पाए, दानवहरूले पाएनन् । यसकारण देवता र दैत्यमा विकराल वैरत्व बढ्यो, भारी युद्ध भयो, उनका वंशपरम्परामै त्यो द्वेष सर्दै गयो । राहुको भयले चन्द्रमा भागेर शिवका शरणमा गए त शिवले उनलाई आफ्नो मस्तकमा धारण गरिलिए ।

अमृतपानका प्रभावले देव-दानवको युद्धमा देवता विजयी भएकाले उनीहरूलाई भारी अहङ्कार बढ्यो । उनीहरू दैत्यबललाई तुच्छ ठानेर आपना पराक्रमको प्रशंसा गर्न लागे । तब एक दिन शिवजी ती द्यौताहरूको घमण्ड घटाउनका लागि यौटा यक्षको रूप लिएर देवताहरूको जमघटमा गएर उनीहरूलाई भने–तिमीहरू यहाँ भेला भएर के गरिरहेका छौ ? तब सबै देवताहरूले घमण्डपूर्वक भन्न लागे कि–हामीहरूले दैत्यहरूलाई युद्धमा छेरछेर पारेर परास्त पारिदियौं । हाम्रा बलको अगाडि दैत्यहरूको बल अब तुच्छ छ । अहिले हामी सबै यहाँ भेला भएर यही सब कुराबारे विचार गरिरहेका छौं ।

उनीहरूको त्यस्तो गर्वयुक्त कुरो सुनेर उस यक्षले नरम स्वरमा भन्यो– हे देवताहो ! तिमीहरूको यो घमण्ड बेकार हो । यसबारे तिमी दुवैको मध्यस्थ निर्णायक अकैं कोही छ । अमृत पिएका घमण्डले आपना प्रभु महादेवलाई पनि बिर्सियौ । यदि तिमीहरूलाई आफ्नो बलमा अभिमान छ भने यौटा छेस्को म यहाँ राख्तछु । त्यसलाई तिमीहरू उठाएर परतिर फ्याँकिद्यौ अथवा आफ्ना जाज्वल्य अस्त्र वा शस्त्रले नै त्यसलाई काटिद्यौ त म हेर्छु तिमीहरूको तुजुक भन्दै त्यस यक्षले त्यहाँ यौटा छेस्को राखिदियो त विष्णु, इन्द्र आदि सकल देवताले आफ्नू-आफ्नू भएभरको बल र शस्त्रास्त्रको जोड जमाए, परन्तु त्यो छेस्कोलाई न त टसमस गराउन सके न त छिनाल्न वा काट्नै सके । यत्तिकैमा उहाँ आकाशवाणी भयो कि ए देवताहो ! तिमीहरूका सामु जो यक्ष छ उ त यक्षरूपमा स्वयं महादेव नै होइबक्सिन्छ । महादेव त चाहे देवता हउन् चाहे दैत्य हउन् सबैको घमण्ड नाश गरिदिनुहुन्छ र उनीहरूको उद्धार गरिबक्सिन्छ । किनकि घमण्डी घमण्डले नाशिन्छ । यस्तो आकाशवाणी सुनेर सबै देवता आश्चर्यचकित भए र ती यक्षेश्वर महादेवजीको स्तुति गर्न लागे ।

शिव-दशावतार

शिवका अवतारहरूमध्ये दशोटा अवतार मुख्य छन् । तिनमध्ये पहिलो महाकाल अवतार हो । यस अवतारकी शक्ति महाकाली हुन् दोस्रो । तारा नामको शिवको अवतार सेवकहरूलाई सुख दिनेवाला छ । तेस्रो भुवनेश्वर नामको अवतार भक्तहरूलाई अभीष्ट (इच्छाएको) फलदाता हो । त्यस अवतारकी शक्ति वाला भुवनेश्वरी हुन् । चौथो अवतार विदेशमा रहने षोडशी शक्ति हुन् । जुन शक्ति भक्तहरूलाई सुख शान्ति प्रदान गर्नेवाली छन् । पाँचवाँ भैरव नामको अवतार हो । तिनकी शक्तिको नाम भैरवी हो । जो शक्ति उनका उपासकहरूलाई तिनको मनोकामना पूर्ण गरिदिन्छिन् । छैटौं छिन्नमस्ता अवतार हो । शम्भुको सातवाँ अवतार धूम्रवान् नामको अवतार हो । जसकी धूमावती नामकी शक्ति उपासकहरूलाई चिताएको फल दिनेवाली छन् । शिवको आठवाँ अवतार बगुलामुख नामको भयो, जसको बगुलामुखी शक्ति भयो । शिवको नौवाँ अवतार मातङ्ग नामको भयो । उनकी शक्तिको नाम मातङ्गी हो । अनि सदाशिव प्रभु शङ्करको दशवाँ अवतार कमल नामले विख्यात छ । जुन अवतारमा उनकी शक्ति वाला भुवनेश्वरी नामले विख्यात थिइन् ।

एकादश रुद्रहरूको उत्पत्ति

बितेको कुनै समयमा जब इन्द्र अमरावती छोडेर भागी आए, तब उनका शिवभक्त पिता कश्यपजीलाई बडो दुःख भयो । अनि पिता कश्यपजी पुत्र इन्द्रलाई धैर्य दिएर शिवको पुरी काशीपुरीमा आए । काशी आएर गङ्गाजीमा स्नान गरे अनि विश्वेश शिवको दर्शन गरेर भक्तिपूर्वक

विधिसहित पूजा गरे । त्यसपछि त्यहाँ प्रीतिपूर्वक शिवलिङ्ग स्थापना गरी धेरै वर्षसम्म शिवको तपस्या गरे । जब शिव प्रसन्न भए तब कश्यप-ले वर माँगे कि—हे ईश ! विशेष गरेर म आफ्ना पुत्रहरूका लागि दुःखी छु, मलाई सुखी पारिदिनुहोस् र मेरा अरू पनि पुत्र होऊन्, मलाई यही वर दिनुहोस् । देवताहरूलाई दैत्यहरूले नसताऊन्, यस्तो कृपा गर्नुहोस् ।

कश्यपजीका यस्ता वचन सुनेर शिवजीले 'तथाऽस्तु' भन्नुभयो र उहाँबाट अन्तर्धान हुनुभयो । यसका बाद शङ्करजी आफ्नू वचन पूर्ण गर्नका लागि कश्यपबाट सुरभिमा प्रकट हुनुभयो । त्यति खेर बडा भारी उत्सव भयो । मानो, सबै शिवरूप नै भएका जस्ता देखिए । त्यसै वेला शिवका निम्नलिखित अवतारहरू भए—

कपाली, पिङ्गल, भीम, विरूपाक्ष, विलोहित, शास्ता, यज्ञपाद, अपि-बुध्य, शम्भु, चण्ड तथा भाव यी एघारोटा रुद्रका अवतार भए ।

यी सबै अवतार साक्षात् रुद्रका रूप तथा सुखका आगार (भण्डार) हुन् । यी एकादश रुद्रहरूले देवताहरूको हितार्थ संग्राममा धेरै-धेरै दैत्यहरू-को संहार गरेका छन् र सबै मनोरथहरूलाई पूर्ण गर्नेवाला छन् ।

दुर्वासा चरित्र

महर्षि अत्रिजी अनसूयाजीका पति हुन् । ब्रह्माजीको आज्ञाले अत्रिले पत्नीसहित भएर पुत्रप्राप्तिका लागि शिवजीको आराधना गरे । उनले ऋक्ष पर्वतमा विन्ध्याचलको नजीकैको नदीको तटमा बसेर घोर तपस्या गरे । तपस्या गर्दा उनको शरीरबाट तीक्ष्ण अग्निको ज्वाला प्रकट भयो । जुन ज्वालाले तीनै लोक भस्म पार्न लाग्यो । त्यस्तो अद्भुत उपद्रो देखेर ऋषि, मुनि, इन्द्रादि सबै देवताहरू ब्रह्माजीभाठौं आए । ब्रह्माका सामु आफ्नू दुःख

निवेदन गरे । तब देवताहरूलाई साथमा लिएर शङ्करजीभाठौं ब्रह्माजी जानुभो । उहाँ पुगेपछि सबैले मिलेर शिवजीको बड़ो भारी स्तुति गरे । शिवसित सबैले अग्निका तेजको वर्णन गरेर त्यस अग्निबाट उत्पन्न दुःखको वर्णन गरे ।

त्यसपछि शिवजीले ब्रह्मा तथा विष्णुका साथ बसेर सरसल्लाह गरे र सम्मति मिलेपछि अनि ती तीनैजना अत्रि ऋषिलाई वर दिनका लागि अत्रि भाठां भए । अत्रिले तीनोटैलाई चिने र स्तुति गरे । तीनै देवले आफ्नू अभिन्नता बताएर आफ्नू अंशबाट पुत्र-प्राप्ति गर्ने वरदान दिए । त्यस वरदानका प्रभावले अनसूयाबाट अत्रि ऋषिका तीन पुत्र पैदा भए । तिनमध्ये ब्रह्माको अंशले चन्द्रमा, विष्णुको अंशले र शिवको अंशले दुर्वासा भए । दुर्वासाजीले अनेक चरित्र गरेका छन् । राजा अम्बरीषले उनको परीक्षा लिएका थिए । त्यस कार्यले दुर्वासाजी क्रोधित भएर श्राप दिन तयार भए । सुदर्शन चक्रले अम्बरीषको पीछा गऱ्यो अर्थात् उनलाई लखेट्यो त आकाशवाणीद्वारा त्यो चक्र रोकियो । तब दुर्वासालाई शिवको स्वरूप जानेर अम्बरीषले नाना स्तुति गरे र उनले दुर्वासालाई विधिपूर्वकको भोजन गराए ।

एकपल्ट यिनै दुर्वासारूप काल भगवान्ले रामचन्द्रजीसित मेरो र तपाईंको सवाद-समयमा कोही पनि त्यहाँ नआओस् भन्ने प्रतिज्ञा गराइलिएका थिए परन्तु बाध्यतावश लक्ष्मणजीलाई उहाँ आउनु पऱ्यो । यस प्रवेश कार्यले गर्दा रामचन्द्रजीले आफ्नू प्रतिज्ञाअनुसार आफ्नू प्रिय भाइ लक्ष्मणजीलाई त्यागिदिनुभो । यस कार्यले दुर्वासाजी अति प्रसन्न भए ।

यस्तै प्रकारले दुर्वासाजीले श्रीकृष्ण भगवान्को पनि परीक्षा लिएका थिए । दुर्वासाजी श्रीकृष्णकहाँ भोजन गर्नका लागि गए । श्रीकृष्णजी ब्राह्मणका भक्त हुनुहुन्छ भन्ने जानेर नै दुर्वासाले श्रीकृष्णको परीक्षा लिएका थिए । श्रीकृष्णले पनि उनलाई रथमा, बसाएर रुक्मिणी र आफू मिली

स्वयं रथ तान्नुभो । यस्तो सेवा देखेर अति प्रसन्नभै श्रीकृष्णलाई तिम्रो अंग वज्रसमान होस् भनी वरदान दिनु भयो ।

यस्तै प्रकारले कुनै समयमा दुर्वासाजी जलाशयमा नाङ्गै नुहाइरहेका थिए । द्रौपदीले आफ्नू साडी च्यातेर उनलाई शरीर ढाक्नका लागि दिइन् । त्यो वस्त्र पानीमा बगेर उनीभाठों पुग्यो । दुर्वासाजीले त्यो वस्त्र लिए र आफ्नू गुप्ताङ्ग छोपे अर्थात् लङ्गौटी कसे । द्रौपदीको त्यस कार्यले प्रसन्न भएका दुर्वासाले उनको सारी बढोस् भन्ने वरदान दिए । जुन वरदानले गर्दा द्रौपदीले पाण्डवहरूलाई सुखी बनाइन् । दुर्वासाजीले यस्ता प्रकारका अनेक अनेक चरित्र गरेका छन् ।

हनुमान अवतार

जुन बेला विष्णु भगवान्ले मोहिनीरूप धारण गरेका थिए, त्यतिखेर शिवजी उनको मोहिनीरूप देखेर त्यसमा मोहित भएर कामार्त भइगएका थिए । त्यसले गर्दा सहसा उनको वीर्यपात भइगयो । सप्तर्षिहरूले त्यस वीर्यलाई पातमा थापेर रामचन्द्रजीको हितका लागि गौतमकी पुत्री केशरीको योनिद्वारबाट उसको गर्भमा स्थापित गराए । जसले गर्दा उस केशरीबाट शङ्कर सुवन केशरीनन्दन हनुमान्जी उत्पन्न भए । उनी वानर रूपमा महापराक्रमी थिए । बालककालमा नै सूर्यलाई मधुर फल ठानेर मुखमा राखिलिएका थिए । पछि देवताहरूले विन्ती बिसाएपछि उनलाई छोडिदिए ।

देवताहरूले उनलाई शिवजीकै अवतार ठानेर धेरै-धेरै वरदान दिए । त्यसपछि सूर्यदेवबाट उनले धेरै विद्या, अणिमादि अष्टसिद्धि, नवनिधि विद्या पाए । माताको आज्ञाले सूर्यको अंशबाट उत्पन्न सुग्रीवसित मिले, अनि उनकै मन्त्री बनेर बसे । जब श्रीरामको मित्रता सुग्रीवसित भयो त श्रीरामको कार्यका लागि जानकीलाई पत्ता लाउन श्रीलङ्का गए । लङ्कामा ठूलो पराक्रम देखाए

र उहाँ आगो लगाई यानी वाद-विवाद बढाई हाहाकार मच्चाई जानकीजीको पत्ता लगाई आई श्रीरामचन्द्रजीलाई सुनाए । त्यसपछि रामका साथ वानरसेना-लाई साथमा लिएर लङ्का पुगी उहाँ चढाई गरे । घेरै-घेरै पर्वतहरू ल्याएर नल-नील वानरद्वारा मद्रासदेखि लङ्कासम्म समुद्रमा पुल बनवाए । रामचन्द्रजीको विजयको इच्छाले पुलको मुखैमा शिवलिङ्ग स्थापित गराए र रामेश्वर नाम राखी भक्तिपूर्वक पूजा अर्चना गरे । शिवजीबाट विजय प्राप्त गर्ने वरदान लिएर राक्षसहरूलाई रामद्वारा भस्याकभुसुक मरवाए । हनुमानजीले पनि लाखन राक्षसहरूलाई मारे । रामचन्द्रजीको सेनाको रक्षा गरे । शक्तिले बेहोश भएका लक्ष्मणलाई द्रोणाचलबाट संजीवनी बूटी ल्याई बहुराए । अनि अहिरावणलाई मारेर उसले कैदमा कोचिएका राम-लक्ष्मणलाई ल्याए । यस्ता अनेकानेक लीलाहरू गरेर रामचन्द्रजीलाई प्रसन्न पारे र जबसम्म रामको नाम पृथ्वीतलमा रहन्छ तबसम्मको आयु पाए, बस्नका लागि चित्रकूट राज्य वीरताको रूपमा हात लाए, त्यसका लागि रामचन्द्रसँग यस्तो लिखवाए—

भूयो भूयो भाविनो भूमिपालान्
नत्वा नत्वा याचते रामचन्द्रः ।
सामान्योऽयं धर्मसेतुर्नराणाम्
काले काले पालनीयो भवद्भिः ॥

महेश अवतार

एकासमयमा पार्वतीका साथ शिवजी विहार गरिरहेका थिए । त्यति-खेर भैरवजी द्वारपाल थिए । नटवरको साथै लीलाविहारले उन्मत्त पार्वतीजी बाहिर निस्कन लागिन् त भैरवले विहाराऽऽसक्त मनले उनलाई सामान्य स्त्रीभावले हेऱ्यो र बाहिर निस्कन नदिएर रोकिदियो । पार्वजीले उसको

मनको आशयलाई जानिलिनुभो र उसलाई 'पृथ्वीमा मनुष्य भएर रहेस्' भन्ने सराप दिनुभयो ।

त्यस श्रापका प्रभावले भैरवजी पृथ्वीमा ओर्लीं 'बेताल' भए । शङ्कर र पार्वती पनि उनको स्नेहले पृथ्वीमा अवतरित भए यानी उत्रिए । पृथ्वी तलमा शिवको नाम महेश भयो र पार्वतजीको नाम शरदा भयो । यस्ता प्रकारका लीला शिवजीले अनेक अनेक गर्नुभयो ।

वृषभाऽऽवतार

जब द्यौता र दानवहरूले मिलेर अमृतका लागि समुद्र मन्थन गरे त अमृत निस्केपछि त्यसका लागि छिनाझप्टी हुँदा दुवै दलमा भयङ्कर युद्ध छिड्यो । जुन संग्राम आजसम्म 'देवाऽसुर संग्राम'को नामले प्रसिद्ध छ । त्यतिखेर अमृतका छिनाझप्टीमा छचल्किएर झरेका अमृतका थोपाहरूबाट केही अति राम्रा रमणीहरू उत्पन्न भए । शिवका मायाले तिनका सारा अङ्ग प्रत्यङ्ग रङ्ग-रोगन असाध्यै राम्रा र पुरुषाकर्षक बने । विशेष गरेर तिनका स्तन, योनि, जाँघ, फिलाको सौन्दर्यले पुरुषवर्गको मनलाई खिच्याखिचै पाऱ्यो । तब दैत्यहरूले अमृतसमृत छोडछाड पारेर ती रमणीहरूलाई पाताल पुऱ्याए । भगवान् ती रमणीहरूलाई फर्काउनका निम्ति भाला हातमा लिएर कतिलाई मार्दै लखेट्दै पाताल पुगे । उहाँ पुगेपछि ती सुन्दरीहरूका अतिसुन्दर काममन्दिर देखेर विष्णुजीले खप्न नसकी तिनका साथ रमण गरेर अनेक वीर पुत्रहरू पैदा गरे । तिनका साथ देवताहरूको घमासान युद्ध भयो । जसले गर्दा ऋषि-मुनिहरूलाई भारी कष्ट पऱ्यो । त्यसपछि शिवले ती ऋषि-मुनिहरूलाई तिमीहरूको कष्ट म हटाउँला भनी आश्वासन दिनुभयो । त्यही कष्ट दूर गर्नका लागि शिवजीले वृषभको रूप धारण गर्नुभो र विष्णुलाई लिनका लागि पाताल पुग्नुभो ।

त्यसरी शिवजीले वृषभरूप धारण गरेर डुक्दै पाताल पुगेपछि उनको भयङ्कर गर्जनले पातालका नगरका घर चरचरी चिरिएर ढल्न लागे। पुरवासी व्याकुल भए। वृषभले ती उपद्रवी विष्णु-पुत्रहरूको सामना गऱ्यो। साँढे रूपधारी शिवले आफ्ना खुरहरूले र तीखा-तीखा सीङहरूले उनीहरूलाई मार्‍यो। विष्णुले पनि आफ्ना पुत्रहरूलाई मार्ने त्यस साँढेको सीङ भाँच्न उसको सामना गर्नुभयो। विष्णुले अनेक प्रकारका अस्त्रहरूको प्रयोग गर्नुभयो। तर वृषभले सबैलाई बेकार बनाइदियो। जब विष्णुले मलाई पनि छक्का छुटाउनेवाला यो को रहेछ भनी ध्यानदृष्टिले विचार्दा चिनेपछि उनको प्रार्थना गर्नुभो। अनि आफ्नू गल्तीको लागि क्षमा माग्नुभो। तब विष्णु लज्जित भएर उहाँबाट फर्कन लागे। अनि शङ्करजीले–तिमी आफ्नू कामचक्रलाई यहीं छोडिद्यौ, म तिमीलाई सूर्यको समान तेजवाला अर्को सुदर्शन नामको चक्र दिन्छु भन्नुभयो। त्यसका बाद विष्णुलाई सुदर्शन चक्र दिएर भगवान् शङ्कर कैलाश फर्कनुभयो। त्यसपछि विष्णुजी पनि नारीमोह त्यागी, म जस्तो धैर्यधारीलाई समेत लट्ठ्याएर आफ्नू सरित्सागरमा डुबाएको डुबायै पार्ने सक्ने नारीरूप र आकर्षक अङ्गहरूलाई अब उप्रान्त नारी जातिले गुम्लुङ्ग छोपी सामाजिक कड़ा बन्धनले कसेर राखुञ्जेल विश्वमा शान्ति रहिरहोस् र खुकुलिदै जाँदा अशान्ति बढ्दै गएर समाजका सासु सर्वत्र नारी नाङ्गिएपछि विश्व नै भताभुङ्गियोस् भनी सरापेर आफ्नू लोकमा पाल्नुभयो। यही नै हो वृषभ अवतारको कथा।

पिप्पलाद चरित्र

वृत्रासुरलाई मार्नका लागि इन्द्रादि देवताहरूले वज्र बनाउने इच्छा गरी ब्रह्माजीको आज्ञाले दधीचि ऋषिसित उनै ऋषिको आफ्नू हाड माँगे। तब दधीचिले आफ्नी पत्नी सुवर्चालाई कार्यवश घरमा पठाइदिए र आफू शरीर त्यागेर देवताहरूलाई आफ्नू ढाड़को हाड दान दिए। अनि देवता-

हरू ऋषिको ढाडको हाड उनबाट प्राप्त गरेर प्रसन्न हुँदै उहाँबाट फर्केर त्यस हड्डीबाट राम्रो र बलियो वज्रास्त्र बनाएर त्यसै अस्त्रद्वारा इन्द्रले वृत्रासुर-लाई मारे ।

यता मुनिपत्नी सुवर्चा घरको काम सकी फर्केर बाहिर आइन् त बाहिर ऋषि र देवता कसैलाई पनि देखिनन् । अनि विलखबन्द परेकी उनले ध्याननिमग्न भई देवताहरूको त्यो कुचाल सारा जानेर तिनलाई 'तिमीहरू सबै पशु बने' भन्ने यस्तो श्राप दिइन् यति सरापेर आफू अग्निमा प्रवेश गरी सती जान लागिन् । तब आकाशवाणीद्वारा–'हे साध्वी ! तिमी आपनू शरीरमा स्थित मुनिको तेजलाई रक्षा गर, सगर्भा स्त्रीले आफ्नू शरीर जला-उनु हुन्न' भन्ने देवताहरूको आज्ञा पाइन् । यस्तो आज्ञा सुनेर उनले राम-नामको हुङ्गोद्वारा आफ्नू गर्भलाई विदीर्ण पारिन् त त्यसबाट महान् तेजस्वी पुत्र उत्पन्न भयो । सुवर्चाले उसलाई शिवको स्वरूप मानेर उसको वन्दना गरिन् र त्यसपछि उसलाई योटा पीपलका रूखको फेदमा बसाएर 'तिमी चिरकालसम्म यहीं बसेर सबै सुख-सुविस्ता पुऱ्याउनू'–भन्ने वरदान दिइन् र आफू समाधि कसेर प्राण त्यागी पतिभाठौं परलोकमा गइन् ।

शिवको अवतार जानेर विष्णु आदि सकल देवता उहाँ आए र उस बालकको भारी उत्सव मनाए । तब ब्रह्माजीले त्यस बालकको नाम 'पिप्प-लाद' राखे । त्यसपछि महाप्रभु पिप्पलादले समस्त लोक र ती लोकनिवासी-हरूको कल्याणका लागि कैयौं कालसम्म त्यस पिप्पलको फेदमा बसेर तपस्या गरिरहे ।

यस्ता प्रकारले पिप्पलादले संसारमा धर्मको स्थापना गरेर निवास गरे । धेरै वर्षपछि उनले संसारमा अनेक लीला देखाउँदै राजा अरण्यककी पुत्री 'पद्मा' का साथ विवाह गरे र आफ्नू वयोवृद्ध शरीरलाई रमणयोग्य पट्ठो बनाए । त्यसपछि उनले पद्माबाट दशोटा छोरा जन्माए । उनले अरू-अरू

पनि अनेक लीलाहरू गरे । संसारमा कसैबाट पनि निवारण हुन नसकेको शनिश्चरको पीडालाई उनले दूर गराए । उनले आफ्नू शक्तिद्वारा–'जन्मदेखि सोह्र वर्षसम्म कुनै पनि व्यक्ति शनिको पीडाले पीडित हुनेछैन र शिवभक्त-हरूलाई उसले पीडा पहुचाउन सक्नेछैन । गाधि, कौशिक र पिप्पलाद यी तीन मुनिको स्मरण मात्रले पनि शनिको पीड़ा नाश हुनेछ । यदि शनिले यस नियमको उल्लङ्घन गऱ्यो र तिनलाई पीडा पाऱ्यो भने उ स्वयं भस्म हुनेछ'–भन्ने नियम बाँधे ।

वैश्यनाथ अवतारको कथा

उहिलेको कुरो हो कि एकासमयमा नन्दिग्राममा महानन्दा नामकी यौटी अत्यन्त धनी, ऐश्वर्ययुक्ता, सारा शृङ्गारले सधैं सिंगाएर सुन्दरी वेश्या रहन्थी । गानविद्यामा अति निपुण त्यो वेश्या सधैं शङ्करजीको जप गर्दथी तथा पार्वतीसहित सदाशिवको भक्तिपूर्वक पूजा गर्दथी र आफ्नू सुरिलो गलाले गाएर शिव-पार्वतीको स्तुतिगान गर्दथी । ऊ सधैं रुद्राक्ष धारण गर्दथी र निधारमा भस्मको त्रिपुण्ड्र लाउँथी । शिवमूर्ति सामु राखेर नाच्तथी । यस्तैमा एकदिन उसका श्रद्धा-भक्तिले प्रसन्निएका शिवजी कुनै धनाढ्य वैश्यको रूप धारण गरेर त्यस वेश्याका भावको परीक्षा लिन त्यहाँ पाल्नुभयो । उहाँका नाडीमा रत्नजडित सुनका राम्रा बाला थिए । ती बाला देखेर महानन्दा मुग्ध भई । वैश्यको रूपमा रहेका शिवले उसको मनशाय बुझिलिनुभो । तब शिवजीले 'यदि यस बालामा तिम्रो मन लल्चा-एको छ भने यी बाला तिमी पहिरिलेऊ, परन्तु यसको मोल दिनुपर्छ, भन कति दिन्छ्यौ ?' भन्नुभयो ।

तब वेश्याले 'म त व्यभिचारिणी वेश्या हुँ, पतिव्रता स्त्री त हैन । व्यभिचार नै मेरो कुलको धर्म हो । तसर्थ यदि तपाईं मलाई ती बाला दिनु-

हुन्छ भने म बहत्तर घण्टासम्म तपाईंका साथ तपाईंकी पत्नीसरह भएर रहनेछु'–भनी । शिवरूप वैश्यले यो कुरो मानिलिए । शिवले उसलाई कङ्कण दिंदै–'यस व्यवहारमा सूर्य-चन्द्र साक्षी छन्' यो वाचा तीनपल्ट सत्यतापूर्वक भनेर यो स्वीकार गर र मेरो हृदयमा छोऊ'–भन्नुभयो । तब वेश्याले–'म पूरा तीन दिन, तीन रातसम्म तपाईंकी पत्नी रहेर सहधर्मको पालन गर्नेछु, यो प्रतिज्ञा सत्य हो, यो प्रतिज्ञा सत्य हो'–यति भनी र महानन्दाले सूर्य चन्द्रमालाई साक्षी बनाएर शिवको हृदयमा तीनपल्ट छोई ।

त्यसपछि शिवजीले उसलाई यौटा रत्नमय शिवलिङ्ग दिनुभो र–'यो अत्यन्त गोपनीय छ, यसलाई जतनले राख्नू' भन्नुभयो । अनि उसले त्यसलाई रत्नमय नृत्यमण्डपमा राखी र आफू मखमलीको गद्दामा शिवका साथ सुत्नका लागि गई ।

आधारातको समयमा उस नृत्यमण्डपबाट—'हे तात ! यस नृत्यमण्डपमा सहसा वायुका साथ आगलागी भएको छ' यस्तो वाणी आएको सुनियो । त्यस्तो वाणी सुन्नेबित्तिकै महानन्दाले दौडदै गएर बाँधिएका र थुनिएका पशु-पक्षी, बाँदर, कुखा आदिलाई फुकाएर छोडिदिई र बचाई । त्यो शिवलिङ्ग नृत्यमण्डपका खम्बाका साथै डढेर भस्मीभूत भयो । त्यस घटनाले ती वैश्य र वेश्या दुवै दुःखी भए । तब त्यस वैश्यले–'मेरो प्राणभन्दा पनि प्यारो त्यो शिवलिङ्ग जलिगयो भने म अब जीवित रहेर के गर्छु ?'–भन्यो र उसले त्यस वेश्याका नोकर-चाकर लगाएर यौटा विशाल चिता बनवायो र उसमा आगो लगाई आफ्नो शरीरलाई खरानी पारिदियो । तब त्यस वेश्याले 'शिवभक्त यो वैश्य त मरिगयो, ठूलो अनर्थ भयो । मैले सत्य प्रतिज्ञा गरेकी थिएँ कि तीन दिन तीन रात तिम्रासाथ सहधर्मिणी झैं रहनेछु भन्ने । किन्तु मेरो सानू असावधानीले गर्दा यो परम शिवभक्त, शिवव्रती मरिगयो । मैले उसको सामु सत्य मार्ग लिएकी थिएँ । सत्यले नै परमगति

प्राप्त हुन्छ । यसकारण अब म पनि यसैका साथ यसै अग्निमा प्रवेश गरिलिन्छु । भन्ने विचारी त्यसै चिताग्निमा प्रवेश गर्न लागी ।

त्यसको त्यस्तो साहस देखेर त्यहाँ आएका अरूहरूले उसलाई प्राण त्याग्न मनाही गरे । परन्तु उसले मान्दै मानिन र त्यसै चिताग्निमा जल्न तम्सिई र उसले त्यतिखेर सारा आफ्नू धन-सम्पत्ति साधु ब्राह्मणहरूलाई दान गरिदिई र त्यस चिताग्निमा हामफाल्न तयार भई त त्यसै बखत विश्वात्मा प्रभु शिवजी त्यहाँ प्रकट हुनुभयो । ती त्यहाँ त्यतिखेर प्रकट भएका चन्द्रशेखर करोडौं सूर्यका समान कान्तिवाला दिव्यरूपधारी भै उस वेश्याका सामु खड़ा थिए । त्यस घटनाले वेश्या महानन्दा आश्चर्यचकित भई । अनि थरथर काम्दै प्रेमाश्रु बगाउन लागी । तब शिवले उसलाई धैर्य धारण गराएर–'मैले नै तेरो परीक्षा लिनका लागि वैश्यको रूप धारण गरेको थिएँ' भन्नुभयो ।

तब त्यस वेश्याले आफ्ना सकल नोकर-चाकर सहित भएर, 'हे प्रभु ! हामी सबै सधैं शिवचरणको सेवा सभक्ति गर्न पाओं' भनी वरदान माँगी । तब शिवले 'एवमस्तु' भन्दै ती सबैलाई आफ्नू परम धाममा पठाइदिनु भयो ।

द्विजेश्वर अवतार

उहिले यौटा भद्रायु नामका राजा थिए । उनलाई शिवले कृपा गर्नुभएको थियो । उसैका लागि शिवजीले द्विजेश्वर अवतार लिनुपरेको थियो । अब तपाईंलाई म त्यही कथा सुनाउँछु । त्यसलाई तपाईं ध्यान लाएर सुन्नुहोस् ।

ऋषभको प्रभावले राजा भद्रायुले आफ्ना शत्रुहरूलाई जिते । ऋषभ पनि शिवजी नै हुनुहुन्थ्यो । प्रभुले भद्रायुलाई ऋषभको प्रभावले नै पैदा गर्नुभएको थियो । उमेर पुगेपछि उसले राजा चन्द्राङ्गदकी पुत्री सीमन्तिनीका

साथ बिहे गरेका थिए । एक दिन चन्द्राङ्गद आफ्नी पत्नीका साथ विहार गर्नका लागि जङ्गलमा गएको थियो । उहीं पार्वतीका साथ शिवजी ती राजाको परीक्षा लिन आए । पार्वती र शिवजी त्यस जङ्गलमा पुगेपछि द्विज-दम्पती बने । अनि शिवले आफ्नू मायाले यौटा जखमले सिंह पैदा गरे र उसका भयले तिनै राजा भद्रायुका पास शरण लिन पुगे र 'यसबाट हाम्रो रक्षा गर्नुहोस्' भने । परन्तु राजाले जसै धनु उठाएका मात्र थिए त्यसैखेर त्यस मायामय सिंहले झम्टिएर ती ब्राह्मणकी पत्नीलाई पक्रिलियो । उसले तीं राजाका बाणहरूको मार खाँदै चोट खप्दै भए पनि ती ब्राह्मणी स्त्रीलाई लिएर भाग्यो । सिंहले घिसारिएकी त्यो स्त्री—'हे नाथ ! हे कान्त ! हे प्राण-नाथ ! भन्दै चिल्लाइरहेकी थिइन् । आफ्नी प्राणप्यारी पत्नीलाई सिंहले घिसार्दै लगेको देखेर ब्राह्मण छाती ठोकी ठोकी अलाप-विलाप गर्दै रुन लागे ।

अनि उनले राजालाई—'हे राजन् ! तपाईंको पराक्रमले के लाभ ? तपाईं-ले जङ्गली जाबो जनावरबाट पनि मेरी स्त्रीलाई नारीजातिलाई बचाउन सक्नु-भएन, जो क्षत्री राजा शरणागतको दुःखलाई दूर गर्न सक्ने शक्ति राख्न सक्तैन, त्यस्ता राजाले बाँचेर के लाभ ?' भने । ती ब्राह्मणको त्यस्तो कुरो सुनेर राजा शोकाकुल भई आफ्नू दुर्भाग्यको निन्दा गर्न लागे । अनि उनी सोच्न लागे—'आज दुर्भाग्यवश मेरो पौरुष नष्ट भयो । अब म यी दुःखी ब्राह्मणका लागि आफ्नू प्राण नै त्यागेर शोकरहित हुन्छु ।' मनमा यस्तो निश्चय गरेर ती ब्राह्मणको गोड़ामा गिरेर उनलाई सान्त्वना दिन लागे—'हे विप्र ! अब म आफ्नू सम्पूर्ण राज्य तपाईंलाई समर्पण गर्दछु । यदि मेरो यस कामले सन्तुष्ट हुनुहुन्न भने तपाईंलाई जो इच्छा छ त्यो मलाई गर्नुहोस् ।' राजाको त्यस्तो विनम्र वचन सुनेर ती ब्राह्मणले—'हे राजन् ! अब मेरी स्त्री रहिन । त्यसकारण अब तपाईं मलाई आफ्नी प्रधान स्त्री दिनुहोस्'—

भने । उनको यस्तो कुरो सुनेर राजाले–'ब्रह्मन् ! अरू जे भन्नुहुन्छ, त्यो दिदिन्छु, परन्तु प्रधान पत्नी त दिन सक्तिन । फेरि स्त्री त्याग्नु र परस्त्री सेवन गर्नु यी दुवै काम घोर पाप हुन् । यो पाप त प्रायश्चित्तले पनि जाँदैन'–भने ।

तब ब्राह्मणरूपधारी शङ्करजाले अति प्रसन्न भएर––'हे राजन् ! तिम्रो भक्तिले म प्रसन्न छु । अब तिमी इच्छा लागेको वर माँग । यो सबकुछ मैले तिम्रो परीक्षा लिन गरेको थिएँ । तिमी धैर्यधारीमा साँचो उत्रियौ । त्यो मेरै स्त्री पार्वती हो, जसलाई मद्वारा सृजित मायाको सिंहले लिएर भागेको थियो । त्यसै कारणले तिमीले उसलाई मार्न सकेनौ । तिम्रो धैर्यको परीक्षा लिनका लागि नै मैले तिम्री पत्नीलाई माँगेको थिएँ'––भने । शिवको त्यस्तो वाणी सुनेर अत्यन्त प्रसन्न भएका राजाले शिवको चरणारविन्दमा गिरेर 'हजुरमा मेरो परम भक्ति रहिरहोस्' भन्ने वरदान माँगे । अनि आफ्ना माता-पिता वज्रबाहुका लागि पनि शिवभक्तिको वरदान माँगे । राजाकी धर्मपत्नीले पनि आफ्ना पिताका लागि शिवजीको भक्ति माँगिन् ।

यतिनाथ हंसरूप अवतार

कुनै समयमा अर्बुद पर्वतको नजीकै कुनै यौटा भिल्ल रहन्थ्यो, जसको नाम 'आहुक' थियो । त्यसकी अति पतिव्रता स्त्री थिई । त्यस स्त्रीको नाम 'आहुका' थियो । ती दुवै पति-पत्नी भगवान् शिवका महान् भक्त थिए । कुनै समयमा त्यो आफ्नी स्त्रीलाई खाना खोज्नका लागि जङ्गलमा निकै टाढा पुग्यो । साँझमा यौटा संन्यासी जोगीको रूपमा शिवजी उसका घर पुगे त त्यति नै खेर त्यो भिल्ल पनि आफ्नू घरमा आइपुग्यो । ती भिल्ल दम्पतीले अतिथि जोगीको यथायोग्य सत्कार गरे ।

जोगीरूप शिवले त्यस भिल्ललाई भन्नुभो—'आज रातभरिका लागि मलाई यहाँ बस्ने ठाउँ देऊ, भोलि बिहानै जाइजान्छु । तिम्रो भलो होस् ।' तब भिल्लले—'प्रभु ! मकहाँ सानू ठाउँ छ, साँगुरो छ, यस्तोमा तपाईं कसरी रहनुहुन्छ ?'—भन्यो । उसको त्यस्तो कुरो सुनेर ती संन्यासी रूप शिवजी त्यहाँबाट जान लागे । तब भिल्लकी पत्नीले आफ्नू पतिलाई—'तिम्हरू दुई जना भित्र सुत्नू । म रातभरि धनु-वाण लिएर बाहिरै बस्छु । यसो गर्नाले अतिथि-धर्मको पालन भैहाल्छ । साँझमा आएका पाहुना अतिथि योगीलाई अन्त जान नदिनोस्'—भनी । आपनी पत्नीको त्यस्तो कुरो सुनेर भिल्लले—'हैन, तँ र संन्यासी भित्र सुत, म नै बाहिर बस्छु'—भन्यो । तब तिनीहरूले त्यस संन्यासी योगीलाई अन्त जान दिएनन् र भिल्लकी पत्नी र ती जोगी राति झुप्रोभित्र सुते । भिल्ल चाहिं धनु-वाणले सुसज्जित भएर बाहिरै बसिरह्यो । परन्तु राति त्यस भिल्ललाई वन्य जन्तुले मारिदियो । बिहान उठेर ती जोगी तथा भिल्लपत्नीले भिल्ललाई मरिरहेको देखे त जोगी बड़ो दुःखी भए ।

यतिलाई साह्रै पिरिएको देखेर त्यस भिल्लपत्नीले ती संन्यासीलाई—'हे यतिवर ! तपाईं यस्तो दुःखी नहुनुहोस् । मेरा पतिले आफ्नू प्राण धर्ममा दृढ़ रहेर गँवाउनु भएको छ । अब म यिनैका साथ सती जान्छु । किनकि यही नै सनातन धर्म हो । तपाईं नपिरिईकन निश्चिन्त भएर जहाँ जानुपर्ने हो पाल्नुहोस्'—भनी ।

ती सन्यासीलाई त्यति भनेर त्यो भिल्लपत्नी चिता तयार पारी पतिका साथ भस्म हुनका लागि चितामा चढ़ी त शिवजी त्यतिखेरै त्यहीं साक्षात् प्रकट हुनुभो र उनीहरूलाई—'तिमी दुवै दोस्रो जन्ममा राजा-रानी हुनेछौ, त्यतिखेर मेरो यो संन्यासीरूपी शरीर हाँस भएर तिमीहरूको सहायता गर्नेछ'—भन्नुभयो ।

शिवका वरप्रसादले त्यो भिल्ल अर्को जन्ममा निषध देशको राजकुमार 'नल' भै पैदा भयो र पछि त्यहाँको राजा भयो। उसकी पत्नी भिल्लिनी विदर्भ राजाकी पुत्री 'दमयन्ती' नामकी भै विदर्भ देशमा जन्मिन्। पछि शिवले त्यहाँ हंसरूप धारण गरेर ती दुवैको पत्र-प्रेम गराई विवाह गराउनु-भयो। शिवको त्यो हंसरूप तथा त्यो यतिरूप अवतार परम कल्याणकारी छ। यो कथा सुन्ने गरे कोही पनि मनुष्य परमगतिमा प्राप्त हुन्छ।

कृष्णदर्शन अवतार

अघि इक्ष्वाकुवंशमा श्राद्धदेवको नवौं पीढ़ीमा राजा नभग जन्मिएका थिए। उनका पुत्र नाभाग र विष्णुभक्त अम्बरीष दुई छोरा भए। अब तपाईं उनै अम्बरीषका पितामह (जिबा) नभगको चरित्र सुन्नुहोस्। जस-लाई स्वयं शङ्करजीले नै वरदान दिनुभएको थियो।

जब नभग गुरुकुलमा विद्या पढ्न गए त यता उनका भाइहरूले राज्यको विभाजन गरेर आफ्नो भाग त लिए-लिए, किन्तु नभगको भाग पनि जबरजस्ती हडप गरिलिए। जब ब्रह्मचारी नभग सबै वेद वेदाङ्ग पढेर गुरु-कुलबाट फर्किए त उनले आफ्नू भाग भाइहरूसित माँगे। तब भाइहरूले-'अशवण्डा गर्दाखेरि तपाईंको ख्याल रहेन, तसर्थ अब त जो कुछ बचेको छ त्यो पिताजीकै पास छ, उहाँसित नै आफ्नू भाग माँगलिनुहोस्'-भने। जब नभग आफ्ना पिताका पास गए त पिताले-'तेरा भाइहरूले तँलाई छक्याइदिए'-भने।

अब तँलाई म यौटा उपाय बताउँछु। तँ विद्वान् छस्। तसर्थ तँ अहिल्यै अङ्गिरस ब्राह्मणको यज्ञमा गइहाल् किनकि उनको यज्ञ पूरा भइरहेको छैन, उनलाई हरेक हप्ताको छैटौं दिन मोह भइरहेको छ, तसर्थ तँ त्यहाँ

गएर उनको यज्ञलाई ज्ञानद्वारा वेदका मन्त्रहरूले पूर्ण गराइदे । तब ती स्वर्ग जानेछन् र बचेको सबै धन तँलाई दिएर सन्तुष्ट गरिदिनेछन् । जस्ले तँ मर्धे सन्तुष्ट र सुखी रहनेछस् भने ।

तब पिताको आज्ञानुसार प्रसन्नतापूर्वक नभग उहाँ गए । उहाँ पुगेपछि मनुपुत्रले उनको ठूलो स्वागत गरे । उहाँ उनले स्पष्ट र शुद्धरूपले वेदका दुई सूक्तको उच्चारण गरे । यज्ञ सकिएपछि अङ्गिरस ब्राह्मणले आपनू यज्ञमा बचेको सारा धन नभगलाई दिए र आफू स्वर्ग सिधारे ।

परन्तु त्यसै समयमा शिवजी स्वयं कृष्णदर्शन रूपमा उहाँ प्रकट भएर—'हे नभग ! यज्ञको अवशिष्ट (बचेको) धन त मेरो हुन्छ, त्यस-लाई तँ कसरी लिन्छस् ? तँलाई कसले यहाँ पठाएको हो ? यो कुरा साँचो-साँचो बता ।'—भने ।

तब नभगले—'यो धन त ऋषिहरूले मलाई दिनुभएको हो, अतः यो धन मेरो हो । तपाईं को हुनुहुन्छ, जो मलाई धन लिन रोकिरहनुभएको छ ?'—भने । यो यस्तो सत्य वचन सुनेर परमात्मा कृष्णदर्शन प्रभुले—'हामी दुवैको वाद-विवादमा तिम्रा पिता नै प्रमाण हुनुहुन्छ, तसर्थ जाऊ र पितालाई सोध, उहाँले जे जस्तो भन्नुहुन्छ, त्यही म मानिलिनेछु'—भन्नुभयो ।

कृष्णदर्शन प्रभुको त्यस्तो कुरो सुनेर नभग आफ्ना पिताका पास गए र सारा समाचार सुनाए । तब मुनि श्राद्धदेवले—'ती पुरुष शङ्करजी हुनु-हुन्छ । यज्ञमा बचेको अवशिष्ट वस्तुतः उहाँकै हुन्छ । यदि उहाँले कृपा गर्नुभो भने तँलाई मिल्छ । तसर्थ अब तँ उहाँ गएर उनको स्तुति गर, उन-सित आफ्नू अपराधबारे क्षमा माँग् । उहाँ अखिलेश्वर प्रभु यज्ञको अधिष्ठाता हुनुहुन्छ । ब्रह्मा, विष्णु आदि देवताहरू उहाँकै आदेश-अनुसार काम गर्छन्'—भने ।

त्यसपछि नभग उहाँ यज्ञमण्डपमा पुगे र आफ्नू अपराधका लागि क्षमा माँगे अनि भगवान् शङ्करजीको स्तुति गर्न लागे । तब श्रीशिवले––'तँ विकार-रहित भएर सबै प्रकारको सुख-भोग भोगेस्' भनी आफू अन्तर्धान हुनुभयो ।

अवधूतेश्वर अवतार

एकासमयमा भगवान् शङ्करजीले इन्द्र, बृहस्पति तथा अन्य देवताहरूको बाटोमा अवधूतको रूप बनाएर बस्नुभो । त्यतिखेर उहाँको शरीर अग्निसमान प्रज्वलित थियो । तब इन्द्रले आफ्नू रूप धारण गरेर ती पसारिएका पुरुषलाई––'शङ्कर भगवान् आफ्नै स्थानमा हुनुहुन्छ कि कतै अन्त जानुभएको छ'––भनी सोधे । मद (घमण्ड) नाशक प्रभुले त्यस प्रश्नको कुनै उत्तर दिनुभएन । इन्द्रले कतिपल्ट सोध्दा पनि उनी चुपै रहे । तब इन्द्रलाई स्वर्गको राजापनको मद (घमण्ड) चढ्यो र क्रोध बढ्यो । तब क्रोधपूर्वक इन्द्रले––तँलाई म अहिल्यै यस वज्रले मारिदिन्छु, 'हेरूँ त, अनि तँलाई कसले बचाउँदो रहेछ'––भने । अनि इन्द्रले त्यस निस्फिक्र मस्तराम अवधूत दिगम्बरलाई मार्नका लागि वज्र उजाए । परन्तु तिनको त्यो वज्र उनको हातबाट छुटेन, उनकै हातमा रह्यो, उनको हातै अररियो, हल न चल भयो । तब इन्द्र क्रोधले आगो भए । इन्द्रले त्यस्तो क्रोध गर्दा पनि त्यो अवधूत निस्फिक्री रहेको देखेर बृहस्पतिजीले 'यी अवधूत नै साक्षात् शङ्कर हुन्' भन्ने जानिलिनुभो र बृहस्पतिले शङ्करजीलाई दण्डवत् प्रणाम गर्नुभो र अनेक प्रकारले शिवजीको स्तुति गरेर इन्द्रलाई बचाउनुभो, इन्द्रका प्राणको रक्षा गर्नुभो । यसै कामका प्रभावले त्यस दिनदेखि गुरु बृहस्पतिको नाम 'जीव' रहन गयो ।

भिक्षुवर्य अवतार

उहिले विदर्भ नगरमा यौटा 'सत्यरथ' नाम गरेको राजा थियो। उसले शिवधर्मको सेवन गर्दै धेरै समय बितायो, परन्तु त्यो राजा उसका शत्रु-हरूको आक्रमणमा मारियो। त्यतिखेर उसकी पटरानी गर्भवती थिई। त्यो लुक्तै-छिप्तै ढूलो जङ्गलमा पुगेर यौटा विशाल वटवृक्षको मनि विश्राम गरी र त्यहीं त्यसले यौटा छोरो पाई। त्यसपछि त्यो प्यासले व्याकुल भएर कुनै सरोवर (पोखरी) मा पानी पिउनका लागि गई त उहीं उसलाई ग्राहले तानेर खाइलियो। तब आफनू परमभक्त सत्यरथको पुत्र त्यस बालकमाथि शिवजीलाई दया जाग्यो। उनकै मानसिक प्रेरणाले कुनै यौटी भिखारिनी त्यस बालकभाठौं एकाएक पुगी। त्यहाँ त्यस हालतमा रहेको भरखरै जन्मेको त्यस बालकलाई देखी दयाले पग्लिई। त्यस चकमन्न जंगलमा त्यस्तो अल-पत्र परेको बालक देखी—'यो कसको छोरो होला, यसलाई पाल्नका लागि लैजाऊँ कि नलैजाऊँ, के गरूँ, छोड्दै त कसरी निर्दयी विवेकहीन बनेर छोड्दै; लैजाऊँ त कसको सन्तान हो कसको, कसरी लैजाऊँ'—यस्तै कुरा मनभित्र ऊ केलाउन थाली। उसको त्यस्तै तर्क-वितर्कको समयमा शङ्करजी स्वयं कुनै भिक्षुको रूप लिएर त्यस भिखारिनी भएको ठाउँमा आउनुभयो र—'तँ कुनै प्रकारको तर्क-वितर्क नगरी निर्धक्कसित आफनू घर लगेर यसको पालन-पोषण गर्'—भन्नुभयो।

त्यसपछि त्यस भिखारिनीले—'हे भिक्षुक! तपाईं को हुनुहुन्छ? के शङ्कर त हुनुहुन्न? जो ममाथि यस्तो दया गरिरहनुभएको छ?' कृपया यो त बताउनुहोस् कि यो को हो? कसको छोरो हो? कसरी यो यहाँ यस्तरी असहाय पडिरहेको छ?'—भनी सोधी। तब भिक्षुरूप शिवजीले—'हे

भद्रे ! यो बालक राजा सत्यरथको छोरो हो । यसको बाबु युद्धमा शत्रुहरू-द्वारा मारिइसक्यो यानी मरिसक्यो । यसकी आमा यसलाई पाएपछि प्रसव-वेदनाको प्यासले पीडित भएर पानी पिउनका लागि कुनै सरोवर (पोखरी) मा गएकी थिई, उहीं उसलाई उहाँको ग्राहले तानी खाइदियो । तसर्थ तँ अब यसलाई दुक्क भएर पाल्'––भन्नुभयो । तब त्यस भिक्षुणीले ती भिक्षुक रूप शिवलाई––'यसका माता-पिताको मृत्यु किन त्यसरी भयो ?'––भनी सोधी ।

तब त्यसका प्रश्नको उत्तरमा भिक्षुरूप शिवले––'हे भिक्षुणी ! यो राजा सत्यरथ पूर्वजन्ममा पाण्डु थियो । एकपल्ट पाण्डु शिवपूजनमा बसेको बेलामा मन्त्रीहरू आएर राज्यमा शत्रुहरूले चढाई गरेको समाचार सुनाए । तब पाण्डुले बिना सोची-सम्झी 'हो न हो यिनीहरू नै मन्त्रिवेशमा शत्रु आएका हुन्'––यस्तो ठाने । अनि उनले शिवपूजन समाप्त गरेर उठी ती समाचार सुनाउनेको शिर कटाकट काटिदिए अनि पूजा नै नगरी कुनै दिन राति भोजन गरेका थिए । यसै कारणले यो जन्ममा राजा भएर राज्य गर्दा-गर्दै बीचैमा त्यो सत्यरथ मारियो र यस केटाकी आमाले पूर्वजन्ममा छल-कपटद्वारा आफ्नी सौतालाई मारेकी थिई । त्यसै भयङ्कर पापको परिणामले गर्दा यसकी आमालाई ग्राहले खाइदियो'––भनी ती दुबैको पूर्वजन्मको वृत्तान्त बताउनुभयो ।

यी सबै कथा सुनाइ सकेपछि शिवजीले उस भिक्षुणीलाई आफ्नू असली रूप देखाउनु भयो । अनि त त्यो भिक्षुणी हर्षले गद्गद भई शिवको गर्नासम्म स्तुति गरी । तब ती भिक्षुकरूपधारी शिव पनि उसलाई भलो हुने आशीर्वाद दिएर अन्तर्धान हुनुभयो । उस भिक्षुणीरूप ब्राह्मणीले पनि राजाको त्यस पुत्रलाई आफ्नो घर लगेर आफ्ना छोरा-छोरीकै साथमा पालन-

पोषण गरी । ठूलो भएपछि उसले शाण्डिल्य ऋषिको आदेशले शिवको एक वर्षसम्म पूजा गर्‍यागर्‍यै गर्‍यो र त्यसपछि गन्धर्वकन्यासित विवाह गरी अकण्टक, राज्य गर्‍यो ।

सुरेश्वर अवतार

नन्दीश्वर भन्नुहुन्छ—हे तात ! हे बाबू ! व्याघ्रपादका पुत्र उपमन्यु जो कैयन जन्मदेखि पितृको पितृनै भएर यस जन्ममा फेरि कुमारपनमा प्राप्त भए र भाग्यवश असाध्यै दरिद्री भए । यसै दरिद्रताको कारणले माताको घरमा उनलाई अलि-अलि मात्रै दूध पिउन मिल्दथ्यो । त्यसकारण बारम्बार उ आफ्नी आमासँग दूध मागिरहन्थ्यो । यस्तैमा एक दिन उसकी आमाले उस बालकको मन राख्नलाई सुटुक्क ढड्याएको चामल पिसी पानी मिलाएर घोरी कृत्रिम दूध बनाई उसलाई पिउन दिइन् । परन्तु बालक उपमन्युले त्यो दूध पिएन र भन्यो—'आमा ! यो त दूध होइन ।' तब वात्सल्यवती आमाले उसलाई काखमा बसाएर उसको आँसु पुछिदिँदै—'बाबु ! बेटा ! हामी वनवासीको घरमा दूध कहाँ छ र ? पूर्वजन्ममा जस्तो कर्म गरेका थियौं, त्यस्तै भोगिरहेका छौं । अब शङ्करजीको कृपा भयो भने मात्र तिमीलाई दूध मिल्न सक्छ । तब आफ्नी आमाका त्यस्ता दुःखी वचन सुनेर उस बालक उपमन्युले—'आमा ! पीर नमान्नुहोस्, शोक चिन्ता नगर्नुहोस् । यदि भगवान् शङ्कर कल्याण गर्नेवाला हुनुहुन्छ भने कल्याण अवश्य हुनेछ'—भने ।

'यदि महादेव कहीं हुनुहुन्छ भने उहाँले देर-सबेर अर्थात् ढीलो वा चाँडो अवश्य दूध दिनुहुनेछ । अब म उहाँको कृपा पाउनका लागि शङ्करको आराधना तपस्या गर्दछु ।' यति आमालाई भनेर आमाका चरणमा भक्तिपूर्वक ढोगेर अनि सरासर हिमालय पुगेर त्यहाँको यौटा गुफामा बसेर

पद्मासन कसी ध्यानमग्न भै बसी शिवको पञ्चाक्षर 'ॐ नमः शिवाय' अविरल जप्न लागे । दृढविश्वासी उस बालकको नित्यको शिवपूजन र भक्तिपूर्वकको पञ्चाक्षर मन्त्र जपनले तीनै लोक प्रदीप्त हुन लाग्यो । तब शङ्करजी आफ्नी पत्नी पार्वतीका साथ इन्द्र र इन्द्राणीको रूप धारी हात्तीमा चढी त्यो बालक बसेको ठाउँमा आए र उसलाई—'तँ तँलाई इच्छा लागेको वर माग्, म तीनै लोकको राजा अनि सकल देवताहरूको स्वामी देवराज इन्द्र हुँ । यदि तैंले निर्गुण रुद्रको पूजा आराधना गर्छस् भने देवजातिबाट तँ निकालिनेछस् र पिशाच बनाइनेछस्'—भने ।

इन्द्र-दम्पतीको त्यस्तो आश्वासन र धम्की सुनेर उपमन्युले त्यस घटनालाई आफ्नू तपस्यामा विघ्न ठानी पुनः शिवमन्त्र 'ॐ नमः शिवाय' जप्न लागे । अनि उनले ती इन्द्रलाई—'तपाईं रुद्रलाई चिन्दैचिन्नुहुन्न । उहाँ त तपाईं जस्ता देवताहरूका स्वामी हुनुहुन्छ । म अति राम्रोसँग जान्दछु कि शङ्करभन्दा पर अर्को कुनै पनि तत्त्व छैन । तपाईं यहाँ व्यर्थै उहाँको निन्दा नगर्नुहोस् । तपाईंसित त के स्वयं ब्रह्मा र विष्णु नै आए पनि उहाँहरूसँग म वरदान माग्दिनँ । अझै यदि तपाईं मेरो सामु शङ्करको निन्दा गर्नुहुन्छ भने तपाईंलाई म अहिल्यै भस्म पारिदिन्छु'—भने । अनि उस बालकले तत्काल धुनिको भस्म हातमा लिएर, त्यस भस्मलाई अघोर मन्त्रले अभिमन्त्रित गरेर, आफ्ना इष्टदेवका चरणयुगलमा ध्यान धरेर त्यो भस्म तुरुन्तै इन्द्रमाथि फ्याँकिदियो । परन्तु ती दम्पती-युगल त साक्षात् शिव-पार्वती नै हुनाले उनमाथि भस्मको कुनै प्रभाव परेन । त्यसपछि तुरुन्तै त्यो इन्द्र-इन्द्राणीको रूप शिव-पार्वतीको रूपमा प्रकट भयो । अनि त के भियो र उस बालकले हजारौं दूध-दही तथा अन्न आदिको समुद्र तथा भण्डार त्यहीं देखिलियो । बालकले ती युगललाई पाल्नुहोस् भन्दै श्रद्धा-भक्तिपूर्वक गद्गद हुँदै लम्पसार परेर दण्डवत् प्रणाम गऱ्यो । माता पार्वतीले त्यस बालकलाई

आफ्ना काखमा बसाएर कुमारलाई जस्तै प्यारो गर्नुभयो । अनि उहाँले उस बालकलाई अक्षयकुमार बनाउनुभयो । अनि उस बालकले शिवको भक्ति माँग्यो । शिवले पनि उसलाई अजर-अमर हुने वर अटल रहने भक्ति वर-दानमा दिनुभयो ।

अनि त्यो बालक घरमा गयो र आमाका चरणकमलमा हर्षपूर्वक ढोग्यो र तपस्यामा घटेका सारा वृत्तान्त आमालाई सुनायो । त्यो सब सुनेर आमा अत्यन्त प्रसन्न भइन् । पछि त्यही उपमन्यु शिवका कृपाले जगत्पूज्य बन्यो, सकल शास्त्रको ज्ञाता भयो । अष्टसिद्धि, नवनिधि त उसका सेवक बने । त्यस्ता प्रकारले उपमन्युका लागि शिवले सुरेश्वर इन्द्रको अवतार लिनुभएको थियो ।

ब्रह्मचारी अवतार

दक्षकी पुत्री सती जब आफ्ना बाबुबाट गरिएको शिवको अपमान हेर्न नसकी, निन्दा सुन्न नसकी त्यसै अग्निकुण्डमा हामफाली भस्म भइन् तब हिमालयकहाँ मैनकाको गर्भबाट पार्वतीरूपमा प्रकट हुनुभयो । पछि नारदजीको उपदेश र ढिपीले शिवलाई पतिरूपमा प्राप्त गर्नका लागि उहाँले कठोर तपस्या गर्नुभयो । शिवजीले उनको दृढव्रत तथा दृढप्रेमको परीक्षा लिनका लागि सप्तर्षिहरूलाई उनको तपःस्थलमा पठाउनुभयो । जब सप्तर्षि-हरू उनको परीक्षा लिएर, उनको भक्तिभाव श्रीशङ्करलाई सुनाएर आफ्नू लोकमा गए तब स्वयं शिवजी नै उनको परीक्षा लिनका लागि यौटा अति सुन्दर ब्रह्मचारीको वेषमा पार्वती भाँ आए । पार्वतजीले अर्घ्य पाद्यादिले उनको पूजा गरिन् । ब्रह्मचारीले उनको त्यस्तो कठोर तपस्याको कारण सोधे त पार्वतीजीले आफ्नू सारा मनोरथ बताइदिनुभो ।

उनको मनोरथरूपी वृत्तान्त सुनेर ती ब्रह्मचारीले–'तिम्रो कुरो मेरो समझमा आउन सकेन । किनकि ती शङ्कर त दिगम्बर हुन्, उनसित यौटा बूढ़ो गोरु-सिवाय केही छैन । अनि उनी सधैं त्रिनेत्रा र चिताको भस्म शरीर भर घसेर निर्लज्ज भै निर्वाङ्ग रहनेवाला हुन् । बरु देवताहरूमध्ये कसैलाई वरण गर्ने विचार गरेको भए उत्तम थियो । त्यो महादेवलाई त म राम्रोसित चिन्दछु र उसको चरित्र पनि भलीभाँति जान्दछु । तिमी जस्ती अनुपम सुन्दरीका लागि त ती कदापि योग्य वर हैनन् ।

ब्रह्मचारीको त्यो राय पार्वतीलाई राम्रो लागेन र उनीसित नाराज भइन् । फेरि ती ब्रह्मचारीले अझै अगाडि क्यै भन्न खोज्दा 'आश्रमबाट उनलाई झट्टै बिदा गरिदेओ' भनी आफ्ना सखीहरूलाई भनिन् । यति अह्राई उठेर आश्रमभित्र जानलाग्दा फेरि उनले सखीहरूलाई–'जो शिवको निन्दा गर्दछ त्यो मात्रै पापको भागी हुन्न कि जो सुन्छ त्यो झन् पापको भागी हुन्छ'–भन्दै भित्र जान जसै पाइलो उठाइन् तसै त्यो सुन्दर ब्रह्मचारी शिवरूपमा प्रकट भयो र पार्वतीजीको हात समातेर–'म आजदेखि तिम्रो तपस्यारूपी धनले किनिएको दास भएँ, अतः अब मलाई आफ्नू सच्चा दास ठान'–भन्नुभयो । तब पार्वतीले अति प्रसन्न भएर उनलाई आफ्नू पति परमेश्वर बनिदिन प्रार्थना गरिन् । तब जिवजीले उनको प्रस्ताव स्वीकार गरी पर्वतराज हिमालयका विशाल प्रासादमा असंख्य बरियात लिएर गई स्वयं वैदिक रीतिले पार्वतीको पाणिग्रहण गर्नुभयो । अनि पार्वतीलाई समेत कैलाश लगेर उहाँ आनन्दपूर्वक रहन लाग्नुभयो ।

यो पापनाशक अति उत्तम कथा सुन्नाले जीवनभर अपूर्व सुख शान्ति र आनन्द मिल्दछ । यो परम पवित्र कथा शिवजीको चौराशिय। अवतारको कथा हो ।

सुनट-नर्तक अवतार

बिहाको पहिल्यै जब शिवजी पार्वतीलाई आफ्नी पत्नी बनाउने आश्वासन दिएर जानुभो तब पार्वतीजी पनि आफ्नू घर फर्कनुभो । अनि उनका पिताले उनको स्वागतपूर्वक ठूलो उत्सव मनाए । त्यस उत्सवमा शिवजी अति राम्रो अति सुन्दर नट (नटुवा) को वेशमा आएर मैनाको आँगनमा नाच्नलागे । नाचका अनेक लीलाहरू देखाएर सबै दर्शकहरू-लाई मोह पारी लट्ठ्याइलिए । अति खुशी भएर, असाध्यै रमाएर मैनाले सुनको बिट उठेको ठूलो थालभरि रत्न ल्याएर उसलाई पुरस्कार दिइन् । परन्तु उस नटुवाले त्यो पुरस्कार लिन मानेन, त्यसको साटो पार्वतीजीलाई नै माँग्न थाल्यो । उनको त्यस्तो ढिटथाइँले मैनालाई असाध्यै रिस उठ्यो । त्यसै वेला राजा हिमालय पनि मानसरोवरबाट निक्लेकी गङ्गाको छाँगामा गङ्गास्नान गरेर आफ्नू नित्यक्रिया उहीं सकीवरि टुप्लुक्क उहाँ आइपुगे । अनि पार्वतीमगुवा भिक्षुक त्यस नटुवालाई उनले पनि देखे । मैनाद्वारा त्यो सब सुनेर उनी पनि रिसाए । हिमालयलाई रिसले राँको भएको देखेर शङ्करजी सुटुक्क गुप्तरूपले पार्वतीसित बिदा लिएर अन्तर्धान भए । क्यै पछि हिमालय तथा मैनाले उनी नै शङ्करजी रहेछन् भन्ने थाहा पाएर पश्चात्ताप गरे र हामीले पार्वतीलाई दिनुपनें रहेछ भनी पिरिए । यस पिराइले शिवजीमा ती दम्पतीको दृढभक्ति जम्यो ।

शिवजीको यो 'सुनट–नर्तक अवतार' को कथा सबै प्रकारको पाप हर्ने र परमगतिमा पुऱ्याउने मोक्षदायिनी कथा हो ।

द्विज अवतार

पार्वतीजीले तपस्याद्वारा शिवलाई प्रसन्न पारेर जब घर फर्कनुभयो त हिमालय तथा मेनकाले शिवजीमा दृढभक्तिपूर्वक पार्वतीको पाणिग्रहण शिवका साथ गर्ने दृढ़विचार गरे त स्वर्गमा रहने देवताहरूलाई असाध्यै चिन्ता पऱ्यो र यदि हिमालयले आफ्नी प्यारी पुत्री पार्वतीलाई भक्तिपूर्वक शिवार्पण गरिदिए भने निश्चय नै उनी शिवको निर्वाणपदमा प्राप्त हुनेछन् । त्यस्ता प्रकारले रत्नका भण्डार शैलराज कहीं मुक्त भए भने यो पृथ्वी रत्न-गर्भा कसरी कहलाउलिन् अनि हिमाचलले यो महान् पर्वतरूप त्यागेर दिव्य-रूप लिनेछन् त पृथ्वीको परिस्थिति नै परिवर्तित हुनेछ भन्ने ठानी असाध्यै चिन्तित भए ।

यस प्रकारको चिन्ताले चिन्तित भएका सकल देवताहरू आफ्ना गुरु बृहस्पति भाठौं पुगेर उनलाई—'हे गुरो ! तपाईं तुरुन्तै शिवको निन्दा गर्नका लागि हिमालयको घर जानुहोस् र उनको मनै फर्कने गरी शिवको यस्तो निन्दा गर्नुहोस् कि जुन निन्दाले तिनीहरू शिवको भक्तिमा विरक्तिएर पार्वतीको विवाह शिवका साथ नगरून्, त्यस्तो परिपाठपूर्वक काम सिद्ध हुने पाराले गर्नासम्म निन्दा गर्नुहोस्'—भने ! तब बृहस्पतिले उनीहरूलाई—'तिमीहरू या तिमीहरूमध्ये कोही यस्तो काम गर्न सक्छन् भने गर या गरून् परन्तु म ता यस्तो निन्द्य काम गर्न सर्वथा असमर्थ छु । यसकारण तिमीहरू सबै जना ब्रह्माजी भाठौं जाओ र उनैका द्वारा यस्तो काम गराओ'—भने ! तब तिनीहरू देवगुरुको त्यस्तो कोरा उत्तर पाएर त्यहाँबाट सरासर ब्रह्माजी भाठौं पुगे र ब्रह्मालाई सारा वृत्तान्त बखाने । त्यसपछि ब्रह्माजीले उनी-हरूलाई—'सदा दुःख दिनेवाला अनि उग्र कलहकारिणी शिवनिन्दा म

कहिल्यै कुनै हालतमा पनि गर्दिनँ । वरु तिमीहरू आफै नै कैलाशमा जाओ र उहाँ पुगेर पहिले शिवलाई प्रसन्न पारी उहाँलाई नै उनका साथ उनको विवाह नहुने पार्न उनलाई नै पठाओ'—भन्ने कुरो बताए ।

ब्रह्माबाट त्यस्तो तरीका सुनेपछि सबै देवताहरू चुम्रिएर कैलाशमा नै गए । देवताहरूको विनयपूर्वकको विन्ती सुनेर मस्तराम शिवजी अति सन्तुष्टतापूर्वक प्रसन्न हुनुभयो । अनि उहाँ नै वैष्णव-रूप धारण गरेर हिमालयको घरमा पुगी हिमालय र मैनाका सामु उभिएर–'त्यो रूप न रङ्गको पागल अवधूत भङ्ङी गजड़ी कुरूप अकामी फुस्रे-धुस्रे मस्तराम शिवका साथ पार्वतीको विवाह गर्नु योग्य छैन, त्यस्ताका साथ गरिएको त्यो विवाह सुखदायी कसरी होला भन्ने सल्लाह दिएर अनि लीलाविशारद शिवजी उहाँ-बाट बिदा हुनुभयो । ती वैष्णवको त्यस्तो प्रभावशाली सल्लाहले मैनासहित हिमालयको बुद्धि पर्लक पल्टियो । यस्ता प्रकारले शिवजीले द्विजको रूप धारण गरेर देवताहरूको कार्य सम्पन्न पार्नुभयो ।

अश्वत्थामा अवतार

नन्दीश्वर भन्दै हुनुहुन्छ—हे सनत्कुमार ! देवगुरु बृहस्पतिजीका भार-द्वाज अनि भारद्वारका द्रोण नाम गरेका अयोनिज छोरा भए । भगवान् पर्शुरामको प्रशिक्षणको प्रभावले गर्दा ती द्रोणले कौरवहरूका आचार्यत्वको पद प्राप्त गरे । त्यतिखेरका कौरवहरूका छः महारथीहरूमा उनी महान् तथा प्रमुख थिए । महात्मा द्रोणले पुत्रप्राप्तिका लागि शिवजीको ठूलो तपस्या गरे । शिवजीलाई प्रसन्न पारेर उनको वरदान प्राप्त गरी अजेय महान् परा-क्रमी पुत्र पैदा गरे । ती महाबली द्रोणपुत्र महाभारतको युद्धमा कौरवहरू-

का सहायक भए । सबै पाण्डव उनलाई जित्न असमर्थ भए । उनलाई जित्न असमर्थ ठानेर श्रीकृष्णको उपदेशले काम गऱ्यो । पछि शिवकृपाले नै अर्जुनले ती अजेय वीरले चलाएको ब्रह्मशिर नामक अस्त्रलाई परास्त पारे । अश्वत्थामाले आफ्नू त्यो शक्ति उत्तराको गर्भस्थित बालकमाथि पनि प्रहार गरे, परन्तु शिवजीको कृपाले गर्दा त्यसलाई श्रीकृष्णले आफ्नू सुदर्शनद्वारा बेकार बनाइदिए । लडाई सकिएपछि श्रीकृष्णले पाण्डवहरूलाई ती ब्राह्मण-श्रेष्ठ अश्वत्थामाका चरणकमलमा गिराए । तब अश्वत्थामाले ती पाण्डवहरू-लाई तथा श्रीकृष्णलाई अनेक सत्य सत्य आशीर्वाद दिए ।

किरात अवतार

वनवास बस्ता व्यासजीका उपदेशले अर्जुनले शिवको भारी तपस्या गरे । अनि अर्जुन शिवमन्त्रको प्रभावले भारी प्रकाशमान् भए । आफूलाई त्यस्तो देखेर अर्जुनलाई आफ्नू विजयमा कत्ति पनि सन्देह रहेन ।

शिवजीको तपस्या गर्न अर्जुन गएपछि पाण्डवहरू चिन्तित तथा दुःखी रहन लागे । तब फेरि व्यासजी पाण्डवहरू बसेको ठाउँमा गए । अनि ती पाण्डवहरूलाई अनेक अनेक पुराना कथाहरू सुनाउन थाले । कथाका प्रसङ्गमा व्यासले पाण्डवहरूलाई–'मानिसलाई अनेक प्रकारका विपत्तिहरूको सामना गर्नुपर्दछ । राजा नलमाथि योभन्दा पनि कता हो कता ठूलो मुसी-बत परेको थियो । मनुष्यहरू जन्मेदेखि मृत्युसम्म आपतै-आपत् भोग्दछन् । यसकारण शिवको आराधना गर्नुपर्छ ।

अर्जुनको त्यस तपस्याले उनमा जो तेज चम्किदै गयो त्यस तेजले सबै जीवधारी दुःखी हुनलागे । तब देवराज इन्द्र स्वयं ब्राह्मणको भेष धारेर अर्जुन भएको ठाउँमा आए । अनि उनले अर्जुनलाई–'तिमी यो कष्टकारक

तपस्या किन गरिरहेका छौ ?'–भन्ने कुरो सोधे । परन्तु अर्जुनले उनलाई– 'म यो तपस्या केवल व्यासजीको वचन मानेर गरिरहेको छु'–भने । अनि इन्द्रले अर्जुनलाई आफ्नू वास्तविक रूप देखाए तथा उनलाई पार्थिव विधानले शिवको पूजा गर्न अह्राए ।

त्यसपछि मुनिहरूले तपस्या गरे झैं अर्जुन पनि यौटा पैतालोलाई घुँडामाथि भर दिएर अर्को यौटा पैतालोले मात्रै सोझो उभिएर सूर्यबिम्बमा ध्यानदृष्टि अड्याएर व्यासदत्त यो मन्त्र एकसूरले शुद्धसित जप्न लागे । निर्बाध गतिले त्यो पञ्चाक्षर मन्त्र जप्ता उनको त्यो तपस्याको तेजले देवता-हरू पनि आश्चर्यचकित भए । त्यसै वेला दुर्योधनले पठाएको मूक नामको दैत्य त्यहाँ शूकर (बनेल) को रूप धारण गरेर टुप्लुक्क आयो र मायावी उसले आफ्ना बलले पहाडहरू भत्काउँदै बडो वेगले यता-उता दौडन थाल्यो ।

त्यसलाई त्यस्ता प्रकारले त्यहाँ दौडेको देखेर अर्जुनले मनमनमा विचार गरे कि–'के यो कुनै शत्रुले पठाएको दुष्ट त हैन ? किनकि जसलाई देख्दा मन व्याकुल हुन्छ, त्यो अवश्य नै शत्रु हो । यसको आचरण नै यसको दुष्टता बताइरहेको छ । त्यस्तो विचारेर तब त्यहाँ उभिएको उभियै अर्जुनले उस नकली शूकरलाई ताकी तीखो तीर तेर्स्याई छोडिदिए त त्यसै समयमा अर्जुनको परीक्षा लिनका लागि आफ्ना गणसहित भएर शिवजी उहाँ आएर किरातको रूप धारण गरिलिनुभयो । त्यतिखेर उहाँले काँधमा ठोक्को भिर्नुभएको थियो । अनि भिल्लका भेषमा आफ्ना गणहरूका राजा बन्नुभएको थियो । त्यतिखेर त्यहाँ भिल्लरूपधारी शिवजी भिल्लहरूले जस्तै कराउँदै हिंडिरहनुभएको थियो । अनि भिल्लरूपधारी शङ्करले पनि त्यस शूकरलाई लखेट्न लाग्नुभयो । देख्तादेख्तै त्यो बनेल पर्वताकार रूपवाला भयो । यताबाट अर्जुनले छोडेका बाणका साथै उताबाट किरातरूप शिवले पनि उसका उपर बाण छोडे । दुवैका बाण दुइतिरबाट एकैचोटि उसका

शरीरमा गडे । किरातको बाण बनेलको पुच्छरमा लाग्यो तथा अर्जुनको बाणले उसको गर्धनलाई छेडेर पार पुगी भुइँमा स्वाग्म गाडियो । अनि त्यो बनेल पनि त्यहीं भुतुक्कै मऱ्यो । शूकररूपधारी त्यो दुष्ट दैत्य त्यसरी त्यहाँ मरेको देखेर आकाशमा रहेका देवताहरू अति प्रसन्न भए र नाना प्रकारका पुष्प वर्षाए । मनें बेलामा त्यस दुष्टले आफ्नू रूप देखायो । त्यसको त्यो दैत्याकार रूप देखेपछि अर्जुनले–'यो दुष्ट मलाई मार्न आएको रहेछ'–भन्ने सोचिलिए !

किरात र अर्जुनको विवाद

बँदेल ढलेपछि शिवजीले आफ्नू भक्त गण पठाएर त्यस शूकर (बँदेल) मा गाडिएको आफ्नू बाण मगाए अनि अर्जुन पनि उहाँ आफ्नू बाण लिन गए । तब ती दुवैगा कुरो चर्कियो । अर्जुनले आफ्नू बाण लिलिए । अनि शिवको गणले भन्यो–'ई दुवै बाण हाम्रा हुन् । दुवै बाण मलाई द्यौ ।' अनि त्यो गणले अर्जुनलाई–'तिमी झूठा तपस्वी रहेछौ, यदि तिम्रै हो भने मलाई त्यसको फल (बींड) देखाऊ । म त्यो चिनिहाल्छु'–भन्यो । तब अर्जुनले बाणको फल (बींड) मा मेरो नाउँ गोदिएको छ, तँलाई के देखाऊँ ? तेरो मालिकलाई नै देखाउँला । तँसित मैले झगडा वा युद्ध गर्नु शोभा दिदैन । यदि लड्नै पर्छ भने पनि तेरो मालिकसँगै लडुँला'–भने । त्यसपछि शिवजी किरातवेशमै आफ्नू सेना लिएर अर्जुन भाठों उनका साथ युद्ध गर्न आए । अनि अर्जुन पनि आफ्नू धनु-बाण लिएर लड्नका लागि तंतयार भए । किरातेश्वरले आफ्नू दूतद्वारा–'हे तपस्वी ! तिमी बाण छोडेर आऊ । किन यौटा मामूली बाणका लागि त्यति ठूलो युद्ध मच्चाउँछौ ?'–भन्ने खबर पठाए । यसको उत्तरमा अर्जुनले उसलाई भने कि–'तिमी गएर आफ्नू

मालिक भिल्लराजलाई भनिद्यौ कि यदि मैले यस्तो गरें भने म डरछेरुवा कुलकलङ्की कहलाउनेछु । तसर्थ म अवश्य युद्ध गर्दछु । कतै सिंह पनि स्थालसित डराउँछ ? कुनै पनि वनचरसित राजा डरपोक लुम्रे हुँदैन ।' दूतद्वारा अर्जुनको त्यस्तो समाचार पाएर किरातरूप महादेवजी अर्जुनका नजीकै आउनुभो ।

त्यसपछि अर्जुनले मनमा श्रद्धाभक्तिपूर्वक शिवलाई स्मरण गर्दै उसका साथ डटेर लडे । उस भिल्लराजाले पनि आफ्ना तीखा-तीखा बाणले अर्जुन-लाई पानासिम्म तबाह पाऱ्यो । अर्जुनको भारी बाणवर्षाले डराएर भिल्लराज-का गणसेना भागा-भाग गर्न लागे । त्यसपछि अर्जुन पर्राका पर्रा बाण वर्षा-एर भिल्लरूप शंकरलाई प्रहार गरिरहेका थिए, उता शङ्करजी चाहिं अर्जुन-उपर बाण वर्षाउँदै दया देखाइरहेका थिए । अर्जुन भने भिल्ल-उपर भएभरको बुता लाएर बाण वर्षाउँदै थिए । परन्तु त्यस भिल्लउपर आफ्ना बाणको कुनै प्रभाव परिरहेको थिएन । त्यसपछि भिल्लरूप शंकरले अर्जुनको नगीचै पुगेर आफ्नू अद्भुतरूप देखाउनुभयो । अनि त अर्जुन लज्जित भएर आफ्ना प्रभुका चरणारविन्दमा झुके । अनि उनले शिवका सामु मैले त्रिलोकीनाथसँग युद्ध गर्नुपऱ्यो' भनी पश्चात्ताप गरेर बिन्ती गरे–'करुणाका सागर ! मेरो यो अपराधलाई क्षमा गरिबक्सियोस् ।'

त्यसपछि शंकर भगवान्ले भक्त अर्जुनलाई भन्नुभयो–'हे अर्जुन ! तिमी दुःख नमान ! तिमी मेरा बडा भक्त छौ । यो सब नाटक त मैले तिम्रो परीक्षा लिएको हो । तिमी पश्चात्तापरूपी शोक त्यागिद्यौ । हे अर्जुन ! अब तिमीलाई जे इच्छा छ त्यो वरदान मबाट माँग ।'

प्रभु शिवको त्यस्तो वचन सुनेपछि अर्जुन आफ्ना दुवै हात जोडेर शिवको स्तुति गर्न लागे––'हे प्रभो ! हे शंकर ! अजातशत्रुलाई जित्ने

वरदान मलाई बक्सियोस्' भनी शिवका चरणमा लम्पसार परे। त्यसपछि शङ्करजीले आफ्नू दुर्गम पाशुपत अस्त्र अर्जुनलाई दिनुभयो र भन्नुभयो– 'यसले तिम्रो विजय हुने छ, साथै नै तिम्रो भरमग्दुर सकेसम्म कोर-कसर नराखी तिम्रो सहायता गर्नका लागि श्रीकृष्णलाई म भनिदिनेछु। उनैको सहायतालै तिमी निष्कण्टक राज्य गर्नेछौ।' यति भनी अर्जुनका शिरमा सुंसुम्याएर उहाँबाट सगण अन्तर्धान हुनुभयो।

शङ्कर भगवान्को यो किराताऽवतार अट्ठासिवाँ अवतार हो। यो मनुष्यहरूलाई सर्वमङ्गलप्रद तथा सबै मनोरथहरूलाई पूर्ण गर्नेवाला छ।

इति श्रीसम्पूर्ण शिवमहापुराणे शतरुद्र-संहिता नाम सप्तम खण्डः ।

॥ ॐ नमः शिवाय ॥

कोटि रुद्र संहिता

(अष्टम खण्ड)

सदाशिवका बाह्र ज्योतिर्लिङ्ग तथा उपलिङ्गहरूको वर्णन

सौराष्ट्रमा सोमनाथ, श्रीशैलमा मल्लिकार्जुन, उज्जैनमा महाकाल, ओंकारमा परमेश्वर, हिमालयमा केदारेश्वर, डाकिनीमा भीमशङ्कर, काशीमा विश्वनाथ, गोमती नदीको तटमा श्रीत्रैम्बकेश्वर, सेतुबन्धमा रामेश्वर, विन्ध्यमा ओंकारेश्वर, नेपालमा पशुपतिनाथ, श्रीलङ्कामा घुश्मेश यी सबै ज्योतिर्लिङ्ग हुन् । जो मनुष्य बिहानै उठेर सधैं यी उपरोक्त लिङ्गको स्मरण पूजन-वन्दन गर्दछन् उनका सबै पाप नष्ट हुन्छन् । यी ज्योतिर्लिङ्गहरूमा चढाइएका नैवेद्य खानामा कुनै दोष छैन । यी उपरोक्त ज्योतिर्लिङ्गमा चढाएको प्रसाद पाउना (खाना) ले पहिलेका सबै पाप भस्म भइजान्छन् । जो कोही जन या ज्योतिर्लिङ्गमध्ये यौटाको पनि दर्शन पूजन गर्दछ त्यसको पुनर्जन्म हुँदैन । यी ज्योतिर्लिङ्गको महिमा ब्रह्मा, विष्णु आदि पनि वर्णन गर्न सक्तैनन् । अब यिनबाट उत्पन्न उपशिवलिङ्गहरूको कथा सुन्नुहोस्–

समुद्र तथा पश्चिम भारत भूमिको मिलाप स्थानमा सोमेश्वरबाट उत्पन्न 'अत्रकेश' नामको उपलिङ्ग छ, जो मल्लिकार्जुनबाट प्रकट भएको हो । यो

उपलिङ्ग 'रुद्रेश्वर' नामले प्रसिद्ध छ । त्यो लिङ्ग भृगुकक्ष नामको देशमा रहने सम्पूर्ण प्राणीहरूलाई सुख दिनेवाला छ । नर्मदा नदीको तटमा महाकालबाट दुग्धेश उत्पन्न भएको छ । अहङ्कारबाट प्रकट भएका कर्दमेश्वर शिवलिङ्ग बिन्दु सरोबरमा उत्पन्न भएको छ । यो शिवलिङ्ग मनुष्यका सबै मनोरथ पूर्ण गर्नेवाला छ । केदारेश्वर नामको लिङ्गबाट भूतेश्वर उपलिङ्ग प्रकट भएको छ । यो उपलिङ्ग यमुनाको किनारमा स्थित छ । यसको दर्शन पूजन गर्नाले सारा पाप नष्ट हुन्छन् । भीमशङ्करबाट उत्पन्न शिवलिङ्गबाट भीमेश्वर उपलिङ्ग प्रकट भएको छ । यो उपलिङ्ग सह्य पर्वतमा विद्यमान छ । नागेश्वरको उपलिङ्ग भूतेश्वर हो, यो मल्लिका सरस्वतीको तीरमा स्थित छ । घुशेशबाट व्याघ्रेश्वर नामको उपलिङ्गको उत्पत्ति भएको छ । यी सबै लिङ्ग तथा उपलिङ्ग पापनाशक तथा मनोरथ पूर्ण गर्नेवाला छन् ।

अनसूया तथा अत्रिको तप

सूतजी भन्नुहुन्छ—हे मुनिहरूहो ! ब्रह्माजीको नगरीमा यौटा पर्वत छ । त्यस पर्वतमा श्रीब्रह्माजीले मत्तगयन्द नामको शिवलिङ्गको स्थापना गरेको छ । त्यसमा जुनसुकै प्राणीहरूलाई पनि सम्पत्तिले परिपूर्ण पारिदिने शक्ति छ । त्यसको पूर्व दिशामा मनुष्यहरूको मनोरथ पूर्ण गर्नेवाला 'कोडीहा' नामको शिवलिङ्ग छ । अनि पापनाशिनी गोदावरीको तटमा पश्चिमतिर 'पशुपति' नामक शिवलिङ्ग छ । त्यहाँबाट दक्षिणतिर लोकहितकारी सती श्री अनुसूयाजीलाई आनन्द दिनेवाला अत्रीश्वर शिवलिङ्ग छ ।

ब्रह्माजीका पुत्र अत्रिजीले आफ्नी पत्नी अनसूयाका साथ यस ठाउँमा धेरै कालसम्म ठूलो तपस्या गरेका थिए । उहिले एकासमयमा पानी नपरेर ठूलो अकाल परेको थियो । त्यस साल अन्नका साथै पानीको समेत अति

अभाव भयो । भोकभोकै प्राणीहरू मर्नलागे । रूख, पात सुके, फूल फुलेनन्, फल फलेनन् । सारा खाने-पिउने वस्तुको अभाव भयो । त्यस्तैमा एक दिन अनसूयाले आफ्ना पतिलाई भनिन्—'हे पतिदेव ! अब यी प्राणीहरूको दुःख देखि नसक्नुभयो, यसकारण; यिनीहरूको दुःख दूर गर्ने कुनै उपाय सोचिबक्सियोस् ।' पत्नीको त्यो परोपकारी प्रार्थना सुनेपछि अत्रिजीले प्राणायामद्वारा ब्रह्माण्डमा वायु रोकेर शिवको ध्यानमा मग्न हुनुभयो । गुरुलाई त्यस्तो ध्यानमग्न देखेर उनका सारा शिष्यहरू भोक-प्यासले व्याकुल भएर आश्रम छोडी भागे । तब केवल अनसूयाजी मात्रै पतिको सेवामा एक्लै लागेकी थिइन् । अनि अनसूयाले उहाँ शिवको पार्थिव प्रतिमा स्थापित गरेर नियमपूर्वक नित्य उस मूर्तिको पूजा गरिन् । मानसोपचारद्वारा नित्यप्रति पति तथा शिवको पूजा गरेर तीन-तीन परिक्रमा गर्न लागिन् । अनि ती महासतीको भक्तिको प्रभावले देवर्षिहरूका साथ महादेवजी अत्रिको आश्रममा आउनु भयो । त्यसै वेला गङ्गा आदि पनि ती महादेवको दर्शनार्थ उहाँ आए । सबैले सती अनसूयाको प्रशंसा गरे । त्यसपछि शङ्कर भगवान् आफ्ना सम्पूर्ण अंशहरूका साथ त्यस अनुसूयास्थापित शिवलिङ्गमा समावेश भै रहन लाग्नुभयो ।

अत्रीश्वरको महिमाको वर्णन

त्यस्ता प्रकार अत्रि मुनिले तपस्या गर्दागर्दै, धेरै वर्ष बिते । समाधि-बाट जागेपछि उनले पत्नीलाई भने—'हे प्रिये ! मलाई त असाध्यै तिर्खा लागिरहेको छ । कहींबाट पनि पानी ल्याऊ । पतिको यस्तो आज्ञा पाउना-साथ पतिभक्ता अनुसूया पानी लिनका लागि गाग्री लिएर पनेराहरूमा गइन् । सबै सुकेका पनेरा र सुकेका जलस्रोत मात्र पाइन् । उनको त्यस्तो

हालत देखेर गङ्गाजी उनी भाठौं आइन् र भनिन्–'हे देवि ! तपाईंदेखि म अति प्रसन्न छु । तपाईंकै दर्शनका लागि म यहाँ आएकी हुँ । म तपाईंको हित गर्न चाहन्छु । जो इच्छा छ वरदान माँग्नुहोस् ।' गङ्गाको त्यस्तो वाणी सुनेर गङ्गालाई हात जोडेर नम्रतापूर्वक अनसूयाजीले भन्नुभयो–'हे देवि ! हे गंगे ! यदि तपाईं मसित प्रसन्न हुनुहुन्छ भने पहिले त मेरो यो गाग्रीमा पानी भरिदिनुहोस् ।' तब गङ्गाजीले भन्नुभयो–'हे कल्याणी ! तपाईं पृथ्वीमा यौटा खाल्डो खन्नुहोस् ।' अनसूयाले त्यसै गरिन् । अनि गङ्गाजी त्यसैमा पस्नुभयो । तब अनसूयाले आश्चर्य मान्दै आफ्नू गाग्रीभरि त्यो पानी भरिन् र फेरि बिन्ती बिसाइन्–'हे पतिपावनी गंगे ! जबतक मेरा पतिदेव यहाँ आएर तपाईंको दर्शन गर्नुहुन्न तबसम्म कृपापूर्वक तपाईं यसै ठाउँमा विराजमान रहिबक्सियोस् ।' यति बिन्ती गरेर अनसूया पानी लिएर पति-भाठौं पुगिन् । अनसूयाजीद्वारा ल्याइएको शीतल स्वादिलो पानी पिएर अत्रि मुनि अति प्रसन्न हुनुभयो । अनि अनसूयाले गङ्गासँग भएको कुरो सुनाइन् त उनका साथ उनी उहाँ गङ्गाजीको दर्शन गर्नका लागि गए । त्यस ठाउँमा भगवती गङ्गा आफ्ना शीतल तरल तरङ्गहरूद्वारा लहराउँदै दिव्य दर्शन दिइरहनुभएको थियो । महर्षि अत्रिले उनलाई धन्य-धन्य भन्दै स्तुति गर्नुभो, त्यसपछि पति-पत्नी दुवैले त्यहाँ स्नान गरे । त्यसै वेला गङ्गाजीको इच्छा पूरा भयो र गङ्गाजीले ती दम्पतीसँग जाने बिदा माँगिन् ।

गङ्गाजीको त्यस्तो कुरो सुनेर अनसूयाजीले उनलाई नम्रतापूर्वक भनिन्––'हे गङ्गाजी ! यदि मसित तपाईं साँच्चै नै प्रसन्न हुनुहुन्छ भने मेरो यो अभिलाषा पूर्ण गरिदिबक्सियोस् । तपाईं अब यसै तपोवनमा सधैंका लागि बिराजिबक्सियोस् । अबउप्रान्त स्थायीरूपले यहींबाट तपाईंको प्रवाह बहोस् । अनि अत्रिले गङ्गासित प्रार्थना गर्नुभो कि हे देवि ! हाम्रो तपस्यामा सहायक भएर अब तपाईं यहीं बिराजिबक्सियोस् । ती दुवैको प्रार्थना सुनेर

र गङ्गाजीले अनसूयाजीलाई भन्नुभयो–'यदि तपाईं मलाई यहीं राख्न चाहनुहुन्छ भने मेरो यौटा इच्छालाई पनि तपाईं पूरा गरिदिनोस् । त्यो के भने– तपाईंले आफ्ना पतिदेवका लागि जो नियमपूर्वक व्रतमा रहेर शिवार्चन गर्नुभएको छ; त्यसबाट केवल एक वर्षको फल मलाई अर्पण गरिदिनुहोस् ।' अनि अनसूयाले एक वर्षको शिवार्चनको फल गङ्गाजीलाई प्रसन्नतापूर्वक अर्पण गरिदिनुभयो । अनि गङ्गाजी सदाका लागि उहाँ पनि विराजमान हुनुभयो ।

त्यसै वेला शंकर भगवान् पनि त्यहीं प्रकट हुनुभयो । अनि पति-पत्नी दुवैले विधिपूर्वक नम्र भएर शिवको पूजा स्तुति गर्दै अत्रिले भने—'हे प्रभो ! यदि तपाईं यस अधममाथि अति प्रसन्न होइबक्सिन्छ भने जगदम्बा पार्वतीका साथ यसै तपोवनमा निवास गरिबक्सियोस् । यस तपोवनमा जो जन अकालग्रस्त छन् तिनका लागि वर्षाद्वारा अन्नादिको उत्पत्ति होस् अनि सारा चराचर जीव सुखी होऊन्, सदा ती खुशी रहुन् ।' तब शिवजीले आफू त्यहीं बस्ने वर ऋषिलाई 'तथाऽस्तु' भनेर दिएर अनि आफू त्यसै तपोवनमा 'अत्रीश्वर' नामले विख्यात भएर रहे । गङ्गाजी उहाँ 'मन्दाकिनी' नामले सदासर्वदाका लागि विराजमान हुनुभयो । गङ्गाको आज्ञाले जुन कुण्ड अनसूयाले खनेकी थिइन्, आज पनि त्यसै कुण्डबाट मन्दाकिनी नामले गङ्गाको धारा प्रवाहित भइरहेको छ । गङ्गा र शिवले सदाका लागि त्यहाँ वास गरेपछि अत्रि ऋषिको आश्रम हराभरा भयो । अन्त-अन्त गएका सबै ऋषि-मुनिहरू फर्किए र उसै तपोवनमा रहन लागे ।

नन्दिकेश्वरका महिमा

कालञ्जर पर्वतमा भक्तहरूलाई अति शीघ्र कल्याण गर्ने नीलकण्ठेश्वर नामको शिवलिङ्ग छ । त्यहाँ यौटा सुन्दर सरोवर पनि छ । त्यस सरोवर कुण्डमा न्वाहुनेका सबै पाप नष्ट हुन्छन् । मुक्ति त त्यसमा स्नान गर्नेवाला-हरूको अधीनमै रहन्छ । रेवा नदीका किनारमा सदाशिवका असंख्य शिवलिङ्ग छन् । तीमध्ये मुख्य-मुख्य शिवलिङ्गहरूको महिमा तपाईंलाई म सुनाउँछु ।

त्यहाँ आतेंश्वर नामको शिवलिङ्ग छ । जो सबै प्रकारका पापहरू नाश गर्नेवाला छ । त्यसै ठाउँमा परमेश्वर तथा सिद्धेश्वर नामका अरू दुइटा शिवलिङ्ग छन् । त्यस पवित्र रेवाको तटमा तीक्ष्णेश्वर, रामेश्वर, पुण्डरीकेश्वर एवं मण्डेश्वर नामका शिवलिङ्गहरू पनि छन् । त्यस्तै प्रकारले नर्मदा नदीको किनारामा पनि धुन्धुकेश्वर, जलेश्वर, कुम्भेश्वर, सोमेश्वर, नीलकण्ठेश्वर, मङ्गले-श्वर आदि शिवलिङ्ग छन् । त्यहाँका नन्दिकेश्वर नामका महादेव त भक्ति-मात्रले पनि करोडौं हत्याहरूको पापलाई नाश गरेर सबै प्रकारका कामना (इच्छा) हरूलाई पूर्ण गरिदिन्छन् । त्यस ठाउँमा महावीर हनुमान्‌जी द्वारा स्थापित कपीश्वर नामको शिवलिङ्ग पनि छ । ती कपीश्वर पनि अनन्त फलका दाता छन् ।

यस्तो सुनेर ऋषिहरूले भने—हे सूतजी ! हामीलाई ती नन्दीश्वर शिवलिङ्गको महिमा विस्तारपूर्वक सुनाउनुहोस् । तब सूतजी महिमा सुनाउन लाग्नुभो—हे ऋषीश्वरहो ! रेवा नदीको किनारमा चारै वर्णहरूद्वारा वास गरिएको यौटा कर्णिका नामको नगरी छ । त्यस नगरीमा उच्च कुलमा जन्मिएका एक ब्राह्मण रहन्थे । उनका दुई छोरा र यौटी पत्नीसमेत जम्मा

चार परिवार थिए । बूढो भएपछि ती ब्राह्मण आफ्नी पत्नीलाई छोराहरूको जिम्मा लाएर काशीपुरीमा गई बस्न लागे । समय पुगेपछि उनको मृत्यु भयो । मृत्युको समाचार सुनेर उनकी पत्नी छोराहरूका साथ काशी आइन् । विधिपूर्वक ब्राह्मणको अन्त्येष्टि-संस्कार, श्राद्ध, पिण्डदान आदि क्रियाकार्य गरिए । त्यसपछि दुवै पुत्रसहित उनी घर फर्किन् । अनि छोराहरूकै साथ तिनको हेर-विचार गर्दै उहीं रहन लागिन् । उनको जो कुछ धन थियो, त्यसबाट केही आफूलाई राखेर बाँकी धन आफ्ना दुवै पुत्रलाई बराबर-बराबर बाँटिदिइन् । मृत्युकाल निकट (नगीच) आएपछि आमाले छोराहरूलाई भनिन्—'हे बेटा (छोरा) सुवाद ! मैले पनि तिम्रा पिताले झैं काशीमै प्राण छोड्ने निधो गरेकी थिएँ, किन्तु त्यस्तो हुन सकन, म मरेपछि मेरो श्राद्ध पिण्डदान आदि त काशीमै गर्नू, अनि मेरा हड्डीहरू पनि काशीमै लगेर गङ्गामा बहाइदिनू ।' तब सुवाद नामको उसको पुत्रले आमालाई विश्वास दिलाउँदै भन्यो—'आमा ! तपाईं निश्चिन्त रहनुहोस्, तपाईंले भने सरह नै म गर्नेछु ।' यति आमालाई भनेर आमाका लागि भित्रबाट पानी ल्याउन घरभित्र गयो त उ बाहिर नआइपुग्दै उसकी आमा सदाशिवको ध्यान गर्दै शिवलोक पुगिन् । आमको त्यस्तो हालत देखेर दुवै छोरा शोकाकुल भएर रुन लागे । रोएको सुनेर छरछिमेकी र नातेदार सबै उहाँ जुटे । तब छोराहरूले आमाको दाहसंस्कार गरे, त्यसपछि सुस्वादले आमाको इच्छाअनुसार उनका अस्थि (हड्डीहरू) काशीतीमा लगेर उत्तरवाहिनी अतएव मुक्तिदायिनी गङ्गाजीमा सेलाइदिन यौटा सेवक साथमा लिएर प्रस्थान गऱ्यो ।

अस्थि लिएर काशी आउँदा बीस कोश जति बाटो हिंडेपछि सूर्यास्तको समयमा कुनै ब्राह्मणको घरमा बास माँगेर रात बिताएको थियो । हिजको हिंडाइले धेरै थाकेकोले बिहान उठेर नित्यक्रियापश्चात् स्नान-सन्ध्या

आदि गरिसकेपछि आफ्नू सेवक साथीका साथ त्यो दिन पनि त्यहीं बितायो र रात परेपछि त्यहाँ उसले यौटा अद्भुत घटना देख्यो । के देख्यो भने– त्यो घरको मालिक त्यस दिन साँझमा घरबाट कहीं जान लाग्दा आँगन काटेको मात्रैं थियो कि एकाएक उसले–'ओहो ! गाई त दुहेकै छैन'–भन्ने सम्झेछ र फरक्क फर्की आफ्नी पत्नीलाई–'ढोंरो ल्या, कीलाबाट बाच्छो फुका'–भन्यो । पतिले भनेको कुरो सुनेर पत्नीले दूध दुहुने गरेको ढोंरो ल्याएर पतिको हातमा दिई र दाम्लैसहित बाच्छो फुकाएर गाई भएको ठाउँमा ल्याई र गाईको फाँचो पौराई । पौराउँदा पौराउँदै कहीं बाच्छाले धेरै दूध खाला भनिठाने र चुस्दै गरेको थुनबाट छुटाउन बाच्छोलाई तानी त बाच्छो आफ्नी माऊको दूध चुस्न तन्किन थाल्यो, छटपटाएर उफ्रन लाग्यो । त्यस ब्राह्मणले रोक्ने प्रयास गर्दा उसको गोडामा बाच्छाको खुट्टाको ठक्कर लाग्यो त त्यो बाहुन रीसले चुर्मुरियो र त्यस बाच्छोलाई लाठाले पिट्नसम्म पिट्यो । उसको थुतुनो नै फुलाइदियो । आफ्नो बच्चालाई त्यसरी पिटेको देखेर उसकी माऊका आँखाबाट आँसुका धारा बहे । बाहुनले बाच्छोलाई पीट-पाट पारेर गाईको फाँचामा भएको सारा दूध निकाल्यो र पत्नीको हातमा दूधको ढोंरो थमाएर बाच्छो खोली आफ्नू कामका लागि हतारिंदै हिंड्यो ।

आफ्नो बच्चालाई त्यस्तो हालतमा देखेर गाई अत्यन्तै दुःखी भई रोइरहेकी थिई । आमालाई त्यसरी रोएको देखेर आमालाई धैर्य धारण गराउँदै त्यस बाच्छोले भन्यो––'आमा ! तपाईं नरुनुहोस् । धैर्य धारण गर्नुहोस् । यो सब घटना त आफ्ना कर्मको खेल हो, जसले जस्तो गरेको छ त्यस्तै फल पाउँछ । निरपराधी मलाई त्यसरी पिटेको फल त्यस बाहुनलाई अवश्य मिल्नेछ ।' आफ्नो बाच्छोको त्यस्तो सान्त्वनामय कुरो सुनेर शोकमा डुबेकी गाई आफ्नो प्यारो बच्चालाई सुँकसुँकाउँदै भन्छे––'हे पुत्र ! म अत्यन्त हतभागिनी छु । मलाई अब तब नै शान्ति मिल्नेछ जब यस निर्दयी

क्रूर ब्राह्मणसित बदला चुकाउनेछु । अनि मैले झैं नै यस दुष्टले पनि दुःख भोग्नेछ ।'

अनि बाछोले भन्यो–हे माता ! हामीहरू आफ्ना पूर्वजन्महरूका सञ्चित पापहरूको नै फल भोगिरहेका छौं । जो कि पशुयोनिमा प्राप्त भएर पशु बनेर यहाँ नाना प्रकारका दुःख भोगिरहेका छौं । फेरि पनि, यदि यस जन्ममा पनि यस ब्राह्मणलाई मारिदिनुभो भने पाप लाग्छ र झन् पापमाथि पाप-थपिन्छ । यो ब्रह्महत्यारूपी पाप त महापातक पापहरूमा गनिन्छ । यस-कारण हे आमा ! तपाईं धैर्य धारण गरेर शुभ कर्म मात्रै गर्नुहोस् । क्रोधको वशीभूत भएर पापकर्ममा प्रवृत्त नहुनुहोस् ।' आफ्नो यारो बालक बाच्छोको त्यस्तो कुरो सुनेर माऊ गाईले भनी––'हे पुत्र ! तँ ज्ञानपूर्वक मलाई सम्झाइ-रहेको छस् । तैंले कहेको कुरो बिलकुल साँचो हो । किन्तु गाईलाई सताएको फल पनि यस क्रूर बाहुनलाई मिल्नैपर्छ । शठे शाठ्यं समाचरेत् । हेर ! भोलि बिहान नै म यसको नाश गरिदिनेछु । ब्रह्महत्यारूपी पाप पखाल्ने उपाय पनि मैले जानेकी छु । म त्यस ठाउँमा गएर त्यस ब्रह्महत्याका पापको निवारण गरिलिनेछु । आमाको त्यस्तो कुरो सुनेपछि बाछो चुप लाग्यो ।

यता यो सुवाद नामको ब्राह्मण, जो आफ्नी आमाको अस्तु सेलाउन काशी गइरहेको थियो, पशुबोली बुझ्ने त्यो त्यहाँ बसेर ती गाई र बाच्छाको सबै कुरो सुनिरहेको थियो । अनि उस सुवादले मनमनमा विचार गऱ्यो कि–'म अब भोलिसम्म यहीं बस्छु र बिहान प्रातःकालमा यो गाईले कसरी यस ब्राह्मणसँग बदला लिने रहिछ र कहाँ गएर कसरी त्यस ब्रह्महत्याको पाप पखाली निर्मल हुँदी रहिछ'–भन्ने कुरो मनमनै विचार्नलाग्यो ।

भोलिपल्ट बिहान त्यस घरको स्वामी ब्राह्मणले आफ्नू छोरोलाई 'मलाई कुनै काम-विशेषले बाहिर जानु छ, तैले गाई दुहिलिनू' भनी अह्रायो र त्यो घरमालिक ब्राह्मण आफ्नो बाटो लाग्यो । तब ब्राह्मण पुत्रले कीलाबाट बाछो

फुकायो र दूध दुहुने तरखरमा लाग्यो। त्यस केटाकी आमा पनि उहाँ पुगी। फेरि हिजो वेलुका बाबुले जस्तै गरी उस ब्राह्मण पुत्रले पनि त्यस बाछोलाई भकुन्यो। त्यो देखेर गाईलाई क्रोध चढ्यो, अनि उसले आफ्ना दुवै सीङ झुकाएर त्यस ब्राह्मण-पुत्रलाई त्यसरी कोखामा हानी कि जुन हनाइले बेहोश भएर त्यो केटो भूइँमा पच्छारियो। अनि उसकी आमाले कोकोहोलो मच्चाई। छरछिमेकका मानिसहरू दौडदै आएर एकट्ठा भए। उसको बाबु, पनि दौडदै आइपुग्यो र छोराको हालत देखेर रुन लाग्यो। क्यै बेरपछि उसका छोराको प्राण गयो। ठूलो हाहाकार मच्चियो। अनि ब्राह्मणले यामानको लाठाले ठटाउनासम्म ठटायो र घरबाट खदेडिदियो। गाईको त्यो बाच्छो पनि आमाका पछि-पछि दौड्यो। ब्राह्महत्याको कारणले गाईको सेतो रङ्ग कालो भयो। त्यो देखेर सारा मानिस आश्चर्यचकित भए।

यो सब घटना देखेर त्यो सुवाद नामको बटुवा पनि छक्क परेर ती गाई-बाच्छाको पछि-पछि गयो। क्यै बेर दौडेपछि बाछो थाकेको ठानेर अनि बिस्तारै-बिस्तारै त्यो गाई नर्मदा नदीको किनरमा पुगी, जहाँ नन्दिकेश्वर विराजमान हुनुहुन्थ्यो। गाई सरासर गएर नर्मदा नदीका पानीमा स्वाम्-स्वाम्ती पसी। अनि उसले नर्मदा नदीको जलमा लगालग तीन डुबुल्की लगाई। त्यस नर्मदा-स्नानका प्रभावले उसको कालो रङ्ग पखालियो र फेरि ऊ पहिलेको जस्तै सेतो रङ्गकी भई। त्यस्तो आश्चर्य देखेर सुवाद तीनछक भयो। अनि उसले धन्य-धन्य भन्दै गाईलाई प्रणाम गऱ्यो। अनि त्यसै नदीमा न्वाहेर सन्ध्या जपीवरी काशीको बाटो ततायो। त्यो गाई पनि जुन घरबाट ल्याइएकी थिई, उसै घरमा गई।

त्यहाँबाट काशी जाँदाखेरि त्यस सुवाद नामक ब्राह्मणले बाटामा सारा सिङारपटार गरगहनाले झरझुट्ट सिङारिएकी यौटी राम्री युवतीलाई देखे। एकाएक मुस्कुराउदै त्यो युवती उनका नजीक आई र भनी--'हे श्रेष्ठ

पुरुष ! तपाईं अत्यन्त प्रसन्न देखिइरहनुभएको छ । तपाईं कहाँबाट आइ-रहनुभएको हो र कहाँ गइरहनुभएको छ ?' अनि सुवादले उसलाई आफ्नू सारा बृत्तान्त सुनायो र बतायो कि उ आफ्नी आमाको अस्तु सेलाउन काशी गइरहेको थियो किनिक उसकी आमाको मने वेलाको आज्ञा त्यही थियो । त्यसको त्यस्तो कुरो सुनेर उस युवतीले भनी—'अरे ब्राह्मण देव ! तपाईं बडो भोलाभाला हुनुहुँदो रहेछ किन बेकार लहैलहैमा भट्कनु हुन्छ ? किनकि यो तीर्थ नर्मदा अत्यन्त पवित्र तीर्थ छ । त्यो अस्तु यसै तीर्थमा सेलाइदिनुहोस् याने बगाइदिनुहोस् । यहाँ प्रतिवर्ष वैशाख शुक्लपक्षको सप्तमी तिथिका दिन गङ्गाजी पनि स्वयं आउनुहुन्छ र संयोगले आज त्यही पवित्र दिन पनि परेको छ । तपाईं ढीलो नगर्नुहोस् । आफ्नी आमाको अस्तु चाँडै नै यसै तीर्थमा सेलाइदिनुहोस् ।' यति उसलाई भनेर त्यो युवती त्यहीं अन्तर्धान भइगई अर्थात् अदृश्य भई ।

त्यस युवतीको त्यस्तो कुरो सुनेर त्यो सुवाद आफ्ना सेवकका साथ तुरुन्त फर्केर त्यस पवित्र नदीतटमा आइपुग्यो अनि आफ्नी आमाको अस्तु गङ्गाजीलाई सम्झदै त्यस पवित्र तीर्थजलमा प्रवाहित गरिदियो । त्यसपछि उसले त्यहाँ यौटा आश्चर्यको दृश्य देख्यो कि उसकी आमा दिव्य देह धारण गरेर उसलाई भनिरहेकी थिई कि—'हे पुत्र ! तँ धन्य छस्, जो कि तैंले मेरो सद्गति गरिदिइस्, यस पुण्यकर्मले तँ सदा सुखी रहेस्, तँलाई कहिल्यै पनि धनधान्यको कमी रहनेछैन । तँ धेरै दिन जीवित रहनेछस् र तेरो वंश पनि बढ्नेछ, सुखी सम्पन्न रहनेछ ।' यस प्रकार उसकी आमा उसलाई अनेका-ऽनेक आशीर्वाद दिदै उसले हेर्दाहेर्दै दिव्य विमानमा बसेर शिवको परमधाम पधारी । अनि सुवाद पनि आफ्नू घर फर्क्यो ।

तब ऋषिले सोध्नुभो—'हे सूतजी ! अब तपाईं यो चरित्र हामीलाई

सुनाउनुहोस् कि प्रतिवर्ष वैशाखशुक्ल सप्तमीका दिन नर्मदा नदीमा गङ्गाजी किन आउनुहुन्छ ?'

सूतजी सुनाउनुहुन्छ—हे ऋषिहरूहो ! उहिले कोही यौटा ब्राह्मण थियो । उसकी ऋषि नामकी पत्नी थिई । त्यो पत्नी सदानर्मदा नदीको किनारमा रहन्थी । उसको पति त उसको पूर्वजन्मको पापको कारणले युवा अवस्थामै मरिसकेको थियो । अनि उस बालविधवा ती नन्दिकेश्वर महादेवजीको अति भक्तिनी भई । त्यो सधैं ती नन्दिकेश्वर महादेवको ध्यान, पूजन, भजनमा तल्लीन रही । त्यो नारी सधैं शिवको पार्थिव लिङ्ग बनाएर भक्तिरूप तपस्या गर्दथी ।

तिनै दिनमा यौटा दुष्ट मुष्टण्ड असुर त्यतै आयो । त्यो असुर अत्यन्त बलवान् र पराक्रमी तथा मायावी थियो । उसले त्यहाँ बालविधवा भक्तिनी तपस्विनीलाई देख्यो । त्यो उसको रूपराशिमा मोहित भएर उसलाई नाना प्रकारको लोभ लालचा दिन थाल्यो । अनि उसले आफ्नू माया विद्याद्वारा उसको नगीचै गएर अनेकाऽनेक प्रलोभन दिन लाग्यो । अनि क्यै नलागेर त्यस दुष्टले कामान्ध भएर आपना वासनाको तृप्तिको लागि उसलाई भ्रष्ट शब्दमा नाना भाँतिका शब्द उसलाई भन्यो । त्यस तपस्विनीले आफ्नू ध्यान त्यता नदिएर त्यतातिर हेर्दै हेरिन । त्यसपछि त्यस दुष्टले आफ्नू मायाद्वारा उसलाई डरलाग्दा अनेक रूप देखाउन थाल्यो र अन्तमा क्यै नलागेर उसलाई जबर्जस्ती अङ्गालोमा कस्न ऊतिर दौड्यो त त्यो भक्तिनी नारी दौडदै गएर नन्दिकेश्वर शिवलिङ्ग भाठौं पुगेर त्यस शिवलिङ्गलाई छाँदहाली अनि आर्त स्वरले नन्दिकेश्वर शिवलाई प्रार्थना गरी । उसको त्यस आर्त प्रार्थनाले गर्दा करुणावत्सल शिव हातमा भयानक त्रिशूल लिएर त्यसै मूर्तिबाट त्यहाँ प्रत्यक्ष प्रकट हुनुभो र त्यस दुष्ट असुरलाई त्यहीं भस्मीभूत बनाइदिनुभयो । त्यस-पछि उस कल्याणी तपस्विनीलाई आपनू सौम्यरूप दर्शन दिएर जो इच्छा

छ वर माँग भन्नुभयो । तब ब्राह्मणी हात जोडेर प्रार्थना गर्दै बोली—'प्रभो ! तपाईं शरणागतवत्सल तथा भक्तहरूका रक्षक होइबक्सन्छ । तपाईंका चरणकमलमा मेरो बरम्बार प्रणाम छ । हे जगत्मङ्गलकारक ! यदि तपाईं मेरा उपर प्रसन्न हुनुहुन्छ भने तपाईं यसै पार्थिव मूर्तिमा सदासर्वदा विराजमान होइबक्सियोस् । अनि तपाईंका चरणमा मेरो सदा दृढभक्ति रहोस् ।' तब शिवले भन्नुभयो—'हे देवी ! तिम्रो अभिलाषा पूरा हुनेछ अर्थात् पूरा भयो भन्ने ठान ।'

यता पतितपावनी गङ्गाजी पनि आफ्ना तरङ्ग लाहराउँदै दिव्य रूप धारण गरेर ती ब्राह्मणी भाठौं त्यहीं आउनुभयो र ती शिवभक्तिनीलाई भन्नुभयो—'हे कल्याणी ! तिमीमित म अत्यन्त प्रसन्न छु । म प्रतिज्ञा गर्दछु कि प्रतिवर्ष आजकै दिन अर्थात् वैशाखशुक्लपक्षको सप्तमी तिथिको दिन यहाँ आउने गर्दछु । किनकि जहाँ सदाशिवको निवास रहन्छ, उहाँ मैले पनि अवश्य आउनु परमावश्यक छ ।'

साक्षात् गङ्गाजीबाट पनि यस्ता वचन सुन्न पाएर ती ब्राह्मणी अति आनन्दित भइन् । भगवान् शिव त्यसै वेलादेखि त्यहाँ त्यस पार्थिव लिङ्गमा विराजमान रहनुभयो । त्यसै दिनदेखि प्रतिवर्ष वैशाखशुक्ल सप्तमीको दिन उहाँ गङ्गजी आउन लाग्नुभयो । त्यसैवेलादेखि त्यो तीर्थ 'नन्दिकेश्वर' नामले प्रसिद्ध छ ।

चाण्डालीको मुक्ति

चाण्डाली पहिले एक ब्राह्मणकन्या थिई । त्यतिखेर उसको नाम 'सौमिनी' थियो । जब ऊ विवाहकी योग्य बनी त उसका पिताले यौटा अति श्रेष्ठ ब्राह्मण युवकका साथ उसको विवाह गरिदियो । विवाहपछि ऊ भोग-

विलासमा डुबी । उसको रात-दिनको भोगविलासको कारणले गर्दा उसले आफ्नू पतिलाई वीर्यहीन रोगी बनाइदिई। क्यै दिनपछि उसको पति रोगाएर मऱ्यो । किन्तु उसको भोगको लिप्सा छुटेन, ऊ तब स्वतन्त्र भई । आफ्नू कामनाको तृप्तिको लागि अर्थात् भोगेच्छाले बढ्ने योनिको सकसकाहट र फटफटाहट मेटाउनका लागि त्यो वेश्या बनी । उसको त्यो खुला कृत्य देखेर उसका परिवारहरूले उसको चुल्ठोमा समाई घिसार्दै-घिसार्दै निर्जन वनमा ल्याएर र उहीं एक्लै छोडी फर्के । अनि ऊ वनमा घुम्दै-घाम्दै यौटा शूद्रको घरमा पुगी । घरपति मुस्टण्ड शूद्र पनि उस युवतीलाई देखेर कामासक्त बन्यो । 'के खोज्छस् काना ? आँखो' भनेझैं उस युवतीले चाहेजस्तै पट्टो पाएर ऊ उसै शूद्रकी स्वास्नी बनेर उहीं रहन लागी । त्यस शूद्रका साथ ऊ मासु मदिरा आदिको खान-पान गर्दै नशामा चुरिदै चुऱ्याउँदै त्यस शूद्रका एक हातका औंलाका काप-कापमा अर्का हातका औंला पसेका बाहु-बन्धनले आफ्नू गर्दनमनि चुमुक्र्याएर आपना दुवै जाँघ उठाएर, प्रतिधक्का एकेक बित्ता सर्काउने अनि पाटामा परेका चाटाले घरै थर्काउने गरी खूबसँगले गरमागरम मैथुन दिनहुँ दोहोऱ्याई तेहऱ्याई गर्न गराउन थाली । क्यै दिनपछि त्यहाँ त्यसकी यौटा कन्या पनि जन्मी ।

एक दिन त्यो मुस्टण्ट शूद्र काम विशेषले राति नआउने गरी बाहिर अन्तै गएको थियो । घरमा ऊ एक्लै थिई । राति उसले मासुमा मन दिई । तब त्यो वेश्या पिउनासम्म जाँडको निगार पिएर हातमा तरवार लिएर थुम्से भेडो काट्नका लागि बाहिर निस्की । भेडाको खोरमै गाईको बाछो पनि थियो । त्यो बाछो र त्यो भेडो सँगसँगै बाँधेका थिए । रातको समय थियो, निगारको नशामा उसको होश ठीक थिएन । यसकारण उसले भेडो ठानेर बाछो काटिदिइछ । घरमा ल्याएर हेर्छे त लैनो बाछो पो रहेछ, देखेपछि खूब पछताई । तर मासु खाने तीव्र लालसाले गर्दा मासुको शोकका

झोकमा, कटिगयो त यत्रैसिति, जे होला-होला भनेर त्यसलाई काटकुट पारेर पकुवा पकाउन अगेनामा आगो फुकी ओदानमाथि बसाई र केही चौटा त्यसै आगाको भुङ्गेमा पोल्दै खान लागी र पाकेपछि पकुवा पनि पड्काई ।

समय पाएर अधि-अघिका अति पड्काइले पाटा टट्टाएर, तीनपातेका मुखमा छिपेका असीओटै भेट्नामा भत्भत पोलेर छटपटाहट बढेको वेदना सहन नसकी त्यस दुष्टाको अकस्मात् मृत्यु भयो । यमदूतहरू आएर उसको पापी प्रेतात्मालाई पाता फर्काएर यमलोक पुऱ्याए । यमराजले उसलाई गौहत्यारी ठानेर अनेक यातना दिए । पापानुसार भ्रास नरकका समस्त यातनाहरू भोगिसकेपछि उसको पुनर्जन्म कुनै अछूत चाण्डाल शूद्रको घरमा भयो । त्यस जन्ममा त्यहाँ उसलाई भयानक कोढ़ निस्कियो । अन्धाधुन्ध विषयभोग भोगेका पापले ऊ जन्मिदै अन्धी जन्मेकी थिई । गनाउने कोढको कारणले हात-गोडाका औंला ठुटिएकी उसका नगीच कोही पर्दैनथ्यो ।

एकदिन भोक-प्यासले व्याकुल भएर घस्रिदै पस्रिदै भड्किरहेकी उसले केही तीर्थयात्रीहरूलाई देखी । घस्रिदै केही माँग्नका लागि उनका पास पुगी । त्यतिखेर तीर्थयात्रीहरू सदाशिवका दर्शनको महिमाबारे कुराकानी गरिरहेका थिए । ती त्यतिखेर भनिरहेका थिए कि माघकृष्ण चतुर्दशीको दिन अवश्य पनि शिवको दर्शन गर्नुपर्छ । अब हामी गोकर्ण तीर्थ पुगेर महाबलको दर्शन अवश्य गर्नेछौं ।

तिनीहरूका ती सब कुरा सुनेर उस चाण्डालिनीले पनि उस दिन उहाँ पुगेर ती शिवको अन्धदर्शन गर्ने निश्चय गरी । मनमा तिनै कुरा सम्झँदै भीख माँग्दै गोकर्णतीर्थमा पुगी । उहाँ पुगेर माघकृष्ण चतुर्दशीको दिनको प्रतीक्षा गर्न लागी । जब त्यो दिन आउन एक दिन मात्र बाँकीथियो त त्यो दीन-दुःखी भोकी-प्यासी बिचरी एकाएक कुनै व्यापारीको दौलामा पुगी । त्यतिखेर त्यस बनिया व्यापारीको हातमा बेलको मञ्जरी (फूल) थियो । त्यस

मक्खीचूस व्यापारीले त्यस भिखारिनीको मगन्ते आवाज सुनेर नगीचै आइपुगेको उसको झोलीमा त्यही तीनपाते बलको मञ्जरी नै 'लाः' भनेर हालिदियो । भोकी-प्यासी त्यस भिखारिनीले आफ्ना हातले त्यो फूल झोलाबाट झिकेर एकदम पर पुग्ने गरी पयाँकिदिई । तर त्यो बेलको मञ्जरी पृथ्वीमा नझरेर उसका शिवभक्तिको प्रभावले उड्दै सोझै महाबल सदाशिवको लिङ्गमाथि पुगेर झऱ्यो । अब के थियो र ! त्यो बेलको मञ्जरी सदाशिवको लिङ्गमाथि झरेर त्यहीं अडिनेबित्तिकै त्यस पापिनीका समस्त पाप समाप्त भए ।

अर्को दिन भोलिपल्ट माघकृष्ण चतुर्दशीको दिन पनि आयो । त्यो दिन व्रतको दिन हुनाले उसलाई कतै भीख पनि केही मिलेन । यसले गर्दा त्यो दिन उसको निराहार त्यस चतुर्दशीको व्रत पनि भयो । भोकको कारण रातभर छटपटाउँदै जागै रही । यसले गर्दा उसको जागरण पनि स्वतः भयो । शिवको इच्छाले उसै दिन उसको मृत्यु पनि भयो । भक्तवत्सल शिवजी उसमाथि प्रसन्न हुनुभयो । अनि उसको मृतात्मा दिव्यरूप धारण गरी विमानमा बसेर शिवलोकमा प्राप्त भयो ।

महाबल शिवको महिमा

अघि इक्ष्वाकुवंशमा मित्रसह नामका एक ठूला धनुर्धारी राजा थिए । ती राजा अत्यन्त पुण्यात्मा थिए । उनकी पत्नीको नाम 'दमयन्ती' थियो । ऊ पनि नलकी पत्नी दमयन्ती जस्तै पतिव्रता थिइन् ।

एक दिन ती राजा आफ्नाहरूलाई साथ लिएर शिकार खेल्दै-खेल्दै यौटा घना जङ्गलमा पुगे । उहाँ उनले कुनै कर्मठ नामको दानवले महात्मा मण्डपजीलाई व्याकुल पारेर सताइरहेको देखे । ती राजाले बाणद्वारा त्यस

दैत्यलाई मारिदिए । अनि उस दानवको भाइले ती राजासित बदला सधाउने निश्चय गऱ्यो र त्यस कर्मठको त्यो भाइ कपट वेश धारण गरेर ती राजाकहाँ नोकरी गर्न गयो । उहाँ पुगेर राजालाई भेटी उनलाई भन्यो कि 'मलाई मीठा स्वादिला खाना पकाउन आउँछ, पकाउँछु, अति उत्तम खाना बनाउँछु । छःवै रसका तरकारीहरू बनाई-बनाईकन प्रभुलाई तृप्त पारिरहनेछु ।' राजाले उसको मीठो रसीलो चतुर कुरो सुनेर र उसको कौशलमा कुशलता छ भन्ने जानेर उसलाई आफ्नो खाना बनाउने भान्से पदमा नियुक्त गरे ।

यस प्रकार रहँदा बस्दा एक दिन राजाको घरमा 'गुरुजयन्ती' को पर्व आयो । राजाले गुरु वसिष्ठलाई निमन्त्रणा पठाए । गुरु वसिष्ठ नियत समयमा राजाको दरबारमा पुगे । तब उस कपटी दानवले राम्रो मौका ठानेर तरकारीमा मासुको झोल रयालिदियो र त्यही तरकारी गुरु वसिष्ठजीलाई पस्किदियो यानी टक्र्यायो । गुरुदेवले देख्नेबित्तिकै यसमा मासु परेको छ भन्ने जानिलिए । अनि उनले क्रोधपूर्वक राजालाई भने—'अरे पापी राजा ! आफू त पापी छस्-छस् मलाई पनि तँ पापी बनाउन चाहन्छस् । तैंले मलाई मासु पस्किदिइस् । अब तँलाई म श्राप दिन्छु । तँ राक्षस् भएस् !' यति राजालाई सरापेपछि फेरि वसिष्ठले सोचे कि–'अरे ! यसमा त राजाको क्यै दोष छैन, यो त यो कपटी भान्सेको पो त अपराध रहेछ' ।

फेरि प्रसन्न भएर वसिष्ठले राजालाई भने–'राजन् ! तपाईंले नचिनेको मान्छेलाई आफ्नू भान्से राख्नुभएको रहेछ, तपाईको यो भान्से त दैत्य पो रहेछ । यो काम यसै कपटीको हो । अब मैले तिमीलाई सरापिहालें, सो सत्य श्राप टर्न सक्तैन, यसकारण तपाईं बाह्र वर्ष मात्र राक्षस भएर रहनु हुनेछ ।' यति भनेर गुरुजी आफ्नू आश्रम जानका लागि प्रस्थान गर्नुभो ।

त्यसपछि श्रापको शक्तिले ती राजा ठूलो हत्यारा दुष्ट राक्षस बनेर वनमै बसी अनेक प्राणीहरूलाई मारेर खान लागे। एक दिन शिकारकै धूनमा धुम्दैधाम्दै एकाएक यौटा आश्रममा पुगे। त्यस आश्रममा तपोनिष्ठ एक जना ब्राह्मणलाई देखे। ती मुनि त्यतिखेर किसोर (तरुण) अवस्थाका थिए। उनलाई देखेर उनको थलथले मासुमा मन लल्चाएकोले उनलाई पक्रन दौडे। युवती मुनि-पत्नीले त्यो दृश्य देखिन्। ती युवतीले हेर्दाहेर्दै त्यो मांसाहारी राजाले त्यो मुनिलाई पक्रिहाले। उग्र भोकको कारण उनको मासु खानका लागि उनलाई मार्न तैयार भो। तब ती मुनि-पत्नीले विनय-पूर्वक--'महाराज! मेरा पतिलाई छोडिदिनुहोस्, म युवतीको मुख हेर्नु-होस्, भन्दै अनेक प्रार्थना गरिन्। परन्तु त्यस बूढो राक्षसले उनको कुनै कुरो सुनेन। मुनिलाई चिरेर उनको मासु खाइछाड्यो र हड्डी-खुड्डी फ्याँकेर ठमठमाउँदै बडबड हिंड्यो।

उ गएपछि मुनिपत्नीले रुँदै रूँदै ती हड्डीहरू बटुलिन्। काठ बटुल-बाटुल पारेर चिता बनाइन्। अनि तिनै हड्डीका साथ आफू पनि चितामा बसिन्, अनि 'हे नीच राक्षस! जसरी तैंले मेरा पतिलाई मारेर मेरो यौवन सुख नाश गरिदिइस्, त्यसै गरी तँ पनि कामातुर भएर स्त्रीका साथ रमण गर्दागर्दै मरिगएस्' यस्तो श्राप दिएर तत्काल मुनिकी पत्नी त्यसै चितामा सती भइन्। क्यै समयपछि राजाका श्रापको बाह्र वर्षको अवधि पनि बित्यो।

बाह्र वर्षबाद श्रापको समय सकिएपछि राजाको त्यो श्रापित शरीर फेरि पहिलेको शरीरमा प्राप्त भयो। अनि आफ्नू दरबारमा फर्केर आफ्नू सारा वृत्तान्त तथा मुनिपत्नीको सराप आफ्नी रानीलाई बेलिविस्तार-पूर्वक सुनाए। मुनिपत्नीको त्यस्तो श्राप सुनेर त्यस श्रापको भयले भयभीत रानी रतिक्रीडामा प्रबल इच्छा हुँदा पनि आफ्ना पतिलाई कहिल्यै आफ्नू

नजीक अर्थात् आफ्नू शय्यामा आउन दिन्नथिइन् । किन्तु उनकी पटरानी-बाट उनका कुनै सन्तान भएका थिएनन् । सन्तानको अभावले राजा सधैं चिन्तित रहन्थे । यस्तैमा एकदिन शिकारका लागि राजा वनतिर जान निक्लेका थिए । वनमा पुगेपछि त्यसदिन त्यहाँ उनले डरलाग्दो रूपको भयानक ब्रह्महत्यालाई देखे । उसलाई देखेर राजा डराए । त्यस ब्रह्महत्याको पञ्जामा नपर्नाका लागि यानी बच्नका लागि राजाले धेरै नै तीर्थ, व्रत, तप, नियम आदि प्रायश्चित्तका कर्म गरे । राजा सधैं बड़ा व्याकुल रहन्थे ।

तीर्थहरूमा घुम्दा एक दिन राजाले एकजना पवित्रात्मा ऋषिलाई देखे । ती ऋषिको नाम गौतम थियो । तब ब्रह्महत्याले लखेटिइरहेका ती राजा दौडदै गएर ती मुनिका शरणमा गए, उनका चरणमा परेर मुनि-पत्नीका श्रापको वृत्तान्त ती मुनिलाई सुनाए । अनि मुनिसित त्यस पापको निवृत्तिको लागि कुनै उपाय सोधे । राजाको त्यस्तो हालतको परिस्थिति सुनेर मुनिको मनमा उनका प्रति दया आयो । अनि ऋषिले कृपापूर्वक भने—'राजन् ! यहाँबाट पश्चिम पश्चिमी समुद्रको तटमा गोकर्ण नामको तीर्थ छ । त्यस ठाउँमा 'महाबल' नामको शिवको ज्योतिर्लिङ्ग छ । त्यहाँ गएर त्यस तीर्थमा स्नान गरेर महाबल शिवको अर्चना गर्नाले तिम्रो ब्रह्महत्या हट्ने छ ।' हे ऋषिहो ! ती गौतम ऋषिको त्यस्तो उपदेशले राजा अति आनन्दित भए, अनि सरासर गोकर्ण पुगेर त्यस तीर्थमा स्नान गरे तथा महाबल ज्योतिर्लिङ्ग शिवको पूजा गरे । त्यसपछि, त्यसअघि गरेका र गरिएका सबै पापबाट मुक्त भएर अन्त्यमा शिव सायुज्यमा प्राप्त भए अर्थात् शिवका समीप बस्न गए ।

सूतजी भन्नुहुन्छ—हे ऋषिहो ! अब म तिमीहरूलाई उत्तर दिशाका शिवलिङ्गहरूको महिमाको वर्णन गर्छु र महिमा बारे जानेको कुरो बखान्छु । अघि मैले भारतको पश्चिमी सीमामा भएको गोकर्ण तीर्थको महिमाको वर्णन

सुनाएँ, तपाईंहरूले सुन्नुभो । त्यस्तै यौटा अर्को पनि गोकर्ण नामको तीर्थ छ । जुन तीर्थ बडो पवित्र र रमाइलो छ । त्यहाँ गोकर्ण नामको यौटा अति राम्रो महावन छ । उस वनमा शिवको 'चन्द्रभाल' नामको ज्योतिर्लिङ्ग छ । त्यो शिवलिङ्ग रावणले ल्याएर स्थापित गरिएको हो ।

यसको अतिरिक्त उहाँ यौटा मिश्रिक नामको पवित्र तीर्थ पनि छ । त्यस तीर्थमा दधीचि ऋषिद्वारा स्थापित 'दधिचीश्वर' ज्योतिर्लिङ्ग छ । तीर्थयात्रीहरू उहाँ पुगेर शङ्करजीको पूजा गरेर आफूलाई कृतार्थ ठान्दछन् । त्यस्तै नै नैमिषारण्यमा सबै ऋषिहरूले मिलेर स्थापिएको 'ऋषीश्वर' नामक ज्योतिर्लिङ्ग छ । त्यस शिवलिङ्गको दर्शन मात्रले पनि समस्त पातक (पापकर्म) नाश भैजान्छन् । त्यस्तै त्यहाँ 'हत्या' नामक अर्को प्रमुख तीर्थ पनि छ । त्यहाँ 'अघापह' नामक शिवलिङ्ग छ । जुन शिवलिङ्ग करोडौं हत्या जस्ता पापहरूको शमन गर्दछ । अनि देवप्रयागमा सबै पापहरूलाई नाश गर्ने शिवको 'ललितेश्वर' नामको ज्योतिर्लिङ्ग छ । नेपालमा पापीका सब प्रकारका पाप साफ गर्ने तथा पुण्यात्माका सबै प्रकारका मनोरथहरू पूर्ण गर्नेवाला, अनि आफ्नू शिरको मात्र दर्शन दिनेवाला 'पशुपतिनाथ' नामको ज्योतिर्लिङ्ग विद्यमान छ ।

लिङ्गरूपको कारण

सूतजी भन्नुहुन्छ—हे मुनिजनहो ! उहिलेको कुरो हो । भारतवर्षमा दारुक नामको यौटा वन थियो । त्यस वनको नजीकै शङ्करजीको यौटा शिवालय थियो । त्यस शिवालयमा शिवभक्त यौटा ऋषि दिनको तीनै काल अर्थात् प्रातः—मध्याह्न-सायंकालमा शिवको पूजा गर्थे, शिवका अनेक स्तोत्र-हरू नित्यपाठ गर्ने गर्थे । जब उनी शिवस्तोत्र पाठमा तन्मनस्क थिए ।

त्यसै वेला त्यहाँ त्यस दारुक वनमा अनेक ऋषि-महर्षिहरू हवनका लागि समिधा लिन पुगे त शङ्कर भगवान्‌ले ती आफ्ना भक्तहरूको परीक्षा लिनका लागि यौटा विकराल रूप धारण गर्नुभयो। त्यसपछि कामातुर पुरुष स्त्रीका सामु गएझैं बुङ्गै हातले लिङ्ग उठाएर छुनुमुनु गराउँदै ती मुनि-हरूका आश्रमस्थानमा पुग्नुभयो।

जब ऋषिपत्नीहरूले नाङ्गै अनि हातले समाएर लिङ्ग हल्लाउँदै आएको त्यस विवराल रूपलाई देखे तब पहिले त उनीहरू अतासिएर सिकुडिए। त्यसका बाद लिङ्गका आकर्षणले गर्माएको शरीरबाट पग्लेको पानी योनिमार्गबाट रसाउँदै चुहुनथाल्यो त ती सबै कामवश भएर ट्वाल्ल त्यो लिङ्गलाई निहारिरहे। कतिले त परस्परमा अङ्गालो हालेर सम्भोगमा झैं परस्परमा हानाहान पनि गर्न थाले। यत्तिकैमा उनका पतिहरू पनि उहाँ आइपुगे। उनीहरूले परैबाट देखेर मनमनमा सोचे कि त्यो को पुरुष हो, जो स्त्रीहरूको आचरणलाई दुष्याइरहेको छ। अनि कामविह्वल भएका ती स्त्रीहरूका प्रति पनि उनीहरूलाई क्रोध छुट्यो। त्यसपछि ती शङ्करजी हुन् भन्ने नजानेर क्रोधपूर्वक बोले–'अरे, यो को हो ? किन यो लिङ्ग हल्लाउँदै यहाँ आयो ?' परन्तु कोही पटक बोलेन। त्यसपछि त त्यस बुङ्गेलाई नै सोधे कि 'तँ को होस् ? किन बोल्दैनस् ?' यसरी बारम्बार उसलाई सोद्धा पनि पटक बोलेन, उ त झन्-झन् वैदिक धर्मलाई लोप गर्ने त्यो कर्म चम्की-चम्की गरिरहेको थियो। त्यसकारण ती ऋषिहरूले उसलाई–'तेरो यो लिङ्ग तुरुन्तै भूइँमा झरिजाओस्' भनी श्राप दिए।

ऋषिहरूले त्यस्तो सराप्नेबित्तिकै शङ्करजीको लिङ्ग भूइँमा झरिहाल्यो। तब प्रज्ज्वलित अग्निको समान त्यो लिंग काट्नेबित्तिकै भूइँमा फ्याँकिए-को कुखोको गिंड र घड उफ्रिएझैं यताउति पर-परसम्म उफ्रिएर प्राणीहरूलाई परेशान पार्न थाल्यो। त्यस लिंगको विचित्र उफ्राइले त्यहाँका सबै ऋषि-

मुनिहरू घबडाएर ब्रह्माजी भाठौं गए र ब्रह्मालाई सारा वृत्तान्त बताए। यी सबै शङ्करजीका मायाको वशीभूत भएका छन् भन्ने कुरो ब्रह्माजीले जानुलिनुभो। ध्यानदृष्टिले त्यो सब जान्ने ब्रह्माजी भन्नुहुन्छ–

'हे तत्त्वदर्शी ऋषिहरूहो ! तपाईंहरूले बेविचारले शोच-विचार नगरी कन क्रोधले अन्धिएर साह्रै ठूलो अनुचित कार्य गर्नुभएछ। अरूलाई उपदेश गर्ने वैदिक धर्म स्वयंले पालन गर्नुभएनछ। मध्याह्नकालमा आएका अतिथिलाई सत्कार गर्नुपर्ने प्राणी मात्रको त्यो अर्थात् सकल मनुष्यको धर्म त्यो गर्नुभएनछ।

अब जबसम्म शङ्कर भगवान्को त्यो ज्योतिर्लिङ्ग कुनै एक ठाउँमा स्थापित हुँदैन तबसम्म यसैगरी उप व मचाइरहन्छ। यदि तपाईंहरू संसारको हित चाहनु हुन्छ भने शङ्कर भगवान्को त्यो ज्योतिर्लिङ्गको स्थिरताका लागि जगदम्बा पार्वतीको ध्यानद्वारा चिन्तन गर्नुहोस्। जगदम्बाको आराधना तथा स्तुति गर्नुहोस्। तपाईंहरूको त्यस स्तुतिले स्वयं माता पार्वती नै योनिरूप भई त्यहाँ पुग्नुहुनेछ र त्यसैमा त्यो लिङ्ग स्थापित भई स्थिर भइ-जानेछ। त्यसकारण तपाईंहरूका स्तुतिले विश्वकल्याणी पार्वतीजी प्रसन्न भएपछि अष्टबलको रचना गरेर शास्त्रहरूमा बताइएको विधिअनुसार त्यस अष्टबलमाथि यौटा घडा स्थापना गर। त्यस कलशमा दूबो हाल अनि पवित्र तीर्थको निर्मल जलले त्यो कलश भर अनि कलशलाई सिङ्गारेर सदाशिवको ध्यान गर्दै विधिपूर्वक कलशमा पूजा गर। अनि शतरुद्रीका वेदमन्त्रहरू पाठ गर्दै त्यस घडाको जलले त्यस उपद्रवी लिङ्गलाई स्नान गराएर मार्जन आदि कर्म गर। त्यसपछि त्यहाँ उपस्थित योनिरूपा पार्वती-जीलाई योनिमुख उत्तर फर्काएर स्थापित गर अनि त्यसै योनिमुखको डुबुल्कोमा सदाशिवको ज्योतिर्लिङ्गलाई चतुर्थांश जति कोचेर स्थापना गरिदेओ। अनिपछि त्यस पारामा रहेको त्यस शिवलिंगलाई धूप, दीप, नैवेद्य आदि षोडशोपचारले पूजा गर, अनि आरती गर्दै स्तोत्र गान,

आदिद्वारा शङ्करजीको स्तुति गर, तब मात्रै सकल प्राणीको मङ्गल हुनेछ ।'

ब्रह्माजीको यस्ता प्रकारको वचन-अनुसार ऋषिहरूले मातेश्वरीजीको विधिपूर्वक आराधना गरे । उनको स्तुतिले प्रसन्न भएकी पार्वतीजी विश्व-कल्याणार्थ योनिरूपा हुनुभो र त्यसै योनिमा क्यै दर्शनार्थ देखिने गरी क्यै पसाएर त्यो लिङ्ग स्थापना गरिदिए । त्यसपछि त्यस योनिस्थित लिङ्गलाई पूजा-पाठ गरे र गनें परिपाटी चलाए । अनिमात्र संसारमा मंगल भयो । त्यही ज्योतिर्लिङ्ग ससारमा अझै 'हाटकेश्वर'को नामले प्रसिद्ध छन् । यस आराधनाले सबै लौकिक तथा पारलौकिक सुख प्राप्त हुन्छन् ।

अन्धकासुरको मुक्ति

उहिले यौटा 'अन्धकासुर' नामको दानव थियो । जो समुद्रको कुनै गढ (किल्ला) मा रहन्थ्यो । त्यो दैत्य बडो बलियो र पराक्रमी थियो । उसले त्यतिखेर विश्वभरका प्राणीलाई आफ्ना अधीनमा राखेको थियो । विश्वका सारा प्राणी उसबाट दुःखित पीडित थिए ।

त्यसका छुत्याइँले पीडित देवताहरूले अत्यन्त दुःखी भएर भगवान् शङ्करलाई आफ्नू दुःख सुनाए । अनेक प्रकारका स्तुति गरेर शिवलाई प्रसन्न पार्न लागे त भगवान् शङ्कर उनका स्तुतिले प्रसन्न हुनुभो । अनि भगवान् शङ्करले देवताहरूलाई आश्वासन दिनुभो र उनीहरूलाई यस्तो कुरो कराएर कहनुभो–'हे देवताहरूहो ! तिमीहरू नडराओ । तिमीहरूलाई सदा सताउने त्यस दैत्यलाई अवश्यै म मारिदिनेछु । अब तिमीहरू आफ्ना सेना लिएर अगि-अगि जाओ । म तिमीहरूको पछि-पछि आउनेछु ।'

शिवको आज्ञानुताबिक सबै देवताहरू आफ्ना देवसेना सजाएर उस दैत्यको निवासस्थानमा गए । देवताहरू आएको समाचार आफ्नू सेनापति-

बाट सुनेर त्यो दैत्य आफ्नू गढ (लडाका डट्ने दुर्ग) बाट निस्केर बाहिर आयो । अनि उसले देवताहरूका साथ भयानक युद्ध गऱ्यो । तर त्यो यस युद्धमा देवताहरूद्वारा पीडित भयो र भाग्दै-भाग्दै गएर आफ्नू दुर्गभित्र पसेर लुक्यो । त्यो भागेको देखेर सदाशिवले आफ्नू त्रिशूल उठाई उस गढभित्र पसेर त्रिशूलले उसलाई मर्ने गरी पिट्नुभयो । त्रिशूल लाग्ने बित्तिकै त्यो दानव छटपटाउँदै उठ्यो र शिवलाई प्रार्थनापूर्वक बिन्ती बिसायो–'हे प्रभो ! मैले यो सुनेका थिएँ कि मर्ने बेलामा पाएको शिव-दर्शनले मर्नेलाई शिवरूप बनाइदिन्छ भन्ने । अब मैले पनि मर्ने बेलामा शिवको दर्शन पाएँ, शिवकै पुण्यदायी हातले रोपिएको मुक्तिदाता त्रिशूल-ले रोपिएर मर्न पाएँ । म कृतार्थ भएँ, मेरो जन्म सुफल भो ।' उसका अन्तिम वाणीले प्रसन्न भएका अति प्रसन्न भएर शिवले उसलाई भन्नुभयो– 'तेरो यो अन्तिम भावनाले म प्रसन्न छु, तँलाई इच्छा भएको वर तँ माँग् ।'

शिवको त्यस्तो दयार्द्र वचन सुनेर त्यस दानवले बिन्ती गऱ्यो––'हे शम्भो ! यदि तपाईं मसित सचमुच भित्रैदेखि प्रसन्न होइबक्सन्छ भने मलाई 'शिवमा अविचल भक्ति हुने परम शिवभक्त बन्ने भक्ति दिनुहोस् ।' अनि दोस्रो वर यो दिनुहोस् कि 'यसै ठाउँमा प्रभुको अविचल निवास रहोस् ।' मेरो यो अन्तिम बिन्ती बेकार नबनोस् ।' उसको त्यस्तो भक्तिभाव देखेर शिवले उसलाई आफ्नू अविचल भक्ति दिनुभो र आफू पनि उसलाई अन्तिम समयमा दिएको वचन-अनुसार ज्योतिर्लिङ्गरूप भएर सदासर्वदाका लागि उसै ठाउँमा आसन जमाएर स्थित हुनुभो ।

बटुक पूजाको कथा

प्राचीन कालमा दधीचि नामका कुनै ब्राह्मण थिए, जो अत्यन्त धर्मात्मा, चारै वेदका ज्ञाता तथा ठूला शिवभक्त थिए । उनका छोराको

नाम सुदर्शन थियो । सुदर्शन पनि आफ्नू पिताजस्तै सर्वगुणसम्पन्न थिए । किन्तु उनकी पत्नी उच्चकुलकी थिइनन् । उनको नाउँ टुकुला थियो । उनले आफ्नू प्रिय पतिलाई आफ्ना अधीनमा राखेकी थिइन् । यिनका गर्भबाट सुदर्शनका चार पुत्र पैदा भए । एक दिन सुदर्शनका पिता दधीचि-लाई आफ्ना जाति विरादरीसँग भेटघाट गर्न कुनै गाउँमा जानु थियो । त्यसकारण उनले छोरालाई बोलाएर–'ए छोरा ! मलाई कुनै कार्यवश गाउँ जानुपऱ्यो, तैंले शिवको पूजा आरती गरेस्' भनी अह्राए । छोरालाई यति अह्राई दधीचि गाउँ गए । त्यस गाउँमा कार्यवश केही दिनका लागि उनलाई रोकिनुपऱ्यो । यता बाबुको अनुपस्थितिमा सुदर्शन सधैं शिवको पूजा आरती गथे । यस्तैमा केही दिनपछि शिवरात्रिको पर्व आयो । यस पर्वमा ता सबै नर-नारी उपवास गरेर शिवका दर्शन पूजन श्रद्धा-भक्तिसाथ हर-साल गर्छन् नै । सुदर्शनले पनि विधिपूर्वक भगवान् शङ्करको पर्वदिनमा अर्चन-पूजन गरे । राति कार्यवश उसलाई घरभित्र कोठामा जानुपऱ्यो । उहाँ उनकी पत्नीले उनलाई कामासक्त पारिदिइन् । त्यसपछि पत्नीको प्रबल इच्छा पूर्ति पारेर बिना न्वाईध्वाई शुद्ध पवित्र नभै मन्दिरमा गएर फेरि शिवको पूजाआजा गर्न थाले ।

सर्वान्तर्यामी शिवले त्यो सब कृत्य जानेर उनलाई सत्तोसराप गर्नुभो कि––'अरे रे मूर्ख ! आज शिवरात्रिको पर्वमा पनि तैंले स्त्रीका साथ काम-क्रीडा गरेर त्यसै त ठूलो पाप गरिस् । गरिस् त गरिस् यत्रैसिति, तर त्यसपछि विना न्वाई-ध्वाई, शुद्ध पवित्र नभै, शुद्ध लुगा नफेरी त्यत्तिकै आएर मेरो पूजा गर्दैछस् ! यस कामले तँ अहिल्यैदेखि पट मूर्ख होइजा !' शिवको यस्तो श्रापको कारणले तत्काल ती सुदर्शन तुरुन्तै सारा शास्त्र बिर्सेर, सारा सुकर्म फल नाशिएर जड मूर्ख सरी पागल भएर गउँघर घुम्न लागे ।

केही कालपछि जब दधीचि घर फके त सारा वृत्तान्त जानेर अति दुःखित भई––'अरे ! यसले त आफ्नू मात्र हैन किन्तु सारा कुलको नै सर्वनाश बरबाद गरिदियो । अब के गर्ने ?' त्यसपछि धेरै सोच-विचार गरेर जगदम्बा पार्वतीजीको उपासना गर्न थाले । दधीचिको श्रद्धाभक्तिपूर्वकको पूजा अर्चना, स्तुति-प्रार्थनाले जगदम्बा पार्वती त्यहीं प्रकट हुनुभयो । तब दधीचिको प्रार्थना-अनुसार पार्वतीजीले दधीचिका पुत्र सुदर्शनलाई शिवका चरणारविन्दमा लम्पसार दण्डवत् गरिरहन लाएर आफूले शिवलाई प्रार्थना गरिन् कि–'हे स्वामी ! यो सुदर्शन त मेरो प्यारो पुत्रसमान हो' यति भनेर उसलाई पुनः जनै पहिराएर शिवबाट सोह्र अक्षरवाला शिवगायत्री मन्त्रको दीक्षा दिलाइदिइन् । त्यसपछि मातेश्वरी गिरिजाको कृपाले सुदर्शनले शिव-मन्त्रको शुद्ध उच्चारणपूर्वक पुनः पूजा गरे । त्यस प्रकारको शिवपूजाले सदाशिव प्रसन्न हुनुभो र सुदर्शनलाई–'हे वत्स ! अब तँ-सँग म प्रसन्न छु, अब तँमाथि मेरो पूर्ण कृपा रहन्छ । मलाई चढाएका धन-धान्य, घिउ-तेल आदि सबै पदार्थ तेरै लागि हुनेछन् । तँ अब ती सबैको उपभोग गर्न सक्छस् । अब तँ सधैं त्रिपुण्ड्र धारण गरेर शिवगायत्री दुवै सन्ध्यामा जप गर्नें गर्नू । अब मैले आजदेखि तेरा सबै कृत अपराध क्षमा गरिदिएको छु । अब उप्रान्त बेविचारसित कुनै काम नगर्नू' भन्नुभयो ।

यस्ता प्रकारले भगवान् शङ्करले उपरोक्त कुरा भन्नुभो र सुदर्शन तथा उनका छोराहरूलाई पनि बटुक भैरवको रूप मानी अभिषेक गरिदिनुभयो । अनि–'हे पुत्र हो ! तिमीहरूमा जुनकुनै पनि बटुक रूपको हुनेछ, त्यो सर्वत्र विजय प्राप्त गरेर संसारभरमा पूजनीय हुनेछ र तिमी बटुकलाई जो सदा-सर्वदा पुज्नेछ, म उसलाई यति आदर प्यार गर्नेछु कि उसले गरिएको बटुकको पूजालाई म आफ्नै पूजा ठान्नेछु' भन्नुभो । त्यस्ता प्रकारले शिवजीबाट अभिषेक प्राप्त गरेपछि बटुक नामले संसारमा सुदर्शन प्रसिद्ध

भए । यसकारण शुभ तथा अशुभ जुनसुकै कर्ममा पनि सबैले अवश्य बटुकको पूजा गर्नुपर्छ ।

सोमनाथेश्वरको उत्पत्ति

दक्ष जापतिका सत्ताईस ओटी छोरीहरू चन्द्रमालाई पत्नीका रूपमा प्राप्त भएका थिए । परन्तु तीमध्ये रोहिणीलाई चन्द्रमा ज्यादा प्यारो गर्दथे । तसर्थ उनका बाँकी पत्नीहरू दुःखित भएर आफ्ना पिताका पास गए । पिताले तिनका कुरा सुनेर ज्वाई चन्द्रमालाई उनको घरैमा गएर सम्झाए कि–'हे चन्द्रदेव ! उत्तम कुलमा पैदा भएर पनि तपाई किन यस्तो गरिरहनु-भएको छ ? कसैमा पनि विषमता कुलीन पुरुषले गर्दैन, तसर्थ अब यस्तो नगर्नुहोला । यौटीका साथ मात्रै प्रेम गरेर अर्कीका साथ नगर्नाले त्यो जन अवश्य नरकगामी हुन्छ ।'

यस्ता प्रकारले दक्षले चन्द्रमालाई सम्झाएर उनी आफ्नू घर गए । किन्तु चन्द्रमाले दक्षप्रजापतिको कुरामा कुनै ध्यान दिएनन् । त्यसपछि फेरि रोहिणीसित रिसाएर अरू सबै छोरीहरू आपना पिताका पास पुगे । यसपल्ट दक्षप्रजापति झोंकिदै चन्द्रमा भाठों गएर भन्न लागे कि--'अरे चन्द्रमा ! तिमीलाई मैले दीनतापूर्वक सम्झाइसकेको छु । परन्तु तिमीले मेरो कुरो पटक्क टैरेनौ । त्यसकारण अब तिमीलाई म सराप दिन्छु छि अब तिमी मलिन-मलिन हुँदै क्षीण भइगए ।' यस्तो सरापले चन्द्रमा मलिन हुँदा-हुँदा एकदम क्षीण भइगए ।

चन्द्रमाले इन्द्र आदि देवताहरूलाई यो दुःख सुनाए । सबै मिलेर वशिष्ठजीलाई अगुवा बनाई ब्रह्मासित प्रार्थना गरे कि—'हे पितामह ! यसको लागि कुनै उपाय बताइबक्सियोस् ।' देवताहरूको त्यस्तो विनति सुनेर

ब्रह्माजी बोल्नुभयो––'अरे देवताहो ! यो चन्द्रमा महादुष्ट हो । यस उल्लूले गुरु बृहस्पतिकी पत्नी तारालाई लिएर भागेको थियो । तारालाई लिएर यो उल्लू सरासर दैत्यहरू भाठौं पुगेको थियो । त्यसै ताराको लागि यस छुमीले द्यौता र दानवमा कलह मच्चाएर युद्ध गराइदियो । मैले धेरै सम्झाइ-बुझाइ गर्दा बल्ल-बल्ल यस पाजीले तारालाई वापस गरिदियो । परन्तु त्यतिखेर तारा गर्भवती थिई । त्यसै कारण बृहस्पतिजीले त्यस वेला स्वीकार्नुभएन । तब मैले त्यो गर्भलाई त्वाइदिएँ र गुरुपत्नी ताराकन बृह-स्पतिलाई दिलाइदिएँ । त्यति गर्दा पनि यो उल्लू चन्द्रमा अझै आफ्नू दुष्टता छोड्दैन । तसर्थ तपाईंहरू म भाठौं आइहाल्नुभो भने म यसबारे तपाईंहरूलाई यौटा उपाय बताउँछु कि अब तपाईंहरू सबै यस उल्लू चन्द्रमालाई साथै लिएर प्रभास नामको क्षेत्रमा गई भगवान् शिवको पूजन-अर्चन स्तुति-पाठ गर्नुहोस् । शतश्लोकी मृत्युञ्जयका मन्त्रद्वारा तपाईंहरू भगवान् शङ्करजीको पूजा गर्नुहोला र 'ॐ नमः शिवाय' यो मन्त्र सबैं सबैले जप्नुहोला । यति गर्नुभो भने सदाशिव शङ्करजीको कृपाले यस उल्लू चन्द्रेका सबै कष्ट हट्नेछन् ।

ब्रह्माजीको वचन-अनुसार सबै देवता तथा ऋषि महर्षिहरू प्रभास तीर्थमा पुगे र त्यहाँ सारा तीर्थहरूलाई आवाहन गरेर शिवशङ्करको पूजन गरे गराए । दश करोडपल्ट मन्त्र जपिसकेपछि वल्ल भगवान् शङ्कर प्रकट हुनुभो र चन्द्रमालाई तेरो जे इच्छा छ वर माँग् भन्नुभयो । तब चन्द्रमाले आफू क्षीण नहुने वर माँगे । उसको माँग सुनेर श्रीभगवान् शङ्करले भन्नु-भयो––'ए चन्द्रमा ! तिमीलाई दक्षप्रजापतिले दिएको श्राप हटाउन सकिन्न, तर यति त गर्नसक्छु कि कृष्णपक्षको पन्द्र दिनसम्म तिमी क्षीण हुँदै जानेछौ र शुक्लपक्षमा तिमी बढ्दै रहनेछौ ।' श्री सदाशिववाट आज्ञा भएको वर-प्रसाद वाणी सुनेर चन्द्रमा वहुतै प्रसन्न भए, त्यस्तै सकल देवता पनि प्रसन्न

भए । त्यसपछि सबैले शङ्कर भगवान्‌लाई दण्डवत् प्रणाम, स्तुति गरेर आफ्नू स्थानमा जान लागे त त्यतिखेर सबै मिलेर त्यसै ठाउँमा सोमेश्वर शिवको पूजा गरे अनि उसै ठाउँमा पार्वती-सहित शिवलाई रहिरहने प्रार्थना गरेर रहने वरदान प्राप्त गरी उहीं विराजमान गराए । अनि त्यसै ठाउँमा यौटा कुण्ड बनवाए र त्यस कुण्डको नाम 'चन्द्रकुण्ड' राखे । त्यस कुण्डमा जो एकैपल्ट पनि चुर्लुम्म डुबुल्की मारेर न्वाहुँछ, त्यस वेलासम्मका सारा पाप सखाप भैहाल्छन् । यो नै 'सोमनाथ' महादेवको महिमा हो ।

मल्लिकार्जुनको उत्पत्ति

माता पार्वतीजीका जेठा छोरा स्वामी कार्तिकेय आफ्नू विवाहको विषयमा शिवको कथनानुसार जब पृथ्वीको परिक्रमा गरेर फर्कन्थे त बाटामा नै नारदजीले उनलाई भट्काइदिए कि तिम्रा पिता शङ्कर भगवान्‌ले तिम्रा साथ वेस व्यवहार गर्नुभएको छैन । तिमीलाई भने पृथ्वी परिक्रमा गर्न पठाइदिनुभो र त्यही मौका छोपेर आफ्नू कान्छो छोरो गणेशको बिहे गरि-दिनुभो । नारदका मुखबाट यस्तो समाचार सुनेर स्वामी कार्तिकेय रन्किए । उनी झोंकिदै माता-पिताभाठौं पुगे र फन्किदै उहाँबाट हिंड़े । माता पार्वती तथा पिता शिवजीले बारम्बार सम्झाउँदा पनि उनी रोकिएनन् । त्यहाँबाट उनी सरासर क्रौञ्च पर्वतमा पुगे । तब पार्वतीजी पुत्रवियोग सहन नसकी विलाप गर्न लागिन् । शिवजी पनि सामान्य मनुष्य जस्तै दुःखित हुँदै उनलाई फकाई फुल्याई फर्काउन क्रौञ्च पर्वतमा पुग्नुभयो । आफूलाई फर्काउन माता-पिता शिव-पार्वती दुवै आएको सुनेर स्वामी कार्तिकेय उहाँबाट पनि मय योजन अझ टाढा जानुभो । पुत्र कुमार त्यहाँबाट अन्तै गएको थाहा पाएर शङ्करजी त्यही पहिलेकै ठाउँमा ज्योतिर्लिङ्ग रूपले विराजमान हुनुभयो । त्यसै वेलादेखि त्यो लिङ्ग 'मल्लिकार्जुन' नामले प्रसिद्ध छ ।

महाकालेश्वरको उत्पत्ति

अवन्ति नामको नगरीमा एक जना शिवभक्त ब्राह्मण रहन्थे। उनी नित्यप्रति विधिपूर्वक पार्थिव शिवलिङ्गको पूजा गर्ने गर्थे शिवका कृपाले ती सर्ववेदज्ञ ब्राह्मणलाई धन-धान्यको कुनै कमी थिएन। पृथ्वीतलमा सबै प्रकारका सुख-भोग गरेर उनी अन्तमा शिवको परमपदमा प्राप्त भए। ती शिवभक्त ब्राह्मणका चार भाइ छोरा थिए। ती थिए—देवप्रिय, मेधाप्रिय, सुकृत र धर्मबाहु। यी चारै छोराको आचरण पनि आफ्ना पिताको समान नै थियो। त्यहीं तिनीहरूको नजीकै यौटा रत्नमाला नामको पर्वत थियो। त्यस पर्वतमा दूषण नामको यौटा राक्षस रहन्थ्यो। त्यस राक्षसले ब्रह्माको तपस्या गरेर ब्रह्माबाट वर प्राप्त गरेको थियो। त्यसपछि त त्यो वैदिक धर्मद्वेषी भइगयो र धर्मको नाशक बनी देवताहरूलाई सताउन लाग्यो। आफ्नू बल र पराक्रमले उसले स्वर्ग मर्त्य दुवैलोक जितिलियो।

त्यसपछि त्यो राक्षस एक दिन अवन्तिपुरीमा पनि पुग्यो। उहाँ पुगेर उसले आफ्ना मुख्य-मुख्य चारोटा दानवहरूलाई बोलाएर—'हे वीरहो! मैले आफ्नू बल-पराक्रमले तीनै लोक वशमा पारिसकेको छु। किन्तु शिव-भक्त ब्राह्मणहरू मेरा अधीनमा आएका छैनन्। त्यसकारण तिमीहरू गएर सबै ब्राह्मणहरूलाई जम्मा पार। अनि उनीहरूलाई मेरो आज्ञा सुनाओ। यदि ती मेरो आज्ञामाफिक चल्छन् भने ठीक छ, हैनभने उनीहरूलाई दण्ड देओ'—भन्यो।

तब ती दानव अवन्तिपुरीमा पसेर उपद्रो मच्चाउन लागे। त्यहाँका जनताहरू दुःखित भए। परन्तु त्यहाँका ब्राह्मणहरूमाथि तो दानवका उपद्रवको कत्ति पनि प्रभाव परेन। पुरवासी तथा गाउँवासी पीडित जनता-हरू ती ब्राह्मणहरू भाठा गएर प्रार्थना गर्न लागे कि—'हे भूदेवहरूहो!

हामीहरू तपाईंहरूका शरणमा छौं । थाहा छैन, यी दुराचारी दानव कलबाट आएर उपद्रो मच्चाइरहेका छन् । तिनीहरूले धेरै जसो नगरवासीहरूलाई मारिसके, धेरै गाउँलेहरूका प्राण लिइसके । अब तपाईंहरू नै हाम्रो रक्षक हुनुहुन्छ, तसर्थ तपाईंहरू हाम्रो रक्षा गर्नुहोस् ।'

तब ब्राह्मणहरूले शरणागतहरूलाई भने—'हाम्रा साथमा कुनै अस्त्र-शस्त्र छैन, न त कुनै बल-पराक्रम नै छ कि यी दैत्यहरूलाई नाश गर्न सकौं । हामी त केवल भगवान् शङ्करको आश्रय लिएर मात्रै यहाँ सुरक्षित रहन सकेका छौं । शङ्करकै कृपाले हाम्रो सुरक्षा भइरहेको छ ।' उनीहरूलाई यति भनेर ती चारै ब्राह्मणकुमार अरू ब्राह्मणहरूलाई साथ लिएर सधैं झैं नियमपूर्वक शिवपूजनमा तल्लीन भए । यत्तिकैमा ती चारै दैत्य त्यहाँ आइपुगे । त्यहाँ उपस्थित सबै नगरवासी र शिवपूजनमा तल्लीन ब्राह्मणहरू-लाई देखेर ती राक्षसहरू भन्न लागे—'यिनीहरूलाई पक्र, भटाभट मार, कटाकट काट ।' किन्तु ब्राह्मणहरू निर्भय रहेर शिवपूजनमा लाग्यालाग्यै रहे, अरू उपस्थित जनताहरू भागाभाग गरे । तब ती राक्षसहरू जसै ती ब्राह्मणहरूलाई पक्रन भनी अगि बढे, त्यसै बखत पार्थिव लिङ्ग रहेको तलको भूमि भयङ्कर शब्द गरेर पट्ट चिरियो । त्यसै चिरिएको ठाउँबाट शङ्कर भगवान उहाँ भयङ्कर अट्टहास गर्दै प्रकट हुनुभयो । भगवान् शङ्करले आफ्ना हुङ्कार शब्दले नै सारा राक्षसहरूलाई, उनका सेना दैत्यहरूलाई र स्वयं दूषण नामको महादानवलाई पनि क्षणमात्रमा भस्मीभूत बनाइदिनुभयो ।

भगवान् शंकरको त्यस्तो अद्भुत चरित्रलाई देखेर सबै मुनिगण तथा देवताहरू अति प्रसन्न भए । आकाशबाट पुष्पवृष्टि गर्न थाले । त्यसपछि शिवजीले ब्राह्मणपुत्रहरूलाई वरदान माँग भन्नुभयो । तब ब्राह्मणहरूले भने—'स्वामिन् ! यदि हामी उपर तपाईं प्रसन्न हुनुहुन्छ भने हाम्रो आवागमन छोडाएर आफ्नू चरणमा स्थान दिनुहोस् र यसै ठाउँमा तपाईं सधैं निवास गर्नुहोस् तथा सबैको मनोकामना पूर्ण गरिदिबक्सियोस् ।' ब्राह्मणहरूको

यस्तो माँग सुनेर ती ब्राह्मणहरूको मनोवाञ्छा सिद्ध गराउँदै 'महाकालेश्वर' को नामले सदाशिव सधैं उसै ठाउँमा विराजमान होइवक्सियो । यी महाकालेश्वर महादेव भगवान् सबै दर्शनार्थीहरूको दुःख दूर गरिदिवक्सिन्छ र पूजासमेत गर्नेहरूको त सारा पापै सखाप पारिदिएर ती भक्तका सारा मनोरथ पुऱ्याइदिवक्सिन्छ ।

महाकालको महिमा

सूतजी भन्नुहुन्छ––हे ब्राह्मणहरूहो ! अब तपाईंहरू महाकालेश्वर भगवान् शिवको महिमा सुन्नुहोस्, जो अत्यन्त अद्भुत छ ।

उज्जैन नामको नगरीमा उहिले कुनै चन्द्रसेन नामका राजा राज्य गर्दथे । यिनै चन्द्रसेन राजाको कुनै मणिभद्र नामको व्यक्तिका साथ मित्रता थियो । मणिभद्र सदाशिवका सेवक थिए । एकपल्ट राजा चन्द्रसेन-उपर शिवभक्त मणिभद्र अत्यन्त प्रसन्न भए । प्रसन्नतामा उनले राजालाई आफूसित भएको कौस्तुभमणि प्रदान गरे, जुन मणि सूर्य समान प्रकाशमान थियो । त्यो त्यस्तो मणि पाएपछि त राजा त्यसलाई आफ्नू गलामा धारण गरेर सूर्य-समान चम्कन लागे । त्यो त्यस्तो मणि तिनका साथमा देखेर अरू राजाहरू उनका साथ ईर्ष्या गर्न लागे र त्यो मणि हत्याउने प्रयत्न गर्न लागे ।

कति राजाले त चन्द्रसेनसित त्यो मणि माँगे पनि । परन्तु राजाले कसैलाई पनि त्यो मणि दिएनन् । माँग्नेहरूमध्ये कतिलाई त फटकारी पनि दिए । त्यस कामले केही राजाहरू चन्द्रसेनसित रिसाएर लड्न तम्सिए । चन्द्रसेनले पनि युद्धको तयारी गरे । ईर्ष्यालु राजाहरू आफ्नू-आफ्नू चतुरङ्गिणी सेना लिएर चन्द्रसेनसित लडाइँ लड्न आए । त्यो लाम देखेर चन्द्रसेनले तत्काल महाकालेश्वर महादेवको शरण लिए । त्यसै समयमा त्यहाँ

यौटी गोपी आई । त्यसको काखमा यौटा बालक थियो; जो लगभग पाँच वर्षको थियो । त्यो गोपी विधवा थिई । ती दुवै आमा–छोरा त्यहीं बसेर राजाले गरेको शिवजीको पूजा हेर्न लागे र पूजा सकिएपछि आफ्नू बालकलाई लिएर गोपी आफ्नू घर आई ।

घर पुगेपछि त्यस पाँच वर्षको बालकको मनमा 'म पनि राजाले गरे जस्तै गरी शिवको पूजा गर्छु' भन्ने भावना आयो । यस्तो विचार गरेर उसले कुनै नदीको किनाराबाट यौटा चिटिक्क परेको ढुङ्गो उठाएर ल्यायो र त्यसैलाई शिवलिङ्ग मानी धूप, दीप, नैवेद्य आदि मनैले सम्झेर मानसोपचार पूजा गर्न थाल्यो । यत्तिकैमा उसकी आमा गोपीले स्नेहपूर्वक उसलाई खाना खानका लागि बोलाई । परन्तु उसको बालक शिवपूजनमा मग्न थियो । उसकी आमालाई उ के गरिरहेको छ क्यै अत्तोपत्तो थिएन ! शिवपूजामा तन्मनस्क बालकले आफ्नी आमाले बोलाएको पटक्कै सुन्दै सुनेन । त्यस-कारण त्यसकी आमा उसलाई बोलाउन स्वयं उहाँ आई । उसले आफ्नू बालकलाई आँखा बन्द गरेर पद्मासन कसेर आसनमा ध्यानमग्न बसेको देखी । तब उसकी आमाले उसलाई उसको पाखुरामा टप्प समाएर तानी । अनि ऊ उस बालकलाई हकार्न लागी । उसकी आमाले त्यस बालकको सामने रहेको, बालकले भक्तिभावले पूजा गरिएको त्यो चिटिक्क परेको ढुङ्गोलाई जुरुक्क उठाएर दौडदै बाहिर गई र कतै हुर्‍याइदिई । अनि आएर उसले आफ्नू बालकलाई उसको पाखुरामा च्याप्प समाएर घिस्याउँदै घिचा-उन लगी । तर त्यो बालक 'शिव ! शिव !' भन्दै व्याकुल भएर पृथ्वीमा पच्छारियो र उ बेहोश भयो । त्यस्तो तमाशा देखेर त्यसकी आमा पनि मूर्च्छा परी । केही समयपछि बालकलाई होश आयो त उसले आफूलाई महाकाल बाबाको मन्दिरमा बसिरहेको पायो जहाँ भगवान् शिवको रत्नमय ज्योतिर्लिङ्ग स्थित छ ।

आफूलाई महाकाल बाबाको ज्योतिर्लिङ्गनेर बसेको देखेर महाकाल बाबालाई उ बारम्बार प्रणाम गर्न लाग्यो । त्यसपछि भगवान् शिवलाई मनमा

सम्झँदै उ घरतिर दगुऱ्यो । घरमा पुगेपछि उसले आफ्नू घरलाई अति सुन्दर देखेर उ आश्चर्यचकित भयो । अनि आमालाई हेऱ्यो । उ पनि त्यतिखेर यौटा रत्नजडित पलङ्गमाथि सुतिरहेकी देखिइन् । आमाले अमूल्य गहनागुरिया पहिरेकी थिइन् । तब त्यस बालकले अति प्रसन्न भएर आफ्नी आमालाई बिउँझायो र सदाशिव प्रसन्न हुनुभएको सारा समाचार सुनायो । गोपी पनि घरको स्थिति देखेर र छोराको कुरो सुनेर अति प्रसन्न भई ।

यता राजाको शिवपूजनको नियम समाप्त भयो त उनले त्यस बालकमाथि शिवको कृपा भएको समाचार सुने । अनि ती राजा आफ्ना मन्त्रीहरूका साथ त्यस बालकको घरमा गए । उहाँ पुगेर त्यहाँ घहेको भगवान् शङ्करको प्रभाव देखे त उनको आश्चर्यको सीमा रहेन । राजा तथा उनका मन्त्री र त्यस ग्रामवासी मनुष्यहरू मिलेर त्यस रातभरि ठूलो उत्सव मनाए । भोलिपल्ट बिहान त्यो समाचार पूरा उज्जैन नगरभरि फैलियो । गोपीको घरमा नगरवासीहरूको भीड़ जम्न थाल्यो । चन्द्रसेन राजामाथि आक्रमण गर्न आएका शत्रु राजाहरूले पनि त्यो समाचार सुने । अनि उनीहरूले ठाने कि उज्जैन नगरीमाथि त भगवान् महाकाल बाबाको भारी कृपा रहेछ । उज्जैनको राजा चन्द्रसेन महाकाल शिवको परम भक्त छन्, त्यसकारण हामी उनलाई जित्न सक्तैनौं । बरु उनीसित मित्रता गर्नुमा नै हाम्रो कल्याण छ भन्ने सोचेर सबै शत्रु राजाहरू गोपीको घरमा शङ्करजीको दर्शन गर्न आए । त्यहाँ पुगेर शिवमा बालकको भक्ति तथा त्यस ज्योतिर्लिङ्गको दर्शन गरेर ती सकल राजाहरू अति आनन्दित भए । अनि ती सबै शत्रु राजाको साथ चन्द्रसेनको स्थायी मित्रता भयो ।

त्यसपछि त्यहाँ प्रत्यक्ष रूपले हनुमानजी प्रकट भए । उनको दर्शन गरेर सबै राजाहरू असाध्यै आनन्दित भए । श्रद्धा-भक्तिका साथ प्रेमपूर्वक सबैले हनुमान्‌को पूजा गरे । हनुमान्‌जीले पनि गोपीको बालकलाई उठाएर आफ्नू छातीमा टाँसे, प्रेमपूर्वक अङ्कमाल गरे, मायाले मायालु म्वाइँ खाए ।

अनि त्यहाँ उपस्थित सबै राजाहरू र प्रजासमूहलाई सम्बोधन गर्दै हनुमान्ले भन्नुभयो–'ए मेरा प्यारा भाइ-बहिनीहो ! सबै चराचर जगत्को कल्याण-कर्ता भगवान् शिव हुनुहुन्छ । यस गोपीको बालकले राजा चन्द्रसेनलाई शिवजीको पूजा गरिरहेको देखेको थियो । अनि घरमा आएर त्यस्तै प्रकारले यसले पनि मानसोपचार पूजा गऱ्यो । त्यसको परिणाम यो भयो कि यस बालकको परम कल्याण भयो । जो तपाईंहरू सबैले देखिरहनु-भएको छ ! जीवनान्तमा पनि यस बालकले परम मोक्षपद प्राप्त गर्नेछ । यसको कुलमा आठौं पिढ़ी तल पुगेपछि महायज्ञ पुरुष पैदा हुनेछ, जसको नाम नन्द रहने छ । ती नन्दको घरमा विष्णुको अवतार श्रीकृष्ण पुत्ररूपले प्राप्त हुनुहुने छ । यस बालकको नाम यस जन्ममा श्रीकट नामले प्रसिद्ध हुनेछ !' यति सबैलाई सुनाएर सबैका सामु हनुमान्जी अन्तर्धान हुनुभयो । चन्द्रसेनले आगन्तुक सबै राजाहरूको सत्कार गरे । त्यसपछि शत्रु बनेर आएका सबै राजाहरू परम मित्र बनेर आफ्नो राजधानीतर्फ गए । अनि प्रत्यक्ष फलभोगले परम विश्वासमा परेका चन्द्रसेन तथा श्रीकटले जीवनभर विधिपूर्वक भगवान् शङ्करको आराधना गरेर ती दुवैले यस लोकमा सारा सुख-भोग गरेर अन्त्यमा मरेपछि वैकुण्ठ धाममा प्राप्त भए । अनेक जन्ममा सिद्धि हुने दुर्लभ मोक्षपद एकै जन्ममा पाए । शिव-कृपाको यो बडो राम्रो माहात्म्य हो । यस माहात्म्यको श्रवण मात्र गऱ्यो भने पनि सबैका सबै प्रकारका दुःख दूर हुन्छन् र ती-माथि सधैं भगवान् शङ्करको कृपा भइरहने छ ।

ॐकारेश्वरको महिमा

सूतजी भन्नुहुन्छ—'हे मुनिहरूहो ! तपाईंहरू मबाट शिवको ॐकारेश्वर नामको ज्योतिर्लिङ्गको माहात्म्य ध्यानपूर्वक मन लाएर सुन्नुहोस् । उहिल्यै कुनै समयको कुरो हो कि नारद मुनिले गोकर्ण नामक शिवजीको

पूजा गर्नुभयो। त्यसपछि नारदजी सरासर विन्ध्याचल पुग्नुभयो। उनले मनुष्य रूप धारेर यानी मनुष्यरूपमा प्रकट भएर नारदजीको आदर-सत्कार गरे। त्यसपछि विन्ध्याचललाई अभिमान भयो र उ नारदजीको सामने आफूलाई सर्वपर्वतश्रेष्ठ ठानेर नारदजीको सामने बिना आज्ञा थ्याच्च-थेच्चियो। तब नारदजीले उसको भाव बुझेर उसलाई भन्नुभयो—'हे विन्ध्य ! तिमी सर्व-पर्वत-श्रेष्ठ छौ भन्ने कुरामा त कुनै सन्देहै छैन। तिमीमा नै सर्वपर्वत व्याप्त छन्। किन्तु सुमेरु भने तिमीमा व्याप्त छैंन। किनकि सुमेरु पर्वत सबै पर्वतमा श्रेष्ठ छ। तिमी सबै गुणहरूले सम्पन्न भएर पनि सुमेरुका सामने त साहँ साना छौ।

नारदजीको मुखारविन्दबाट त्यस्तो वचन सुनेपछि विन्ध्याचल बहुतै व्याकुल भयो र आफूलाई धिक्कार्न लाग्यो कि 'मेरो जीवन तँ व्यर्थै छ। साँच्चै नै म निन्दाको पात्र हुँ। अब म आफूलाई सुधार्नका लागि भगवान् शङ्करको आराधना (तपस्या) गर्छु-गर्छु।'

यस्तो सोचेर उसले सरासर ॐकारेश्वर क्षेत्रमा गएर शिवको पार्थिव लिङ्ग बनायो र त्यसलाई त्यहीं स्थापित गरी छः महीनासम्म उसैलाई भगवान् शिव ठानी विधिपूर्वक शिवपूजन गर्‍यागर्‍यै गर्‍यो। त्यसको त्यस्तो परम तपस्याले भगवान् शिव प्रसन्न हुनुभो र उसलाई भन्नुभो—'हे विन्ध्य ! तिमीमाथि म अति प्रसन्न छु। अब तिमी आफ्नू इच्छा अनुसारको वर मसित माँग।'

तब विन्ध्यले शिवलाई दण्डवत् प्रणाम गरेर सादर बिन्ती गर्‍यो—'हे नाथ ! यदि तपाईं ममथि प्रसन्न हुनुहुन्छ भने मेरो बुद्धिलाई श्रेष्ठ विचार प्रदान गर्नुहोस्।' शिवले पनि 'तथाऽस्तु' भनिदिनुभयो। त्यसपछि त्यहाँका सबै ऋषि मुनिहरूले शिवलाई अब सधैं उहीं बसिदिन प्रार्थना गरे। शङ्करजी पनि जगत्को कल्याणको लागि वहीं एक अंशले विराजमान हुनुभयो।

हे ऋषीश्वरहो ! त्यस क्षेत्रमा ॐकारेश्वर तथा परमेश्वर यी दुइटा

नाउँले शिवजी उहाँ विराजमान हुनुहुन्छ । किन्तु दुवै एकै रूप हुन् । ती दुवै रूपमा कुनै भेद छैन । यी दुवै नै शिवलिङ्ग स्वर्ग वा मोक्षादिको फल दिनेवाला हुन् । यस्ता प्रकारले विन्ध्याचलले शिवबाट मनचाहा वरदान पाएर भगवान्को चरणारविन्दमा प्रेम गर्न थाल्यो । शिवजी पनि आफ्ना भक्तलाई अनुग्रह गर्दै उहाँबाट अन्तर्धान हुनुभयो ।

श्रीकेदारेश्वरको महिमा

सूतजी भन्नुहुन्छ—हे मुनिहरूहो ! अब मबाट तपाईंहरू विष्णु भगवान्को स्वरूप नारायण भगवान्ले बद्रिकाश्रममा गएर तपस्या गर्नुभएको आख्यान सुन । उहिले नै नारायणले बद्रिकाश्रममा गएर कठिन तपस्या गर्नु-भयो । नारायणको पवित्र भक्तिले प्रसन्न हुनुभएका शिवजी पनि उहीं पार्थिव लिङ्गमा प्रकट भएर नारायणद्वारा गरिएको पूजा सहर्ष अङ्गीकार गर्नुहुन्थ्यो । यस्तै प्रकारले ती दुवैको धेरै समय त्यहीं बित्यो । तब एक दिन भगवान् शिवले नर-नारायणलाई वरदान माँग्न भन्नुभयो । नारायण भगवान्ले शिवजीलाई भन्नुभयो—'हे नाथ ! कृपापूर्वक तपाईं साक्षात् रूपले यहीं विराजमान होइबक्सियोस् ।' तब नारायणको प्रार्थनाको वशीभूत भएर तबदेखि सदाशिव ज्योर्तिलिङ्ग रूपले वहीं विराजमान हुनुभयो । अनि त्यो ज्योतिर्लिङ्ग केदारेश्वर नामले प्रसिद्ध भयो । जो जन जीवनमा केदार गएर केदारेश्वर ज्योतिर्लिङ्गको दर्शन वा पूजन गर्दछन् तिनका सबै कामना (इच्छा) हरू स्वतः पूरा हुन्छन् ।

अघि कुनै एक दिनको कुरो हो—पाण्डवहरूले यहाँ शंकरजीलाई महिष (राङ्गे) को स्वरूपमा देखिलिए । पाण्डवहरू त्यस राङ्गेनेर पुगे त महिष-रूप शिवजी भाग्न लाग्नुभयो । किन्तु पाण्डवहरूले त्यस राङ्गाको पुच्छर पक्रि-लिए र प्रार्थना गरे कि हे प्रभो ! तपाईं भाग्ने प्रयास नगर्नुहोस् ! तपाईं

साक्षात् शिव हुनुहुन्छ । हामीले हजुरलाई चिनिलियौ । शङ्करजीको कृपाले पाण्डवका सबै दुःख दूर भएर पाण्डवहरूलाई शिवले तीनीहरूले चिताएको वर दिनुभयो । हे ऋषीश्वरहरूहो ! जो जन केदारेश्वरको पूजा अर्चना गर्दछ उसका मनोरथ पूरा हुन्छन् ।

भीमेश्वर शिवको उत्पत्ति

सूतजी भन्नुहुन्छ—'हे ऋषिहरूहो ! एक दिन कसैले भीम नामक राक्षस भाठौं गएर उसलाई भने की यहाँका राजा तपाईंको नाशका लागि कुनै अनुष्ठान गर्दैछन् ।' यस्तो समाचार सुनेर त्यो भीम सरासर राजा भाठौं गयो र तरवार हातमा लिएर राजालाई फट्कार्न लाग्यो । तब राजाले शिवलाई मनमा स्मरण गर्दै भीमलाई भने कि—'म त जगत्-रक्षक शिवको स्मरण-पूजन गरिरहेको छु । मलाई तेरो कुनै प्रकारको भय छैन ।' राजाको यस्तो कुरो सुन्यो र त्यस राक्षसले भन्यो—'त्यो साले शिवे मेरो के बिगार्न सक्छ । त्यसलाई मैले राम्रोसित चिनेको छु ।' यति भनेर उसले आफ्नू तरवाट शिवलिङ्गमाथि मार्‍यो । तबै शिवजी त्यस पार्थिव लिङ्गबाट प्रकट हुनुभो । अनि शिवले त्यस भीमको तरवार र त्रिशूल दुवै उसका हातबाट खोसेर कच्याककुचुक पारी फ्याँकिदिनुभो र उससँग युद्ध गर्न लाग्नुभो ! शिवगणले पनि राक्षसी सेनासित घोर युद्ध गरे । त्यस युद्धले पृथ्वी, वन, पर्वत सबै थर-थर काँपे । अनि त नारदजीको प्रार्थना सुनेर शिवले हुंकार द्वारा नै अग्नि उत्पन्न गर्नुभयो । त्यसै अग्निको ज्वालाले उस भीमलाई त्यहीं भस्म पारिदियो ।

त्यस भीम राक्षसको भस्मबाट त्यहाँ अनेक किसिमका औषधि हुने जड़ी-बूटीहरू उत्पन्न भए । जुन औषधिहरू समस्त रोगलाई नाश गर्नेवाला छन् र मङ्गलदायक छन् । त्यसपछि सबै ऋषि-मुनिहरू तथा देवताहरूले शिवजीको प्रार्थना गरे र शिवमा बिन्ती बिसाए—'हे नाथ ! अब तपाईं

चराचर जगत्को कल्याणको लागि यसै ठाउँमा विराजिइरहनोस् ।' तबदेखि आफ्नू कुनै यौटा अंशले शिवजी उहीं विराजमान हुनुभयो । त्यस शिवलिङ्ग-को नाम 'भीमशङ्कर शिव' राखियो । ती शिव संसारको कल्याणकारक तथा दुःख नाशक हुनुहुन्छ ।

श्रीविश्वेश्वर शिवको महिमा

सूतजी भन्दै हुनुहुन्थ्यो—हे ऋषिहरू हो ! काशीमा रहेको अवि-मुक्तेश्वर शिवलिङ्गको महिमा तपाईंहरूलाई म सुनाउँदछु, ध्यानपूर्वक सुन्नु-होस् । त्यस अविमुक्तेश्वर शिवलिङ्गको महिमाको बारेमा अघि कुनै समयमा पार्वतीले स्वयं सदाशिवसँगै सोध्नुभएको थियो । तब शङ्कर भगवान्ले जगदम्बा पार्वतीलाई त्यसको महिमा यसरी सुनाउनु भएको थियो । शिवजीले पार्वतीजीलाई भन्नुभयो—'हे प्रिये ! सबै प्राणीहरूलाई भुक्ति-मुक्ति दिने-वाला परम पवित्र काशीधाम छ । त्यो धाम मेरो नै निवास-स्थान हो । सिद्ध पुरुषहरू काशी धाममा आएर मेरा अनेक रूपहरूको वर्णन गर्दछन् । मेरा ज्ञानी भक्तहरू भले अरू तीर्थहरूको सेवन गरून् परन्तु काशीधाम नै उनलाई मुक्त पार्दछ । अन्य तीर्थहरूको सच्चा सेवनको फलले अन्त्यमा उ काशी पुगेरै देह छाड्छ । त्यस काशीपुरीमा कुनै उमेर वा अवस्थाको मानिस मरे पनि त्यसको मुक्ति अवश्य हुन्छ अर्थात् त्यो अवश्य मोक्ष हुन्छ । पवित्र या अपवित्र, कन्या होस्, या प्रौढा, वृद्धा जोसुकैको पनि त्यहाँ मृत्यु भयो भने त्यसको मुक्ति अवश्य हुन्छ । हे उमे ! मेरो त्यो काशी धाम अत्यन्त गोपनीय छ । ब्रह्मा, विष्णु आदि देवताहरूले पनि काशीको महिमा पूराका पूरा जान्न सकेका हुँदैनन् । जुन मुक्ति प्राप्त गर्नका लागि योगीजन जन्मजन्मान्तरसम्म तपस्या गर्दछन् त्यो मुक्ति काशीमा मर्नेलाई स्वतः प्राप्त हुन्छ । अधर्मीभन्दा अधर्मी जन पनि काशीमा देह त्याग गऱ्यो भने जन्म-मृत्युको आवागमनको चक्करबाट सहजै पार पाउँछन् भने जो विचारपूर्वक

श्रद्धासहित भगवान् शंकरको ध्यान, अर्चन, स्मरण एवं तप गर्दछन् भने उनका पुण्यको महिमा त कल्याणी स्वयं सरस्वती पनि वर्णन गर्न असमर्थ रहनेछिन्। ती त मेरो स्वरूपमा विलाइजान्छन्। परन्तु हे पार्वती ! जो त्यस परम पवित्र पुण्यस्थली काशीमा रहेर उत्तर-वाहिनी गङ्गाको तोकिएको तटक्षेत्रभरि दुष्कर्म गर्दछन् उसले त दश हजार दिव्य वर्षसम्म रौरव नरकको दुःख-भोग भोग्नैपर्छ। तर त्यस पुण्यदायी पश्चिमी तटक्षेत्रभित्र गरिएका शुभकर्महरू स्वर्गदायक हुन्छन्।

हे देवी पार्वती ! कर्म तीन प्रकारका हुन्छन्–(१) पहिलो जन्ममा सञ्चित कर्म, (२) यसै जन्ममा गरिएका कर्म, (३) यी दुवै फलस्वरूप जो कर्म वर्तमान मर्त्य शरीरले भोगिइरहेका छन् ती कर्मलाई 'प्रारब्ध कर्म' भन्दछन्। यिनमध्ये सञ्चित तथा क्रियमाण कर्म काशीपुरीको अलावा अरू ठाउँमा गरिएको शुभ कर्मले भलीभाँति निखिएर समाप्त हुँदैनन्। जसले पूर्वजन्ममा काशीपुरीमा निवास गरेको छ त्यो नै मानिस अर्को जन्ममा काशीमा मृत्यु (मर्न) पाउँछ। त्यहाँ उत्तरवाहिनी गङ्गालाई पूर्व पारेर पूर्व फर्केर त्यस पवित्र गङ्गाधारमा जो जन स्नान गर्दछन्, त्यस स्नानका पुण्य फलले उसका सबै कर्म-बन्धन काटिन्छन् या नष्ट हुन्छन्। आफ्नू कुनै पुण्य-प्रतापले नै काशीको वास मिल्दछ।

गौतमको प्रभाव

सूतजी भन्नुहुन्छ—हे ऋषीश्वरहो ! प्राचीन कालका कुनै वर्षहरूमा महर्षि गौतमले दक्षिण भारतको ब्रह्म पर्वतमा रहेर सिद्धि प्राप्तिका लागि दश हजार वर्षसम्म कठिन तपस्या गरे। त्यसै अवधिमा ठूलो अनिकाल पनि परेको थियो। पूरा सय वर्षसम्म पानी नपरेकोले पिउने पानी मिल्न पनि मुश्किल परेको थियो। तब गौतमले वरुणदेवको आराधना गरे। आराधना

गरेको छः महीना पुगेपछि उनी प्रकट भएर भने कि—'हे गौतम ! तिमी यथेच्छित वरदान माँग ।' त्यस्ता प्रकारको वरुणको वाणी सुनेर गौतम ऋषिले भन्नुभो—'हे वरुणदेवता ! यतिखेर सारा चराचर प्राणी वर्षा-विना पानी नपाएर व्याकुल छन् । ती प्राणीहरूलाई सुखी र खुशी पार्नका लागि म वर्षा चाहन्छु ।' गौतमको त्यस्तो वाणी सुनेर वरुण देवताले भन्नुभो—हे गौतम ! यस कामका लागि म स्वतन्त्र छैन, म आफ्ना मनले यो काम गर्नसक्तिनँ । यसका लागि मलाई शङ्कर भगवान्को आज्ञा चाहिन्छ किनकि हामी सबै अधिकारीहरू शङ्करजीको अधीनमा छौं । तसर्थ तपाईं यो-बाहेक अर्कै वर माग्नुहोस् ।'

वरुणको त्यस्तो वाणी सुनेर गौतमजीले वरुणलाई भन्नुभयो—'हे देवेश ! मलाई यसको अतिरिक्त अरू कुनै प्रकारको वरको आवश्यकता छैन । यदि तपाईं मेरा उपर सन्तुष्ट हुनुहुन्छ भने जल-वर्षण नौ वर दिनुहोस् । किनकि यसभन्दा अधिक महान् पुण्य अर्को हुँदैन ।' तब वरुणले भन्नुभयो—'हे गौतमजी ! यस विषयमा मेरो कुनै अधिकार छैन । यदि तपाईं जलवर्षण नै चाहनुहुन्छ भने यौटा खाल्टो खन्नुहोस्, त्यसलाई म पानीले भरिदिन्छु, जुन खाल्डो जति पानी झिके पनि कहिल्यै रित्तिदैन पानी खाली हुँदैन । यसले संसारमा तपाईंका नामको कीर्ति पनि हुनेछ ।' तब गौतमजीले तुरुन्तै त्यहीं यौटा खाल्डो खन्नुभो । त्यो खाल्डो एक हात लम्बा एक हात चौडा थियो । तब वरुणले त्यस खाल्डोलाई पानीले भरिदिनुभो र भन्नुभयो—'हे गौतमजी ! यस डुबुल्काको जलले यहाँ गरिएका दान, हवन, देवपूजन, तप, पितृ-श्राद्ध आदि सबै सफल हुनेछन् ।' गौतमजीलाई यति भनेर वरुणजी सहसा त्यहीं अन्तर्धान हुनुभयो । वरुणको त्यस कार्यले गौतमजी अति प्रसन्न हुनुभो । त्यसै जलका बलले जौ आदि अन्न उब्जाए । जसले सारा जीव-जन्तु सन्तुष्ट भएर अति प्रसन्न भए । गौतमको कृपाले त्यो ठाउँ सदासर्वदाका लागि ऋद्धि-सिद्धिदायक भएको छ ।

महर्षि गौतमलाई गो-हत्याको दोष

सूतजी भन्नुहुन्छ–हे मुनिहरूहो ! कुनै समयको कुरो हो–गौतम ऋषिका शिष्यगण गौतमको आज्ञाले गौतमले अघि तयार पारेको डुबुल्काको पानी लिन त्यस ठाउँमा गए । त्यसै बेला त्यहाँ पानी भर्न त्यहाँका ऋषि-पत्नीहरू पनि आए । ती ऋषिपत्नीहरूले गौतमका शिष्यगणलाई–'पहिले हामीलाई पानी भर्न दिनुहोस्, त्यसपछि तपाईंहरू आफ्नू कमण्डलुमा जल भर्नुहोला' भने । यति भन्दै उनीहरूले तिनलाई केही फट्कारे पनि । तब गौतमका शिष्यहरू फन्किएर जल नै नलीकन फर्केर आश्रममा आए । अहिल्याजी उनीहरूलाई सम्झाई-बुझाईकन आफैं जल भर्न जानुभो र उहाँले आफैंले जल ल्याएर गौतम ऋषिलाई दिनुभो । त्यस दिनदेखि शिष्यहरू-लाई जल लिन नपठाएर अहिल्याजी स्वयं जान लाग्नुभो । त्यस्तैमा कुनै दिन ती ऋषिपत्नीहरूले अहिल्यालाई राम्रा-नराम्रा कुरा कहे । त्यसपछि आश्रममा गएर आफ्नो पतिलाई पनि हामीलाई अहिल्या पानी भर्न दिन्नन् भनी फत्तुर लाए । उनीहरूले आफ्नो पतिलाई–'अहिल्या च्याँठिएर हामीलाई भन्दछिन् कि मेरा पतिले नै त वरुणदेवलाई प्रसन्न पारेर यो डोबरो वरमा पाउनुभएको हो । तिमीहरूको यस पनेरामा के अधिकार छ ?' भन्छिन् भन्ने झुटामुटा कुरा लाए ।

आफ्ना पत्नीहरूका कुरा पत्याउने ऋषिहरू पानीबारे तिनका त्यस्ता कुरा सुनेर गौतमजीका उपर क्रुद्ध भए र उनलाई सताउनका लागि डाँडो कटाउने योजना बनाएर गणपतिको पूजा आराधना गर्न लागे । तब निकै दिनपछि गणपति प्रत्यक्ष प्रकट भएर भने–'तपाईंहरूसँग म प्रसन्न छु, तपाईंहरू वर माँग्नुहोस् ।' तब ती मुनिहरूले भने–'हे स्वामिन् ! यदि हाम्रा उपर तपाईं प्रसन्न हुनुहुन्छ भने तपाईंबाट हामी यो वरदान चाहन्छौं कि महर्षि गौतम यो ठाउँ छोडेर अन्तै कहीं जाऊन् ।' ती मुनिहरूको

त्यस्तो कुटिल कुरो सुनेर गणपतिले मुस्कुराउँदै भन्नुभयो–'हे मुनिहरूहो! महर्षि गौतम त निरपराध हुनुहुन्छ, तसर्थ उहाँलाई दण्ड दिनु अनुचित छ। यस कामले तपाईंहरूको नै अमङ्गल हुनेछ। गौतमजी त बड़ो परोपकारी हुनुहुन्छ। उहाँमित द्वेष गर्न छोडिदिनुहोस्। अरु नै कुनै वरदान माग्नुहोस्।' त्यसरी गणेशजीले बार-बार सम्झाउँदा पनि मुनिहरू आफ्नै अड्डीमा डटिरहे। अनि गणेशजीले यदि तपाईंहरू आफ्नू हठ छोड्नुहुन्न भने 'त्यस्तै होस्' भनेर त्यहाँबाट अन्तर्धान हुनुभो।

मुनिहरूलाई उनीहरूको मन-माफिकको वरदान दिएपछि आफूले दिएको वरदान सार्थक साँचो गराउनका लागि गणेशजीले यौटा दुब्लो गाईको रूप धारण गर्नुभयो र गौतमजीले लाएका जौ–बालीमा गई चर्न लाग्नुभो। गौतमले एक दिन छेस्किनु हातमा लिएर त्यस गाईलाई आफ्नू खेतबाट बाहिर धपाउन लाग्नुभो। गाईले 'हः हः' को हकारलाई टेर पुच्छर नलाएकोले सिर्कनुले स्वाँट्ठ सोट्ठ्याउँदैमा त्यो गाई पुर्लुक्कै पल्टियो र भुतुक्कै मरि पनि गयो। त्यो गाईको त्यस्तो हालत देखेर गौतमजीलाई भारी पश्चात्ताप पऱ्यो। अनि उनले आफ्नी पत्नीलाई पुकारेर भने कि–'नमालूम शङ्कर भगवान् ममाथि रिसाउनुभएको छ कि क्या हो? र त आज यो गोहत्या मलाई लाग्यो।' त्यसै समय ती कपटी मुनिहरू पनि उहाँ आइपुगे र गौतमजीलाई, उनकी पत्नी अहिल्याजीलाई र उनका शिष्य प्रशिष्यहरूलाई यस्तो र उस्तो भन्दै अनेक फत्तुर लाए। मुनिहरूले गौतमजीलाई–'हे गौतमजी, अब तिमी यस ठाउँमा रहन योग्य छैनौ। तसर्थ आफ्नी पत्नी र आफ्ना शिष्यहरूलाई लिएर कतै अन्तै गएर बस! किनकि तिमी गोहत्या गर्ने गौघाती हौ' भने। यति उनलाई भनेर ती मुनिहरू गौतमका ऊपर दुङ्गा र मूढा वर्षाउन लागे। तिनीहरूको त्यस्तो व्यवहारले र गो-हत्याका पीरले पिरिएका गौतमजी आफ्नी पत्नी र शिष्य प्रशिष्यहरूलाई साथै लिएर त्यस ठाउँबाट एक कोश पर गएर रहन थाले। पन्ध्र

दिनपछि गौतमजीले ती ऋषिहरूका पास आएर आफ्नू प्रायश्चित्तका बारेमा उनीहरूलाई सोध्नुभो । तब ती कपटी ऋषिहरूले गौतमलाई—'हे गौतम ! अब तिमी आफ्नू पापलाई सर्वत्र प्रख्यात गर, अनि सारा पृथ्वी-लाई तीन परिक्रमा गर । यदि तिमी यो काम गर्न सक्तौन भने आफ्नू तपस्याद्वारा गङ्गाजीलाई यहीं प्रकट रूपमा बोलाएर उसैमा स्नान गर । त्यसपछि एक करोड़पल्ट शिवको पार्थिव पूजन गर । तब मात्र यस महा-पापबाट छुट्कारा पाउनेछौ' भने ।

ती मुनिहरूको त्यस्तो आज्ञा पाएपछि गौतमजी त्यहाँबाट हिडे । अनि सरासर गई पहिले ब्रह्मगिरिएको परिक्रमा गरी अनि शिवको पार्थिव लिङ्ग बनाई त्यसैमा विधिपूर्वक शिवजीको पूजा गर्न थाले । साथै उनकी पत्नी अहिल्या पनि एकाग्र मनले शिव-पूजन नित्यप्रति गर्न लागिन् ।

त्र्यम्बकेश्वरको उत्पत्ति र महिमा

सूतजी भन्दै हुनुहुन्छ—हे ऋषिहरूहो ! त्यस्ता प्रकारले गौतम ऋषि र उनकी धर्मपत्नी अहिल्याले मिलेर शिवको आराधना गरे । तिनीहरूको एकनिष्ठ तपस्याले गर्दा भगवान् शङ्कर आपना गणहरू-सहित त्यहाँ प्रकट हुनुभो । तब गौतमजीले शिवलाई बार-बार दण्डवत् प्रणाम गरेर स्तुति गर्न लाग्नुभयो—'हे नाथ ! मलाई यस गो-हत्याको पापबाट छुटाइबक्सियोस् ।' उनको त्यस्तो स्तुतिले प्रसन्न भएर सदाशिव भन्न लाग्नुभो—'हे गौतमजी ! तिमी त एकदम निर्दोष छौ । त्यो गोहत्या त ती दुराचारी पाखण्डी पण्डित-हरूको माया थियो । जुन मायाका कारणले तिमीलाई यति दुःख भोग्नु पऱ्यो ।' तब गौतमजीले भन्नुभयो—'प्रभो ! ती दुष्टात्माहरूले मेरा साथ दुष्टता त गरे, परन्तु तिनको त्यो दुष्टता पनि मेरा लागि भलो नै भयो, किनकि त्यसैको कारणले नै तपाईंको दर्शन गर्न पाएँ ।' तब शङ्करजीले प्रसन्नतापूर्वक उनलाई वरदान माँग भन्नुभयो । शिवको त्यस्तो आज्ञा

पाएर गौतमजीले विन्ती गर्नुभयो—'हे प्रभो ! अब प्रभुले पतित-पावनी गङ्गाजीलाई यहाँ प्रकट गरिदिबक्सियोस्, जसले गर्दा अरू प्राणीहरूको पनि कल्याण हुन सकोस् ।'

सूतजी भन्दै गइरहनुभएको छ कि अनि शङ्कर भगवान्ले गौतमजी-लाई गङ्गाजल दिनुभयो । तब तिनै गङ्गाजी स्त्रीरूपले साक्षात् रूपले त्यहाँ प्रकट हुनुभयो । त्यसपछि गौतमजीले गङ्गालाई प्रणाम गरेर उनको बारम्बार स्तुति गरे ।

स्तुति गर्दा ऋषिले भन्नुभो—'हे पतित-पावनी गङ्गे ! तपाईं समस्त पापलाई नाश पारेर गङ्गास्नान गर्ने जति सबैलाई मुक्ति प्रदान गर्नेवाली हुनुहुन्छ । म तपाईंको शरणमा छु, मलाई पवित्र पारिदिबक्सियोस् र नरक-बाट मलाई बचाइबक्सियोस् ।

त्यसपछि शङ्कर भगवान्ले गङ्गाजीलाई भन्नुभयो—'हे गङ्गे ! मेरो आज्ञा मानेर तिमीले गौतमजीको र गौतमका परिवारको सारा पाप पखाली सकुटुम्ब गौतमलाई पापरहित गराइद्यौ ।' तब गङ्गाजीले भन्नुभो—'हे प्रभो ! तपाईंको आज्ञा शिरोधार्य छ । म अब यिनलाई सकुटुम्ब पवित्र पारेर मात्रै तपाईंको लोकमा जानेछु ।' तब शङ्करजी भन्नुहुन्छ—'हे कल्याणी ! अब तिमी कलियुगको अट्ठाइसौं मन्वन्तर समाप्त नभएसम्म यसै पृथ्वीतलमै रहिरहू ।' अनि फेरि गङ्गाजीले भन्नुभयो—'हे भगवन् ! यो कुरो त तबमात्र सम्भव हुनसक्छ, जब पार्वतीका साथ तपाईं पनि शरीर धारण गरेर यहीं मेरो समीपमै रहिबक्सन्छ भने, अनि संसारमा मेरो कीर्ति होइ-रहन्छ भने तब मात्र पृथ्वीमा म रहिरहन सक्छु ।'

तब त्यसबारे शङ्करजी उनलाई सम्झाउँदै भन्न लाग्नुभयो—'हे देवि ! तिमी र ममा भेदै के छ ? हामी त यौटै रूप हौं । तैपनि तिमी चाहन्छ्यौ भने तिम्रो समीपमै म निवास गरुँला' भनी त्यसै वेलादेखि त्यहाँ भगवान्